# मध्यमकालीन खर्च संरचना

(आ.व. २०७९/८० - २०८१/८२)

# Medium Term Expenditure Framework

(Fiscal Year 2022/23 - 2024/25)




**अमरगढी नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**डडेलधुरा, सुदूरपश्चिम प्रदेश, नेपाल**

**२०७९**

## मध्यमकालीन खर्च संरचना (आ.व. २०७९/८० – २०८१/८२)


**प्रकाशक** : **अमरगढी नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय


**सर्वाधिकार** : प्रकाशकमा


**प्रकाशन मिति** : २०७९

**प्राविधिक सहयोग:**

Reorienting Public Finance for SDGs Acceleration and Leveraging Additional Resources in Nepal Project



**सम्पर्कका लागि** : नगर कार्यपालिकाको कार्यालय
अमरगढी, डडेलधुरा, सुदूरपश्चिम प्रदेश, नेपाल
फोन नं.: ०९६-४१०२२२ ०९६-४१००२२
ईमेल: ito.amargadhimun@gmail.com; info@amagadhimun.gov.np

अमरगढी नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
सुदूरपश्चिम प्रदेश ,डडेल्धुरा

०९६४१०२२२
०९६४१००५२
०९६४१००२२

E-mail: ito.amargadhimun@gmail.com,
info@amargadhimun.gov.np

प.स.०७९/०८०
च.नं. ६५

अमरगढी नगरपालिका नगर कार्यपालिकाको कार्यालय डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

## मन्तव्य

अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले सङ्घ तथा प्रदेश सहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। अमरगढी नगरपालिकाले संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमलगायतका राष्ट्र सङ्घीय निकायहरूको प्राविधिक सहयोगमा यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ ।

मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु स्थानीय तहको कानुनी दायित्व हो । मध्यमकालीन खर्च संरचनाले अन्तरराष्ट्रिय प्रतिवद्धता, दिगो विकासका लक्ष्यहरु, स्थानीय आवश्यकता, जनचाहना र उपलब्ध सम्भावनामा आधारित रही विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न सहयोग पुर्‍याँउछ। मध्यकालीन खर्च संरचनाले आवधिक योजनालाई वार्षिक नीति तथा योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउछ । यस नगरपालिकाले हालसम्म आवधिक योजना तर्जुमा नगरिसकेको र निकट भविष्यमा नै तय गर्ने कार्ययोजना रहेको हुँदा नगरपालिकाका विद्यमान विभिन्न नीतिहरू, विषयगत योजनाहरू, प्रदेश तथा सङ्घ सरकारसँग सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ । यसको तयारीमा सहयोग पुऱ्याउनु हुने विज्ञ धन्यवादको पात्र हुनुहुन्छ ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण औजार हो। तसर्थ यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छ। अघिल्लो शताब्दीको उत्तरार्द्ध देखि निरन्तर बढ्दै गएको विपद् तथा जलवायुजन्य जोखिम एवम् विकासशील देशहरूमा देखिनेखालका कमजोर प्रकृतिको विकासबाट सिर्जना भईरहेका र भविष्यमा हुनसक्ने समस्याहरू सम्बोधनका लागि यस मध्यमकालिन खर्च संरचनाले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यहरु, पन्ध्रौ आवधिक योजना तथा नगरपालिकाका विभिन्न दस्तावेजहरुले पहिचान गरेका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यो अमरगढी नगरपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गर्ने प्रक्रियामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान पुऱ्याउनु हुने सम्पूर्ण जनप्रतिनिधि, कर्मचारी, सरोकारवालाहरु, संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम तथा विज्ञ टोलीलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

(डिल्ली राज जोशी)
नगर प्रमुख

**डिल्ली राज जोशी**
**नगर प्रमुख**

अमरगढी नगरपालिका
**नगरकार्यपालिकाको कार्यालय**
सुदूरपश्चिम प्रदेश ,डडेल्धुरा

०९६४१०२२२
०९६४१००५२
०९६४१००२२

प.स.०७९/०८०
च.नं. ६८

E-mail: ito.amargadhimun@gmail.com, info@amargadhimun.gov.np

# प्राक्कथन

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ । अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले पनि मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ । यो मध्यमकालीन खर्च संरचनासम्बन्धित सबै कानुनी व्यवस्थाहरूका आधारमा स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुऱ्याउनुका अतिरिक्त नगरपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूलाई थप व्यवस्थित गर्न तथा सोको लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान पुग्नेछ ।

विगत दशकहरूमा जलवायुजन्य विषमता एवम् विपद्का अन्य घटना, तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ । यसको असर यस नगरपालिकामा पनि निरन्तर बढ्दो रुपमा महसुस गरिएको छ । ती सवालहरुको सम्वोधनका लागि यस नगरपालिकामा केही प्रयासहरु पनि भएको छ । पछिल्ला समयमा देखिएका समस्याहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु नगरपालिकाको प्राथमिकता र वर्तमान अवस्थामा एउटा सान्दर्भिक काम हो ।

संयुक्त राष्ट्रसंघले विश्वको साझा हितका लागि दिगो विकास लक्ष्य जारी गरेको छ । यसको परिपालना गर्ने नेपाल सरकारले पूर्ण प्रतिबद्धता समेत गरेको छ। दिगो विकासको लक्ष्यहरुको प्राप्तिमा तिनै तहका सरकारका तर्फबाट विभिन्न प्रयासहरु भईरहेको छ। यस नगरपालिकाले पनि दिगो विकासमैत्री नीति, योजना र कार्यक्रमहरु तय गरी कार्यान्वयन पनि गरिरहेको छ। दिगो विकास लक्ष्यहरू विश्वका साझा हितका विषय हुनुका साथै स्थानीय सरकारको काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषयहरू रहेका हुनाले दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाले यस नगरपालिकाका सम्पूर्ण विकास प्रयासलाई दिगो विकास उन्मुख गराउन महत्वपूर्ण टेवा पुऱ्याउने छ ।

दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट यस नगरपालिकामार्फत् खर्च गरिने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र दिगो विकास लक्ष्य उन्मुख सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने छ ।

अन्तमा, यस अमरगढी नगरपालिकाको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि प्राविधिक सहयोग गर्ने संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम लगायतका राष्ट्र सङ्घीय निकायहरू, प्राविधिक सहयोग प्रदान गर्ने एसडिआइसि एवम् विज्ञ सन्जु के.सी. लगायतको विज्ञ समुहलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

..................
(शेर बहादुर बुढा)
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची

**परिच्छेद एक : परिचय** ...... १
१.१ पृष्ठभूमि ...... १
१.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा ...... १
१.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य ...... १
१.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ...... २
१.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य ...... २
१.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया ...... ४
**परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना** ...... ८
२.१ पृष्ठभूमि ...... ८
२.२ चूनौति तथा अवसर ...... ८
२.३ सोच, उद्देश्य तथा रणनीति ...... ९
२.४ मध्यमकालीन आर्थिक खाका ...... ११
२.५ मध्यमकालीन नतिजा खाका ...... ११
२.६ मध्यमकालीन बजेट खाका ...... १२
२.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट ...... १३
२.८ विषय क्षेत्रगत बाँडफाँट ...... १५
**परिच्छेद तीन : आर्थिक क्षेत्र** ...... १७
**३.१ कृषि तथा खाद्य सुरक्षा** ...... १७
३.१.१ पृष्ठभूमि ...... १७
३.१.२ समस्या तथा चूनौति ...... १७
३.१.३ सोच ...... १८
३.१.४ उद्देश्य ...... १८
३.१.५ रणनीति ...... १८
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... १८
३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... १९
३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... १९
३.१.९ जोखिम पक्ष तथा अनुमान ...... १९
**३.२ सिंचाई** ...... १९
३.२.१ पृष्ठभूमि ...... १९
३.२.२ समस्या तथा चुनौति ...... १९
३.२.३ सोच ...... २०
३.२.४ उद्देश्य ...... २०
३.२.५ रणनीति ...... २०
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ...... २०
३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ...... २०
३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ...... २०
३.२.९ जोखिम पक्ष तथा अनुमान ...... २१
**३.३ पशुपंछी विकास** ...... २१
३.३.१ पृष्ठभूमि ...... २१
३.३.२ समस्या तथा चूनौति ...... २१

३.३.३ सोच......२१
३.३.४ उद्देश्य ......२१
३.३.५ रणनीति......२२
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......२२
३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......२२
३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......२२
३.३.९ जोखिम पक्ष तथा अनुमान ......२३
**३.४ उद्योग व्यापार र व्यवसाय......२३**
३.४.१ पृष्ठभूमि......२३
३.४.२ समस्या तथा चूनौति ......२३
३.४.३ सोच......२३
३.४.४ उद्देश्य......२४
३.४.५ रणनीति......२४
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......२४
३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......२४
३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......२४
३.४.९ जोखिम पक्ष तथा अनुमान ......२५
**३.५ पर्यटन तथा संस्कृति......२५**
३.५.१ पृष्ठभूमि ......२५
३.५.२ समस्या तथा चूनौति......२५
३.५.३ सोच ......२५
३.५.४ उद्देश्य......२५
३.५.५ रणनीति ......२५
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......२५
३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ......२६
३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण......२६
३.५.९ जोखिम पक्ष तथा अनुमान......२६
**३.६ भूमी व्यवस्था, सहकारी र वित्तीय सेवा......२६**
३.६.१ पृष्ठभूमि ......२६
३.६.२ समस्या तथा चूनौति......२७
३.६.३ सोच......२७
३.६.४ उद्देश्य ......२७
३.६.५ रणनीति......२७
३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......२७
३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान......२८
३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......२८
३.६.९ जोखिम पक्ष तथा अनुमान ......२८
**३.७ श्रम तथा रोजगारी......२८**
३.७.१ पृष्ठभूमि ......२८
३.७.२ समस्या तथा चनौति......२९
३.७.३ सोच ......२९
३.७.४ उद्देश्य ......२९

३.७.५ रणनीति ........ २९
३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २९
३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३०
३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३०
३.७.९ जोखिम पक्ष तथा अनुमान ........ ३०
**३.८ गरिबी निवारण ........ ३०**
३.८.१ पृष्ठभूमि ........ ३०
३.८.२ समस्या तथा चूनौति ........ ३१
३.८.३ सोच ........ ३१
३.८.४ उद्देश्य ........ ३१
३.८.५ रणनीति ........ ३१
३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३१
३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३२
३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३२
३.८.९ जोखिम पक्ष तथा अनुमान ........ ३२
**परिच्छेद चार : सामाजिक क्षेत्र ........ ३३**
**४.१ शिक्षा, विज्ञान तथा प्रविधि ........ ३३**
४.१.१ पृष्ठभूमि ........ ३३
४.१.२ समस्या तथा चूनौति ........ ३३
४.१.३ सोच ........ ३३
४.१.४ उद्देश्य ........ ३३
४.१.५ रणनीति ........ ३४
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३४
४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३४
४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३५
४.१.९ अनुमान तथा जोखिम ........ ३५
**४.२ स्वास्थ्य तथा पोषण ........ ३५**
४.२.१ पृष्ठभूमि ........ ३५
४.२.२ समस्या तथा चूनौति ........ ३६
४.२.३ सोच ........ ३६
४.२.४ उद्देश्य ........ ३६
४.२.५ रणनीति ........ ३६
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३६
४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ३७
४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ३७
४.२.९ जोखिमपक्ष तथा अनुमान ........ ३८
**४.३ खानेपानी तथा सरसरफाई ........ ३८**
४.३.१ पृष्ठभूमि ........ ३८
४.३.२ समस्या तथा चूनौति ........ ३८
४.३.३ सोच ........ ३८
४.३.४ उद्देश्य ........ ३८

४.३.५ रणनीति ....................................................................................................................................... ३९
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........................................................................................ ३९
४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................................................ ३९
४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................................................. ३९
४.३.९ जोखिम पक्ष तथा अनुमान ............................................................................................................ ४०
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ......................................................................................... ४०**
४.४.१ पृष्ठभूमि ......................................................................................................................................... ४०
४.४.२ समस्या तथा चूनौति........................................................................................................................ ४०
४.४.३ सोच ............................................................................................................................................. ४०
४.४.४ उद्देश्य ........................................................................................................................................... ४०
४.४.५ रणनीति ......................................................................................................................................... ४१
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................................................................................... ४१
४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ............................................................................ ४२
४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................................................. ४२
४.४.९ जोखिम पक्ष तथा अनुमान............................................................................................................. ४३
**४.५ युवा तथा खेलकुद ........................................................................................................................ ४३**
४.५.१ पृष्ठभूमि ......................................................................................................................................... ४३
४.५.२ समस्या तथा चूनौति ....................................................................................................................... ४३
४.५.३ सोच .............................................................................................................................................. ४३
४.५.४ उद्देश्य ........................................................................................................................................... ४३
४.५.५ रणनीति ......................................................................................................................................... ४३
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................................................................................... ४४
४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान............................................................................ ४४
४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ............................................................................................. ४४
४.५.९ जोखिम पक्ष तथा अनुमान............................................................................................................. ४४
**४.६ सामाजिक सुरक्षा र पञ्जीकरण ...................................................................................................... ४५**
४.६.१ पृष्ठभूमि.......................................................................................................................................... ४५
४.६.२ समस्या तथा चूनौति ....................................................................................................................... ४५
४.६.३ सोच.............................................................................................................................................. ४५
४.६.४ उद्देश्य............................................................................................................................................ ४५
४.६.५ रणनीति.......................................................................................................................................... ४५
४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ......................................................................................... ४६
४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान............................................................................ ४६
४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.............................................................................................. ४६
४.६.९ जोखिम पक्ष तथा अनुमान ............................................................................................................ ४६
**परिच्छेद पाच : पूर्वाधार क्षेत्र ......................................................................................................... ४६**
**५.१ आवास, भवन तथा शहरी विकास ................................................................................................. ४७**
५.१.१ पृष्ठभूमि ......................................................................................................................................... ४७
५.१.२ समस्या तथा चूनौति........................................................................................................................ ४७
५.१.३ सोच ............................................................................................................................................. ४७
५.१.४ उद्देश्य ........................................................................................................................................... ४७

५.१.५ रणनीति ........ ४८
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४८
५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ४८
५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ४८
५.१.९ जोखिम पक्ष तथा अनुमान........ ४९
**५.२ सडक, पुल तथा यातायात........ ४९**
५.२.१ पृष्ठभूमि........ ४९
५.२.२ समस्या तथा चूनौति........ ४९
५.२.३ सोच........ ५०
५.२.४ उद्देश्य........ ५०
५.२.५ रणनीति........ ५०
५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५०
५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५१
५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ५१
५.२.९ जोखिम पक्ष तथा अनुमान........ ५१
**५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा........ ५१**
५.३.१ पृष्ठभूमि........ ५१
५.३.२ समस्या तथा चूनौति........ ५२
५.३.३ सोच........ ५२
५.३.४ उद्देश्य........ ५२
५.३.५ रणनीति........ ५२
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५२
५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५३
५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ५३
५.३.९ जोखिम पक्ष तथा अनूमान........ ५३
**५.४ सूचना तथा सञ्चार प्रविधि........ ५३**
५.४.१ पृष्ठभूमि........ ५३
५.४.२ समस्या तथा चूनौती........ ५४
५४.३ सोच........ ५४
५.४.४ उद्देश्य........ ५४
५.४.५ रणनीति........ ५४
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ५४
५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान........ ५४
५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण........ ५५
५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान........ ५५
**परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन........ ५६**
**६.१ वन, भुसंरक्षण तथा जैविक विविधता........ ५६**
६.१.१ पृष्ठभूमि........ ५६
६.१.२ समस्या तथा चूनौति........ ५६
६.१.३ सोच........ ५६
६.१.४ उद्देश्य........ ५७

६.१.५ रणनीति ........ ५७
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५७
६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५७
६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५७
६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५८
**६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ........ ५८**
६.२.१ पृष्ठभूमि ........ ५८
६.२.२ समस्या तथा चुनौति ........ ५८
६.२.३ सोंच ........ ५८
६.२.४ उद्देश्य ........ ५८
६.२.५ रणनीति ........ ५९
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५९
६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ५९
६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ५९
६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ५९
**६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन ........ ६०**
६.३.१ पृष्ठभूमि ........ ६०
६.३.२ समस्या तथा चूनौति ........ ६०
६.३.३ सोच ........ ६१
६.३.४ उद्देश्य ........ ६१
६.३.५ रणनीति ........ ६१
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६१
६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६२
६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६२
६.३.९ जोखिम पक्ष तथा अनुमान ........ ६२
**परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६३**
**७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६३**
७.१.१ पृष्ठभूमि ........ ६३
७.१.२ समस्या तथा चूनौति ........ ६३
७.१.३ सोच ........ ६३
७.१.४ उद्देश्य ........ ६३
७.१.५ रणनीति ........ ६४
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६४
७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........ ६४
७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ........ ६४
७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान ........ ६५
**७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह ........ ६५**
७.२.१ पृष्ठभूमि ........ ६५
७.२.२ समस्या तथा चूनौति ........ ६५
७.२.३ सोच ........ ६५
७.२.४ उद्देश्य ........ ६५

७.२.५ रणनीति ........................................................................................................................६५
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य.......................................................................................६६
७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान ........................................................................६६
७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण.......................................................................................६६
७.२.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................................................६६
**७.३ राजस्व तथा स्रोत परिचालन ..................................................................................................६६**
७.३.१ पृष्ठभूमि ..................................................................................................................................६६
७.३.२ समस्या तथा चूनौति...............................................................................................................६७
७.३.३ सोच ......................................................................................................................................६७
७.३.४ उद्देश्य ....................................................................................................................................६७
७.३.५ रणनीति ..................................................................................................................................६७
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य......................................................................................६७
७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान .......................................................................६७
७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण ......................................................................................६८
७.३.९ जोखिम पक्ष तथा पूर्वानुमान ....................................................................................................६८
**७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ..................................................................................६८**
७.४.१ पृष्ठभूमि ..................................................................................................................................६८
७.४.२ समस्या तथा चूनौति ...............................................................................................................६८
७.४.३ सोच ......................................................................................................................................६९
७.४.४ उद्देश्य ....................................................................................................................................६९
७.४.५ रणनीति...................................................................................................................................६९
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य .....................................................................................६९
७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान.......................................................................६९
७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण .....................................................................................७०
७.४.९ जोखिम पक्ष तथा पूर्वानुमान ...................................................................................................७०
अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन ................................................७१
अनुसूची २ : अमरगढी नपाको मध्यमकालीन खर्च संरचना तथा आगामि बर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन........७२
अनुसूची ३ : तीन आ.व.को खर्च स्रोतको अनुमान, कार्यक्रम आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण........७९

# तालिका सूची

तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य (प्रचलित मूल्यमा) .......................... ११
तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य .......................................... ११
तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा) ....................................... १३
तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा) ...............१४
तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)..........१४
तालिका २.६ : दीगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा).......१४
तालिका २.७ : लैङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रु.हजारमा)..... १५
तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण(रु.हजारमा) .... १५
तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)..............१५

# परिच्छेद एक : परिचय

## १.१ पृष्ठभूमि

नेपालमा सङ्घीयताको अभ्याससँगै स्थानीय सरकारको क्षमता विकास, नीतिगत व्यवस्था र सोही अनुसारका अभ्यासहरुका लागि आधारहरु तयार गरिदै आएको छ। आवधिक योजनाले लिएका समष्टिगत तथा विषयगत लक्ष्य र उद्देश्य हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका प्रस्तुत गर्दछ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नका निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ। यो दस्तावेज तयारीमा अमरगढी नगरपालिकाको कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा, वडा कार्यालय सँग राय परामर्श गरी त्रिवर्षीय आवद्यिक योजना, नगरपालिकामा उपलब्ध अन्य सूचना र चालु आर्थिक वर्षको बार्षिक कार्यक्रमलाई आधार बनाईएको छ। पहिलो पटक अमरगढी नगरपालिकाको आगामी तीन वर्षको खर्चको प्रक्षेपणसहित मध्यमकालीन खर्च संरचना (२०७९/८०-२०८१/८२) तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने सार्वजनिक वित्त व्यवस्थापनको एक औजारको रूपमा रहेको छ। यस संरचनामा मुख्यतः समष्टिगत आर्थिक खाका, नतिजा खाका र बजेट खाका गरी तीन वटा अवयवहरु समावेश गरिएको हुन्छ।

चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका ( Medium Term Fiscal Framework - MTFF) निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य स्रोत समेत आकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिन्छ। यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ।

मध्यमकालीन खर्च संरचनामा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र खर्चको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धिहरुको समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आकलन गर्नुपर्ने हुन्छ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

अमरगढी नगरपालिकाको पहिलो मध्यमकालीन खर्च संरचना २०७८/०८०-२०८१/८२ नगरपालिकाको समग्र विकासको प्राथमिकता प्राप्त कार्यक्रमहरुले निरन्तरता पाउन सहयोग पुग्नेछ । त्यस्तै लगानी तथा

कार्यान्वयनको सुनिश्चिततताको माध्यमद्धारा दिगो विकासका लक्ष्यहरुमा नेपालले गरेका प्रतिवद्धताहरुको प्राप्तिमा पनि सहयोग पुग्ने अपेक्षा गरिएको छ। यस खर्च संरचनाले नगरको दीर्घकालीन सोच **'सफा, स्वच्छ, सुन्दर, हराभरा नगरः सम्पुर्ण नगरवासीको गौरवपूर्ण रहर'** र आवद्यिक योजनाहरु, प्रदेश तथा राष्ट्रिय लक्ष्य प्राप्तिमा समेत योगदान पुऱ्याउने विश्वास लिइएको छ । यस मध्यमकालीन खर्च संरचनालाई सरल र यथार्थपरक बनाउन विषय क्षेत्रगत उपलब्धिका आधारमा मध्यमकालीन लक्ष्य निर्धारण गरी सोही बमोजिम स्रोत तथा खर्चको अनुमान तथा प्रक्षेपण गरिएको छ । यसबाट नगरपालिकाको आगामी आर्थिक वर्षहरुको बजेट तर्जुमा प्रक्रिया बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । यसका अतिरिक्त मध्यमकालीन खर्च संरचनाको माध्यमबाट देहाय बमोजिमको उद्देश्य हासिल हुने अपेक्षा गरिएको छ :

(क) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री वनाई नेपालले निर्धारण गरेका लक्ष्य सन २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्ने ।

ख) नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तादाम्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउने ।

(ग) आयोजना तथा कार्यक्रमको प्राथमिकीकरण गरी प्राथमिकता प्राप्त आयोजना तथा कार्यक्रमको लागि स्रोतको सुनिश्चितता गर्ने ।

(घ) नगरपालिकामा उपलब्ध हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट तर्जुमालाई ययार्थपरक बनाउने । र

(ङ) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाई लक्षित प्रतिफल सुनिश्चित गर्ने ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवम् स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्ममकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौं राष्ट्रिय योजना (२०७६/७७-२०८१/८२)
- सुदुर पश्चिम प्रदेशको पहिलो आवधिक योजना (२०७६/७७-२०८१/८२)
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम (आ.व.२०७७/७८)
- अमरगढी नगरपालिकाको आवधिक योजना (२०७८/७९-२०८२/८३)
- नगरका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु
- नगर पार्श्वचित्र (प्रोफाईल) २०७५

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकासका लक्ष्यहरु विश्वव्यापी साझा प्रतिवद्धताहरु हुन् । सन् २०३० सम्मका लागि संयुक्त राष्ट्र संघका १९३ सदस्य राष्ट्रहरुले विश्वव्यापी रुपमा तयार गरिएका १७ वटा साहसिक लक्ष्यहरुले सन् २०३० सम्ममा

सबै प्रकारका गरिवीको उन्मुलन गरी मानव, पृथ्वी र समृद्धिको लागि एक समान, न्यायपूर्ण र सुरक्षित विश्व निर्माणको परिकल्पना गरेको छ । दिगो विकासका लक्ष्यहरु विश्वव्यापी विकास र समृद्धिका एजेण्डाहरु हुन् । लक्ष्यहरु व्यापक छन् । महत्वकांक्षी छन् । एकिकृत र अविभाज्य छन् । यद्यपी प्राप्त गर्नका लागि चूनौतीपूर्ण छन् । कोभिडका कारण पनि दिगो विकासका लक्ष्यहरु समयमा नै प्राप्तिका लागि थप चुनौतीहरु थपिएका छन् । दिगो विकासका लक्ष्यहरुमा मुख्य रुपमा तीन वटा आयामहरु रहेका छन् । आर्थिक विकास, सामाजिक विकास र वातावरणीय विकास गरी सन्तुलित विकाशको परिकल्पना गरेको छ । दिगो विकासका लक्ष्यहरुले विशेषगरी समाजका सबै तहका र तप्काका नागरिक जसलाई विकाशका लाभहरु प्रत्यक्ष रुपमा पुग्न सकेको हुदैन । त्यसका लागि विकाशको लाभबाट कोही पनि पछि नपरुन् अर्थात "Leaving no one behind" प्रतिज्ञा गरिएको छ । यसले समतामुलक र न्यायपुर्ण विकाशको परिकल्पना गरेको छ ।

सन् २००० देखी २०१५ सम्मको अवधीका लागि सहश्राव्दी विकाशका लक्ष्यहरु तय गरी कार्यान्वयन गरिएको थियो । सहश्राव्दी विकाशका लक्ष्यहरुमा गरिवी न्यूनिकरण गर्ने, शिक्षा स्वास्थ्यमा पहुँच पुर्‍याउने तथा लैङ्गिक समानता कायम गर्ने लगायतका ८ वटा लक्ष्यहरु थिए । सहश्राव्दी विकाशका लक्ष्यहरु अवधीमा भएका उपलब्धीहरुको निरन्तरता तथा थप लक्ष्यहरुको प्राप्तिका लागि १७ वटा लक्ष्यहरु सहित दिगो विकाशका लक्ष्यहरु तय गरिएको छ । दिगो विकास लक्ष्यहरुको उपलब्धी मापनका लागि १६९ वटा विश्वव्यापी सूचकहरु तय गरिएका छन् । राष्ट्रिय योजना आयोगले दिगो विकासका लक्ष्यहरुको सुचकहरुको स्थानीयकरण गरी थप सुचकहरु जम्मा ४७९ सुचकहरु तयार गरी कार्यान्वयनका लागि प्रतिवद्धता जनाएको छ ।

दिगो विकासका पाँच स्तम्भहरु रहेका छन् जसमा पृथ्वी, मानव, समृद्धि, शान्ति र साझेदारी रहेका छन् । जस अन्तरगत दिगो विकाशका लक्ष्यहरु पृथ्वीमा रहेका प्राकृतिक साधनस्रोत र वातावरण भावी पुस्ताका लागि संरक्षण गर्ने, सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने र मर्यादा एवम् समानता कायम गर्ने, प्रकृतिसँग सामन्जस्यता कामय गर्दै समृद्ध र सम्मुनत जीवनको सुनिश्चित गर्ने, शान्तिपूर्ण न्यायसंगत र समावेशी समाजको निर्माण गर्ने र सशक्त विश्वव्यापी साझेदारीद्धारा दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन गरी १७ लक्ष्यहरुको प्राप्ति गर्ने लक्ष्य रहेका छन् ।

नेपाल सरकारका तर्फबाट राष्ट्रिय योजना आयोग र संङ्घिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र अन्य विभिन्न मन्त्रालयहरु तथा सम्वन्धित निकायहरुले दिगो विकाशका लक्ष्यहरुको स्थानीयकरणमा काम गरिरहेका छन् । विशेषगरी जनताको सबैभन्दा नजिकको सरकारको रुपमा रहेका स्थानीय सरकारको तहमा दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी स्थानीय सरकारका नीति, कार्यक्रम, स्रोतको व्यवस्थापन तथा बाँडफाड र प्राप्त उपलब्धीहरुलाई दिगो विकाशका लक्ष्यहरुका आधारमा अभिलेखीकरण गर्नका लागि स्थानीय तहहरुको क्षमता विकास, दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित गरी नीति, कार्यक्रमहरु तय गर्ने र बजेटहरुको बाँडफाँड र विकाशका कामहरुमा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित गरेर कार्यान्वयन गर्नु आवश्यक छ । स्थानीय सरकारले तयार गर्ने आवधिक योजना, विषयगत योजना, मध्यकालिन खर्च संरचना तथा योजना, वार्षिक योजनाहरु तय गर्दा र सोको उपलब्धीहरु मापन गर्दा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित गरेर गर्नु आवश्यक हुन्छ । अहिले कार्यान्वयनमा रहेको पन्ध्रौ योजना दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित गरी दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन गर्ने गरी गरिएको छ । यसबाट विभिन्न तहका सरकारहरुको तहमा भएका प्रयासहरु र त्यसका उपलब्धीहरुका तथ्य तथ्यांक एकिकृत रुपमा एउटै सुचकहरुमा अभिलेखीकरण भई भएका प्रगतिहरुको मापन गर्न पनि सहज हुन पुग्दछ ।

अमरगढी नगरपालिका नागरिकको आधारभुत सेवा प्रदायक भएकाले दिगो विकासका लक्ष्यहरुको कार्यान्वयन हुँदा नागरिकको तहका गरिएका प्रयासहरु र भएका उपलब्धीहरु दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित हुन पुग्दछ । तुलनात्मक रुपमा विकाशका प्रयासहरुको नेतृत्व र सहजीकरण गर्ने दायित्व स्थानीय सरकारकै

हुन्छ । नागरिकसँग प्रत्यक्ष स्थानीय सरकार नै जोडिएको हुन्छ । अहिले रहेका १६९ सुचकहरुमध्ये करिब ६५ प्रतिशत सुचक स्थानीय तहहरुसँग नै सम्वन्धित रहेका छन् । त्यसैले दिगो विकासका लक्ष्यहरुको प्राप्तिसँग सम्वन्धित अधिकांश लगानी स्थानीय तहको नेतृत्वमा हुनु आवश्यक छ । स्थानीय तहहरुले स्थानीय लक्ष्य तथा सो प्राप्तिका लागि मार्गचित्र निर्धारण गर्नुपर्दछ। लक्ष्य प्राप्तिका लागि आवश्यक नीति, रणनीति, कार्यनीति एवम् कार्यक्रमहरु स्थानीय तहहरुले बनाउनु पर्दछ। यसका लागि स्थानीय सरकारले पनि निजी क्षेत्र, साझेदार निकाय, गैरसरकारी संस्थाहरु, नागरिक समाज लगायतका सबै सरोकारवालाहरुसँग साझेदारी र सहकार्य गर्नु आवश्यक छ ।

नगरपालिकाका योजनाहरुको पहिचान, छनौट, तर्जुमा, कार्यान्वयन, अनुगमन र मुल्यांकनमा दिगो विकासका लक्ष्यहरुको आन्तरिकिकरण र अन्तरसम्वन्धित गरिनु पर्दछ । स्थानीय तहले वार्षिक र आवधिक सुचकहरुमा केन्द्रित भई लक्ष्य निर्धारण तथा कार्यक्रम तर्जुमा गर्नुपर्दछ। यसले स्थानीय तहमा दिगो विकासका लक्ष्यहरुको स्वामित्ववोध पनि हुन्छ। दिगो विकासका लक्ष्यहरुको कार्यान्वयनका लागि उच्च प्राथमिकताका साथ स्रोतको व्यवस्थापन हुनु पर्दछ । स्रोतको व्यवस्थापन बिना दिगो विकासका लक्ष्यहरु प्राप्त हुन सक्दैन । मध्यकालिन खर्च संरचना तयार गर्दै गर्दा दिगो विकासका लक्ष्यहरुसँग अन्तरसम्वन्धित गरिएमा मात्र दिगो विकास लक्ष्यहरुको कार्यान्वयनमा सार्वजनिक वित्तको महत्व पनि प्रमाणित हुन सक्दछ। स्रोतको व्यवस्थापन हुन्छ। मध्यकालिन खर्च संरचनामा तय गरिएका व्यवस्थाहरु कार्यान्वयन पनि हुन्छ र दिगो विकासका लक्ष्यहरु पनि प्राप्तिमा सहयोग पुग्दछ । त्यसैले यस अमरगढी नगरपालिकाको मध्यकालिन खर्च संरचना निर्माणमा दिगो विकाशका लक्ष्यहरु र सोका सुचकहरुको आन्तरिकिकरण र अन्तरसम्वन्धित गरी तयार गरिएको छ ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

संङघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको (१) “स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन २०७८, (परिमार्जित)”, (२) “स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांङ्केतीकरण स्रोत पुस्तिका, २०७९” र (३) “स्थानीयतहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगि स्रोत पुस्तिका, २०७९” लाई आधारमानी यो दिगो विकासमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

### *प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोलि परिचालन परिचालन*

मध्यमकालीन खर्च संरचना तर्जुमाका लागि विज्ञ परामर्शदाताको नियुक्त गरि परामर्शदाताका लागि विषयगत तथा प्राविधिक तालिम उपलब्ध गराईयो । सो पश्चात अमरगढी नगरपालिकामा मध्यमकालीन खर्च संरचना तयारीको प्रारम्भमा प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण एवम् परिचालन गरियो। अभिमुखीकरण कार्यक्रममा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवम् औजारहरू, तयारीका लागि गर्नुपर्ने कार्य, समय सीमा र भूमिका एवम् जिम्मेवारी सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूसँग छलफल गरी समान बुझाई गरिएको थियो ।

### *प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवम् अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा*

नगरपालिकाको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि, गुरुयोजना लगायतका विभिन्न सान्दर्भिक दस्तावेज संकलन, अध्ययन एवम् विश्लेषण गरियो । अध्ययन एवम् समीक्षा गरिएका प्रमुख सन्दर्भ सामग्रीहरु :

- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवम् सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७७
- नेपाल सरकारको दीर्घकालीन सोच, पन्धौं राष्ट्रिय योजना, प्रदेश तथा नगरपालिकाका आवधिक योजनाहरु
- संघ तथा प्रदेशको सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन
- अमरगढी नगरपालिकाका सान्दर्भिक नीति, कानून तथा प्रतिवेदन आदि ।
- नगरको आवधिक योजना (२०७८/७९-२०८२/८३)
- नगरको पार्श्वचित्र (प्रोफाईल) २०७५
- नगरपालिकाको आ.व. २०७५/०७६-२०७८/७९ का वाषिक बजेट तथा कार्यक्रमहरू

### *प्रक्रिया ३ : सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमका प्रतिनिधिसँग छलफल*

मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको टोली प्रतिनिधिसँग मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी बैठकको आयोजना गरियो । उक्त बैठकको छलफलबाट मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार, दस्तावेजको ढाँचा सम्बन्धमा समान धारणा निर्माण गरियो । सो छलफलमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना समेत तयार गरियो ।

### *प्रक्रिया ४: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा*

अमरगढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवम् कार्ययोजना सम्बन्धमा तयारी बैठकको आयोजना गरी छलफल गरियो । छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो । साथै, बैठकमा आएका सुझाब तथा पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो ।

### *प्रक्रिया ५: प्रारम्भिक प्रतिवेदन तथा कार्यक्षेत्र योजना तयारी तथा पेश*

मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा सन्दर्भ सामाग्री अध्ययन तथा विश्लेषण, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमका प्रतिनिधिहरुसँग छलफल गरी सोको निष्कर्षका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया, औजार, दस्तावेजको ढाँचा र कार्ययोजना निर्धारण गरियो ।

### *प्रक्रिया ६: अभिमुखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना*

मध्यमकालीन खर्च संरचनाको अवधारणा, ढाँचा, प्रक्रिया, औजार र संस्थागत व्यवस्थाको सम्बन्धमा सरोकारवालासँग छलफल गरी साझा बुभाइ तयार गर्ने उद्देश्यले २०७९ जेष्ठ २४ प्रमुख प्रशासकिय अधिकृतको अध्यक्षता तथा सबै शाखा प्रमुखहरु तथा कर्मचारीहरुको को सहभागितामा अमरगढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना सम्वन्धी अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना गरिएको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचनाको अवधारणा, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र

कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता कायम गरियो । कार्यशालाको अन्तमा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन गरि कार्य योजनाको स्वीकृति गरियो । कार्यदलको विवरण **अनुसूची १** मा प्रस्तुत छ ।

### *प्रक्रिया ७: विषयगत समिति तथा शाखासँग परामर्श*

विषयगत समिति/एकाइसँग परामर्श तथा छलफल गरि चालु आवधिक योजना, विषयगत रणनीतिक योजना र वार्षिक योजनाको उपलब्धिका बारेमा समीक्षा गरियो । छलफलबाट प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना, सम्भाव्यता अध्ययन र लागत अनुमान विवरणको आधारमा विषय क्षेत्रगत योजनाको सूची तयार गरियो । आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण समेत गरियो ।

### *प्रक्रिया ८: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

नगरपालिकाको विगतका आर्थिक वर्षहरूको श्रोतको उपलब्धता एवम् भावि सम्भाव्यताका आधारमा आन्तरिक स्रोत, राजश्व बाँडफाँड, अन्तर-सरकारी वित्तीय हस्तान्तरण लगायत अन्यबाट श्रोतको अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च, चालु तथा बहुवर्षीय आयोजना र आवधिक, विषयगत क्षेत्र रणनीतिका र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा आगामी तीन वर्षको बजेट सीमा निर्धारण गरियो । निर्धारित बजेट सीमाको आधारमा सबै विषयगत शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

### *प्रक्रिया ९: क्षेत्रगत योजना तर्जुमा*

विषयगत समितिका पदाधिकारीहरु तथा शाखा/एकाइका कर्मचारीहरुको सहभागितामा छलफल तथा वैठक गरी मध्यमकालीन खर्च संरचना तयारीका लागि प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्षका आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्ने र प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैङ्गिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको साँकेतीकरण गरियो ।

### *प्रक्रिया १०: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी*

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदालाई विषयगत क्षेत्र योजना तर्जुमा कार्यशालामा छलफल गरी खर्च संरचनालाई एकीकृत विषयगत मध्यमकालीन संरचना तयार गरियो ।

### *प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग रायपरामर्श गरी निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी अमरगढी नगरपालिको मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाकाको साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस समावेश गरिएको छ ।

### *प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला*

मध्यमकालीन खर्च संरचनाको मस्यौदाको प्रस्तुति, छलफल तथा आवश्यक सुझाव संकलनको उद्देश्यले नगर प्रमुख, उप प्रमुख, कार्यपालिका सदस्यहरु, प्रमुख प्रशासकिय अधिकृत, शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागितामा २०७९ असार ३ गते मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति कार्यशाला

आयोजना गरिएको थियो । कार्यशालामा विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरी प्रस्तुती तथा छलफल गरिएको थियो । मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरु प्रस्तुति गरियो । सो मस्यौदामा प्राप्त सुझाव अनुसार आवश्यक सूचना तथा तथ्यांक थप गरियो । अन्तमा विषयगत, उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतिककरण समेत गरियो ।

### *प्रक्रिया १३: मध्यमकालीन खर्च संरचनाको परिमार्जित मस्यौदा तयारी*

मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति तथा छलफल कार्यशाला तथा नगरपालिकाका विभिन्न शाखाहरुबाट प्राप्त सुझावहरु समेटी मस्यौदा दस्तावेजलाई आवश्यक परिमार्जन गरियो । यस क्रममा मस्यौदा दस्तावेजमा नपुग भएका आवशयक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन गरी यस परिमार्जित मस्यौदामा समेटीएको छ ।

### *प्रक्रिया १४: मध्यमकालीन खर्च संरचनाको स्वीकृति*

बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त नगर सभामा पेश गरी स्वीकृत गरियो ।

# परिच्छेद दुई : मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले लोककल्याणकारी राज्यको अवधारणा समाज उन्मुख आर्थिक प्रणाली अवलम्वन गर्ने भनी उल्लेख गरेको छ। सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ । यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ। नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचनाको शुरुवात गरिएको हो ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले संघ, प्रदेश तथा स्थानीय सरकारले आगामी तीन आर्थिक वर्षमा हुने खर्चको अनुमान तथा प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ । उक्त विवरणमा चालु खर्च, पूँजीगत खर्च र वित्तीय व्यवस्थाका लागि आवश्यक पर्ने रकम समेत खुलाउनुपर्ने व्यवस्था रहेको छ। संवैधानिक तथा कानूनी व्यवस्था अनुसार अमरगढी नगरपालिकाले तय गरेको दीर्घकालिन सोच सहितको प्रथम आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा स्रोतको विनियोजन सहित बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना आवश्यक रहेको छ ।

संविधानले आत्मसात गरेको समाजवाद उन्मुख राष्ट्र निर्माण एवम् नेपाल सरकारले घोषणा गरेको **समृद्ध नेपालः सुखी नेपाली**को दीर्घकालीन सोचअनुसारको चालु पन्ध्रौं योजना, सुदुरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना र अमरगढी नगरपालिकाको प्रथम आवधिक योजनाका नीति तथा कार्यक्रमलाई यस मध्यमकालिन खर्च संरचनामा आत्मसात गरिएको छ। यस मध्यमकालीन खर्च संरचनाले उपरोक्त योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, नेपाल सरकार तथा प्रदेश सरकार र नरपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ । नगरका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेट्ने प्रयास गरिएको छ।

## २.२ चूनौति तथा अवसर

यस नगरपालिकाको भू–उपयोगको दृष्टिकोणले हेर्दा वन क्षेत्र ४७.४ प्रतिशत, कृषि क्षेत्र २३.४ प्रतिशत, बजार एवम् वसोवास क्षेत्र ०.२६ प्रतिशत र २८.९ प्रतिशत अन्य (चट्टान, बगर, चरण आदि) रहेको छ। अमरगढी बजारका उचाई समुद्र सतह देखि ६,५०० फिटमा रहेको छ र यहाँको औसत तापक्रम अधिकत्तम २० डिग्री र न्यूनतम तापक्रम २ डिग्री सेण्टीग्रेट छ। यहाँ अधिकांश महिनाहरु रम्य हुन्छ।

सुदुरपश्चिम प्रदेशको सबै पहाडी जिल्लाहरु जाने राजमार्ग यही नगरपालिका हुँदै जान्छ। प्रदेशको राजधानीसंग जोडिएको कारण यस नगरपालिकाबाट स्थलीय अर्थतन्त्रको फाइदा समग्र डडेलधुरा जिल्लाले नै लिन सक्ने प्रशस्त सम्भावना छ। पूँजी परिचालनको सापेक्षिक सहजता, वित्तीय व्यवस्थापन सेवाहरुमा दक्षता, अधिकांश कृषि र औद्योगिक उत्पादनका लागि बजारको सहज पहुँच, उर्जाको सापेक्षित उपलब्धता, शिक्षा, स्वास्थ्य र अन्य क्षेत्रमा विशिष्ट जनशक्ति र मानव संसाधनको उपस्थितिले उत्पादन र सेवाको स्थलीय विविधीकरणका निमित्त सहयोगी हुन सक्छन ।

जनसंख्या वृद्वि, शहरीकरण, न्यून भौतिक आधारशिला, गरिबी, जातीय तथा लैङ्गिक विभेद आदी जस्ता विषयहरु नगरकोको चुनौतिका रुपमा रहेका छन । यो नगर खाद्या सुरक्षा, उत्पादन र उत्पादकत्वका हिसाबले पनि जोखिममा छ । आयात माथिको निर्भरता बढदो छ । शासकीय प्रणाली, सार्वजनिक र निजीसहित समग्र

उत्पादन क्षेत्रमा आधुनिक प्रविधिको अपेक्षित प्रयोग हुन सकिरहेको छैन । ग्रामिण जनजीविका कृषिमा आश्रित छ । कृषिमा आधूनिकीकरण र जीविकाको विविधिकरणका चुनौतीहरु जटिल हुँदैछन् । साना किसानहरु कृषि पेशाबाट पलायन हुँदैछन्, आयमूलक रोजगारीको विस्तार अपेक्षित रुपमा हुन सकिरहेको छैन । नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, पन्धौ योजना, सुदुपश्चिम प्रदेशको प्रथम आवधिक योजना र अमरगढी नगरपालिकाको आवधिक योजनाको उद्देश्य हासिल गर्न, कृषि, उत्पादन, रोजगारी र आयमा वृद्धि, नागरिकको जीवनस्तरमा गुणात्मक सुधार, गरिबी न्यूनीकरण गरी मर्यादित जीवनयापनको वातावरण सिर्जना गर्दै समतामूलक तथा समुन्नत समाजको निर्माण गर्ने नगरको प्रमुख प्राथमिकतामा रहेको छ । जलवायु परिवर्तनको कारण सिर्जित विपद्को बढ्दो जोखिमलाई न्यूनीकरण गरी नागरिकको स्वास्थ्य, शिक्षा, उत्पादन, रोजगारी र आयमा परेको नकारात्मक असरलाई न्यूनीकरण, पुनरुत्थान र उत्थानशीलता हासिल गर्दै नागरिक जीवनलाई थप सुरक्षित र परिष्कृत बनाउने जिम्मेवारी नगरपालिकाको रहेको छ ।

व्यवस्थित नगर, सुविधायुक्त र सुरक्षित बसोबास, स्वच्छ खानेपानी तथा उर्जाको उपलब्धता, सरसफाई सुविधा र सूचना प्रविधि, कृषि तथा उद्यमको विविधिकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गरी उत्पादनशील रोजगारीमा अभिवृद्धि गर्नु नगर विकासको चूनौतिको रुपमा रहेका छन् । सङ्घीयताको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु तथा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नु आवश्यक छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकास, उत्थानशीलता, समृद्धि र सुशासनका क्षेत्रमा प्रगति हासिल गर्ने दिशामा प्रतिस्पर्धात्मक भावनाको विकास हुनुलाई प्रमुख अवसरका रुपमा लिन सकिन्छ । नगरपालिकामा स्थानीय विशेषताका आधारमा तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, पूर्वाधार विकास, सार्वजनिक सेवा प्रवाह सुधार, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धिको माध्यमद्धारा हरित र समावेशी स्थानीय अर्थतन्त्र विकास, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

भारत तथा तेस्रो मुलुकबाट वैदेशिक रोजगारी तथा अध्ययनमा गई फर्किएका युवाहरुको ज्ञान, सिप, अनुभव र स्थानीय स्रोत परिचालन गरी नगरपालिकामा उद्यमशीलता विकास, रोजगारी उत्पादन र उत्पादकत्व वृद्धि गर्दै आर्थिक सामाजिक रुपान्तरणको दिशामा अगाडी बढ्ने समेत अवसर सिर्जना भएको छ । विपद्, महामारी र सामुदायिक सुरक्षासहित उत्थानशीलता र वातावरणीय सन्तुलनका क्षेत्रमा खर्च संरचना केन्द्रित हुन आवश्यक छ ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

यस नगरपालिकाको मध्यमकालीन खर्च संरचना तयार गर्दा नगरको आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ । नगर विकासको सोच, लक्ष्य, उद्देश्य तथा रणनीतिलाई यस मध्यकालीन खर्च संरचनामा समावेश गरिएको छ । आवधिक योजनामा उल्लेख नभएका विवरण अन्य क्षेत्रगत रणनीतिक योजनाहरुका साथै चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, पन्धौ राष्ट्रिय योजना, सुदुरपश्चिम प्रदेश सरकारको प्रथम आवधिक योजना एवम् संघ, प्रदेश र नगरका विषयगत नीतिको समेत उपयोग गरिएको छ । यस मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, लक्ष्य, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.३.१ दीर्घकालीन सोच

अमरगढी नगरपालिकाको दीर्घकालीन सोच देहायअनुसार रहेको छ :

## 'सफा, स्वच्छ, सुन्दर, हराभरा नगर : सम्पुर्ण नगरवासीको गौरवपूर्ण रहर'

नगरपालिकामा खोला नाला लगायत जलश्रोतका थुप्रै श्रोत रहेका छन् । उपलब्ध जलश्रोतको सिंचाई तथा खानेपानी, वैकल्पिक उर्जा, माछापालन, पर्यटन सेवा संचालन लगायतका क्षेत्रमा उपयोग गरी नगरपालिकालाई सम्पन्न बनाउन सकिने संभावना रहेको छ । नगरपालिका क्षेत्रमा अवस्थित विभिन्न प्राकृतिक स्रोत साधनको परिचालन तथा नगरपालिका वाट हिमश्रखलाहरु हेर्न आउने पर्यटकहरुबाट समेत प्रत्यक्ष अप्रत्यक्ष लाभ लिन सक्ने देखिन्छ । यसैगरी खानेपानी र सरसफाई, लक्षित वर्गको मूलप्रवाहिकरण, जैविक विविधता संरक्षण, वन तथा वातावरण व्यवस्थापन र संस्थागत विकास तथा सुशासनका प्रयासहरुबाट अमरगढी नगरपालिकालाई समृद्ध बनाउन सकिने छ ।

योजनावद्ध प्रयासहरुबाट लक्षित वर्ग लगायत आम नागरिक सक्षम हुने, सक्षम नागरिक तथा साझेदारहरुको संलनता र साझा प्रयासबाट नगर विकासका प्राथमिकताका क्षेत्रहरुमा प्रभावकारी रुपमा आयोजना तथा कार्यक्रम संचालन भई नगरपालिका समृद्ध बन्ने तथा समृद्धिको परिणामस्वरुप वातावरणीय र सामाजिक सन्तुलन कायम भई सुन्दर अमरगढी नगरपालिका हुने परिकल्पना गरिएको छ ।

### २.३.२ नगर विकासको लक्ष्य

अमरगढी नगरपालिकाको लक्ष्य **"नगरपालिकाको आर्थिक, सामाजिक, पूर्वाधार विकासमा अभिबृद्धि भई नगरबासीको जीवनस्तरमा गुणात्मक सुधार भएको हुनेछ"** भन्ने तय गरिएको छ ।

समग्र लक्ष्यलाई हासिल गर्न नगरपालिकाले देहाय बमोजिमका लक्ष्यहरु निर्धारण गरेको छ ।

क) नगरपालिकामा उद्योग, कलकारखाना, पर्यटन लगायतका आर्थिक गतिविधिहरु सञ्चालन भई रोजगारीका अवसर सिर्जना गर्ने ।
ख) कृषिको उत्पादकत्व बृद्धि गर्ने ।
ग) बाटो, विजुली, सञ्चार लगायतका पूर्वाधार विकासमार्फत कनेक्टिभिटी बढाउने ।
घ) शिक्षा, स्वास्थ्यका क्षेत्रमा आधारभूत परिवर्तन गरी समाजिक विकासको आधार तय गर्ने ।
ङ) कृषिमा आधुनिकिकरण गर्ने ।
च) महिला, बालबालिका, दलित, जनजाती तथा अल्पसंख्यक समुदायहरुलाई आर्थिक सामाजिक विकासको मूलधारमा ल्याउने ।

### २.३.३ नगर विकासको उद्देश्य

अमरगढी नगरपालिकाको उद्देश्यमा सामाजिक, आर्थिक, मानवीय विकास, समावेशी, गुणस्तरीय र वातावरणीय रुपमा सन्तुलित भई नगरवासीको जीवन सहज तथा सुरक्षित भएको हुनेछ भनी उल्लेख गरिएको छ । नगरपालिकाको आर्थिक समुन्नती हासिल गर्ने दिशामा विविध कार्यहरु गरिनेछन् । नयाँ उद्योग कलकारखाना खोल्ने, भएका उद्योगको स्तरोन्नती गर्ने, कृषि क्षेत्रमा आधुनिकीकरण गरी उत्पादन वृद्धि गर्ने जस्ता कार्य गरिनेछन् । शिक्षा स्वास्थ्य सूचना तथा सञ्चारको विकास गरी नगरको सामाजिक क्षेत्रको विकास गरिनेछ । पूर्वाधार विकासका कार्यक्रमहरु जस्तै बाटोघाटो, पुल पुलेसा, खानेपानी, बिजुली, आधुनिक शहरको निर्माण लगायतका कार्य गरी रोजगारी सिर्जना मार्फत नागरिकको बार्षिक आय वृद्धि गरी मानवीय विकास गरिनेछ । वातावरण मैत्री विकासका उपायहरु अवलम्बन गरी योजना तथा विकासलाई वातावरणमुखी बनाइनेछ ।

### २.३.४ नगर विकासको रणनीति

अमरगढी नगरपालिकाको आवधिक योजना तयार भईसकेको भएता पनि उक्त आवधिक योजनामा नगर विकासका रणनीतिहरु स्पष्ट रुपमा उल्लेख गरिएको छैन । आवधिक योजनाको पुनरावलोकन गरी नगर विकासका राणनीतिहरु पनि समावेश गर्नु आवश्यक छ ।

## २.४ मध्यमकालीन आर्थिक खाका

“समृद्ध नेपाल र सुखी नेपाली” को राष्ट्रिय सोच, सुदुरपश्चिम प्रदेशको सोच र अमगरगढी नगरपालिकाको विकासको सोच तथा लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिका नं. २.१ मा प्रस्तुत गरिएको छ।

***तालिका २.१ : मध्यमकालीन समष्टिगत आर्थिक मध्यमकालीन लक्ष्य*** **(प्रचलित मूल्यमा)**

| क्र.सं. | सूचक/लक्ष्य | एकाई | २०७७/७८ सम्मको उपलब्धि | २०७८/७९ सम्म को अनुमानित उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १. | नगरको कुल बार्षिक उत्पादन | रु. लाखमा | ३२,८०४ | ३४,०४५ | ३६,०५७ | ४०,३७३ | ५८,६४४ |
| १.१ | कृषि | रु. लाखमा | ५३३ | ५४५ | ५५९ | ६१५ | १२,९२३ |
| १.२ | गैर कृषि (उद्योग र सेवा) | रु. लाखमा | ३२,२७१ | ३३,५०० | ३५४९८ | ३९७५८ | ४५७२१ |
| २. | औषत पारिवारिक आय | रु. लाखमा | ४.५१ | ४.७५ | ५.०० | ५.५० | ७.३८ |
| ३. | उद्योग, व्यापार र व्यावसाय | संख्या | ११६२ | १२२५ | १२७८ | १४०६ | १५४६ |
| ४. | औपचारिक क्षेत्रमा रोजगारी सिर्जना | कार्यदिन | १५० | १६० | १८० | २०० | २३० |
| ५. | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ४३ | ४५ | ५० | ५७ | ६६ |

*स्रोत: नगर पार्श्वचित्र तथा विषयगत विवरण*

## २.५ मध्यमकालीन नतिजा खाका

पन्ध्रौ योजना, सुदुरपश्चिम प्रदेशको प्रथम आवधिक योजना तथा नगरपालिकाको चालु आवधिक विकास योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामी तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ। सो खाका विगतका आर्थिक वर्षहरुको उपलब्धी र चालु आर्थिक वर्ष २०७८/७९ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व. २०७९/८० को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको २०८०/८१ र २०८१/८२ को लक्ष्य वर्तमान आवधिक योजना र विगत वर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिका २.२ मा प्रस्तुत गरिएको छ।

***तालिका २.२ : प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन लक्ष्य***

| क्र.सं. | सूचक | एकाई | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ सम्मको अनुमानित अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १ | प्रतिव्यक्ति खाद्यान्न उत्पदन (केजी) | के.जी. | १५ | १५.५ | १६ | १७ | १८ |
| २ | आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | ६० | ५५ | ५० | ४५ | ४० |
| ३ | आफ्नो उत्पादनबाट वर्षभरी खानपुग्ने परिवार | प्रतिशत | ६३ | ६५ | ६८ | ७० | ७२ |
| ४ | साक्षरता दर | प्रतिशत | ७२ | ७५ | ७६ | ८० | ८५ |
| ५ | आधारभूत तह (१-८) खुद भर्ना दर | प्रतिशत | ९६ | ९६ | ९७ | ९७ | ९८ |
| ६ | माध्यमिक तह (९-१२) खुद भर्ना दर | प्रतिशत | ४९ | ५० | ५५ | ६० | ६५ |
| ७ | प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३८० | ३९० | ४१० | ४१० | ४५० |
| ८ | संस्थागत सुत्केरी गराउने गर्भवती महिला | प्रतिशत | ९५ | ९५ | ९६ | ९७ | ९९ |
| ९ | ५ बर्षमुनिका कम तौल भएका बालबालिका | प्रतिशत | ३२ | ३० | २८ | २३ | १८ |
| १० | कुपोषण दर | प्रतिशत | ५३ | ५० | ४५ | ४० | ३५ |
| ११ | आधारभूत खानेपानी सुविधा पुगेका घरपरिवार | प्रतिशत | ८५ | ८८ | ९० | ९२ | ९५ |

| क्र.सं. | सूचक | एकाई | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ सम्मको अनुमानित अवस्था | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १२ | महिला हिंसामा परेका १५ वर्ष देखि माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | ११ | १० | ६ | ५ | ४ |
| १३ | विषयगत समितिमा महिला प्रतिनिधित्व | प्रतिशत | २५ | २८ | ३० | ३० | ३० |
| १४ | भवनसहिंता अनुसार निर्माण भएका आवासघर | प्रतिशत | १५ | २० | २५ | ३० | ३५ |
| १५ | सुरक्षित आवासमा बसोबास गर्ने जनसंख्या | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ६० |
| १६ | स्वच्छ उर्जामा पहुँच प्राप्त घरपरिवार | प्रतिशत | ३० | ३२ | ३५ | ३८ | ४१ |
| १७ | इन्टरनेट र इमेल लगायत सूचना प्रविधिमा पहुँच भएका जनसंख्या | प्रतिशत | ८० | ८२ | ८५ | ८८ | ९० |
| १८ | हरियाली क्षेत्र | हेक्टर | ४७८५ | ४७८५ | ४७८५ | ४७८५ | ४७८५ |
| १९ | नगरपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| २० | कुल बजेटमा आन्तरिक स्रोतको हिस्सा | प्रतिशत | ३ | ३ | ३.१ | ३.३ | ३.५ |
| २१ | कम्प्युटरमा अभिलेख राख्ने र विद्युतीय माध्यमबाट रिर्पोटिङ गर्ने वडाहरु | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| २२ | नीति, कानून, कार्यविधि र मापदण्ड पालना | प्रतिशत | ७० | ७० | ७५ | ७५ | ८० |
| २३ | निर्धारित ढाँचामा त्रैमासिक रुपमा प्रगति तथा खर्चको विवरण पेश गर्ने वडा र शाखा/एकाइ | प्रतिशत | ३० | ३० | ३५ | ४५ | ५० |

*स्रोत: नगर पार्श्वचित्र ,पहिलो आवधिक योजना र विषयगत विवरण*

## २.६ मध्यमकालीन बजेट खाका

नगरपालिकाको त्रिवर्षीय खाका तर्जुमा गर्दा प्रथम आवधिक योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता सहित वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत तथा विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, नगरको प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य अधार लिइएको छ। नगरपालिकाको प्रथम मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, तीब्र सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। यसका साथै कोभिड १९ लगायतका महामारी र जलवायुजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ।

चालु तथा विस्तृत अध्ययन भएका, तुलनात्मक लाभका आयोजना तथा कार्यक्रमका लागि आवश्यक रकम सुनिश्चित (Earmark) हुने गरी बजेट सीमा र सोको आधारमा विषयगत बजेट खाका तर्जुमा गरिएको छ। क्रमागत कार्यक्रम, आयोजना कार्यान्वयनको अवस्था र आगामी कार्यान्वयन योजनाको आधारमा खर्च गर्न सक्ने क्षमता तथा स्रोतको आवश्यकता एवम् उपलब्धतालाई मध्यनजर गरिएको छ। मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, कोभिड १९ महामारी र अन्य विपदबाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई ध्यान दिइएको छ। त्रिवर्षीय खर्चको अनुमान र स्रोतको बाँडफाँट सहितको विषगत शाखा, उपशाखा, एकाईलाई प्रदान गरिएको बजेट सीमा तथा मार्गदर्शन **अनुसूची २** मा प्रस्तुत छ।

चालु आर्थिक वर्ष २०७८/७९ को बजेट राजस्व तथा विनियोजन र जेठ मसान्त सम्मको उपलब्धीका आधारमा खर्च संरचनाको पहिलो वर्षको आय तथा ब्यय अनुमान गरिएको छ। दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा नगरपालिका को आवधिक योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ। प्रक्षेपणका क्रममा नगरपालिका को

प्राथमिकताका क्षेत्र तथा रणनीतिक महत्वका आयोजना तथा कार्यक्रमलाई स्रोत व्यवस्था गरिएको छ । आन्तरिक श्रोत, राजस्व बाँडबाँट, उपलब्ध हुने स्रोत र आवश्यकता समेतका आधारमा अन्य कार्यक्रम तथा साधारण प्रशासनका लागि खर्च अनुमान गरिएको छ। नेपाल सरकार र प्रदेश सरकारबाट राजस्व बाँडफाँटबाट स्वरूप प्राप्त हुने रकम, रोयल्टी (वन, खानी तथा खनिज) र आन्तरिक श्रोत समेतका आधारमा नगरपालिका लाई प्राप्त हुने राजस्व प्रक्षेपण गरिएको छ । नेपाल सरकार र प्रदेश सरकारबाट हस्तान्तरण हुने वित्तीय समानीकरण, सशर्त अनुदान, समपुरक र विशेष अनुदान रकम नेपाल सरकार र प्रदेश सरकारको मध्यमकालीन खर्च संरचनामा उल्लेखित रकम तथा सोको प्रक्षेपणको आधारमा आँकलन तथा अनुमान गरिएको छ।

उल्लिखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. २ अर्ब १० करोड ५६ लाख १२ हजार (प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ। यस मध्ये चालु खर्च रु १ अर्व १७ करोड १ लाख ९६ हजार ( ५६ प्रतिशत) र पुँजीगत खर्च रु.९३ करोड ५४ लाख १६ हजार ( ४४ प्रतिशत) रहने प्रक्षेपण गरिएको छ। त्यसैगरी स्रोत परिचालनतर्फ आन्तरिक आयबाट रु. ५ करोड ५० लाख ४६ हजार (३ प्रतिशत), राजस्व बाँडफाटबाट रु. ३१ करोड १३ लाख ८२ हजार (१३ प्रतिशत), रोयल्टीबाट रु. ९ लाख ४७ हजार (0.0४४ प्रतिशत) र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब ६९ करोड ५ लाख ६४ हजार ( ७९ प्रतिशत) र प्रदेश सरकार वित्तीय हस्तान्तरणबाट रु. ३ करोड २६ लाख ६३ हजार व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका २.३ मा उल्लेख गरिएको छ।

***तालिका २.३ : त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. हजारमा)***

| क्र.सं. | बजेटका स्रोतहरु | २०७५/७६ को यथार्थ | २०७६/७७ को यथार्थ | २०७७/७८ को यथार्थ | २०७८/७९ को अनुमान | आय अनुमान र प्रक्षेपण | | | ३ बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०७९/८० को अनुमान | २०८०/८१ को प्रक्षेपण | २०८१/८२ को प्रक्षेपण | |
| क | **राजस्व तथा अनुदान** | ३५१३७६ | ३९४७२४ | ५६४४८५ | ५५९५१० | ६२४४८२ | ६९७७२३ | ७६८४०७ | २०९०६१२ |
| १ | **आन्तरिक आय** | १५६०२ | २४०३६ | १७३०२ | १३२१० | १५८५५ | १८२३३ | २०९६८ | ५५०५६ |
| २ | **राजस्व बाँडफाँडबाट प्राप्त आय** | ५३३४६ | ५०७१० | ६८७८६ | ८०१५० | ९४०७३ | १०३४८० | ११३८२८ | ३११३८२ |
| | *नेपाल सरकार (भ्याट र अन्तशुल्क)* | ५०६१२ | ५०१०६ | ६०२४५ | ७१९०० | ८७०९८ | ९५८०८ | १०५३८९ | २८८२९४ |
| | *प्रदेश सरकार (सवारी कर, घरजग्गा रजिष्ट्रेशन, मनोरञ्जन कर आदि)* | २७३४ | ६०४ | ८५४१ | ८२५० | ६९७५ | ७६७३ | ८४४० | २३०८७ |
| ३ | **रोयल्टी बाँडफाँटबाट प्राप्त राजस्व** | ० | ० | ० | ० | २८६ | ३१५ | ३४६ | ९४७ |
| | *वन रोयल्टी* | ० | ० | ० | ० | २८६ | ३१५ | ३४६ | ९४७ |
| | *खानी तथा खनिज रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | *पर्वतारोहण रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | *विद्युत रोयल्टी* | ० | ० | ० | ० | ० | ० | ० | ० |
| | *पानी तथा अन्य प्राकृतिक स्रोत* | ० | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | २१६०५८ | २९४८१३ | ४४५८९२ | ४३८७९७ | ५०४४०० | ५६४८४० | ६२१३२४ | १६९०५६४ |
| | *वित्तीय समानीकरण अनुदान* | ८३४०० | ९६००० | ९५२०५ | १०१२०० | १०८००० | ११८८०० | १३०६८० | ३५७४८० |
| | *सशर्त अनुदान* | १३२६५८ | १८६३७० | ३०१६०३ | ३०२६९७ | ३८१४०० | ४१९५४० | ४६१४९४ | १२६२४३४ |
| | *समपुरक अनुदान* | | ९५५६ | १३१२४ | २२४०० | १५००० | १६५०० | १८१५० | ४९६५० |
| | *विशेष अनुदान* | | २८८७ | ३५९६० | १२५०० | ० | १०००० | ११००० | २१००० |
| ५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | ६७०० | १८७४४ | ३२५०५ | २७३५३ | ९८६८ | १०८५५ | ११९४० | ३२६६३ |
| | *वित्तीय समानीकरण अनुदान* | ६७०० | ६७७५ | ६८५५ | ६९९८ | ७३६८ | ८१०५ | ८९१५ | २४३८८ |
| | *सशर्त अनुदान* | | ६८०३ | १०८२४ | १०३३० | ० | ० | ० | ० |
| | *समपुरक अनुदान* | | २९४७ | ९९२७ | ७५२५ | ० | ० | ० | ० |
| | *विशेष अनुदान* | | २२१९ | ४८९९ | २५०० | २५०० | २७५० | ३०२५ | ८२७५ |
| ६ | **अन्य अनुदान** | ५९६७० | ६४२१ | ० | ० | ० | ० | ० | ० |
| ७ | **जनसहभागिता** | | | ० | ० | ० | ० | ० | ० |
| ख | **कुल खर्च** | ० | ३६३७८७ | ५१५७६३ | ५८०८७५ | ६३९४८२ | ६९७७२३ | ७६८४०७ | २१०५६१२ |
| १ | चालु खर्च | | २०६९२८ | २७७७२१ | ३१६९५० | ३५५५०४ | ३८७७०७ | ४२६९८५ | ११७०१९६ |
| २ | पुँजीगत खर्च | | १५६८५९ | २३८०४२ | २६३९२५ | २८३९७८ | ३१००१६ | ३४१४२२ | ९३५४१६ |
| ग | **बचत (+ वा -)** | | ३०९३७ | ४८७२२ | -२१३६५ | -१५००० | ० | ० | -१५००० |
| | नगद मौज्दात | ३६९४८ | ४०१३८ | ७११४७ | २१३६५ | १५००० | | | १५००० |

## २.७ बजेट विनियोजन र प्रक्षेपणको बाँडफाँट

आगामी तीन वर्षको बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण देहायबमोजिम रहेको छः

**क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट**

अगमरगढी नगरपालिकाको आवधिक योजना तयार भईसकेको भएता पनि उक्त आवधिक योजनामा नगर विकासका रणनीतिहरु स्पष्ट रुपमा उल्लेख गरिएको छैन । आवधिक योजनाको पुनरावलोकन गरी नगर विकासका राणनीतिहरु पनि समावेश गर्नु आवश्यक छ ।

***तालिका २.४ : रणनीतिक स्तम्भको आधारमा आगामी तीन वर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

अमरगढी नगरपालिकाको आवधिक योजना तयार भईसकेको भएता पनि उक्त आवधिक योजनामा नगर विकासका रणनीतिहरु उल्लेख गरिएको छैन । आवधिक योजनाको पुनरावलोकन गरी नगर विकासका राणनीतिहरु पनि समावेश गर्नु आवश्यक छ ।

| क्र.सं. | रणनीतिक स्तम्भ | संख्या | २०७९/८० को अनुमान | | २०८०/८१ को प्रस्तावित | | २०८१/८२ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| | **जम्मा** | | | | | | | |

### ख. प्राथमिकताक्रमको आधारमा बाँडफाँट

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.५ : प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| प्राथमिकताक्रम | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | २१ | १७१६०६ | २७% | १७२८३२ | २५% | १७८५७९ | २३% |
| प्राथमिकता दोश्रो (P2) | २० | ४६७८७६ | ७३% | ५२४८९१ | ७५% | ५८९८२८ | ७७% |
| **जम्मा** | ४१ | ६३९४८२ | १००% | ६९७७२३ | १००% | ७६८४०७ | १००% |

### ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

***तालिका २.६ : दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | ६ | ३३४२५ | ५% | ३७३४५ | ५% | ४११०६ | ५% |
| २ | शुन्य भोकमरी | २ | १२७३४ | २% | १४२२३ | २% | १५६६३ | २% |
| ३ | स्वस्थ्य जीवन | ३ | ६३६६८ | १०% | ७१११४ | १०% | ७८३१७ | १०% |
| ४ | गुणस्तरीय शिक्षा | ३ | १४००७० | २२% | १५६४५१ | २२% | १७२२९७ | २२% |
| ५ | लैङ्गिक समानता | २ | १५०० | ०% | १५५० | ०% | १५५० | ०% |
| ६ | सफा पानी र स्वच्छता | १ | १२७३ | ०% | १४२२ | ०% | १५६७ | ०% |
| ७ | आधुनिक उर्जामा पहुँच | १ | ३१८३ | ०% | ३५५६ | १% | ३९१६ | १% |
| ८ | समावेशी आर्थिक वृद्धि मर्यादित काम | ४ | ६६८५ | १% | ७४६४ | १% | ८२२५ | १% |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | ३ | १६१९७१ | २५% | १६४३६७ | २४% | १८१०३२ | २४% |
| १० | असमानता न्यूनीकरण | १ | १६८३ | ०% | २००६ | ०% | २३६६ | ०% |
| ११ | दीगो शहर र समुदाय | ७ | ३०३६७ | ५% | ३११११ | ४% | २७३३२ | ४% |
| १२ | दीगो उपभोग र उत्पादन | १ | ३४८९३ | ५% | ४१७८१ | ६% | ५२९४३ | ७% |
| १३ | जलबायु परिवर्तन अनुकुलन | १ | ४७७५ | १% | ५३३३ | १% | ५८७४ | १% |

| संकेत नम्बर | दिगो विकासका लक्ष्यहरु | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १४ | जमीन मुनिको जीवन | ० | ० | ०% | ० | ०% | ० | ०% |
| १५ | जमीन माथिको जीवन | १ | १५९२ | ०% | १७७८ | ०% | १९५७ | ०% |
| १६ | शान्ति, न्यायपूर्ण र सशक्त समाज | ३ | १३६८८७ | २१% | १५२८९४ | २२% | १६८३८४ | २२% |
| १७ | क्क ककक | २ | ४७७६ | १% | ५३२८ | १% | ५८७८ | १% |
| | **जम्मा** | ४१ | ६३९४८२ | १००% | ६९७७२३ | १००% | ७६८४०७ | १००% |

## घ. लैंङ्गिक संकेतको आधारमा बाँडफाँट

लैंङ्गिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत छ ।

***तालिका २.७: लैंङ्गिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| लैंङ्गिक संकेत | आयोजना/ कार्यक्रम संख्या | २०७९/८० को व्यय अनुमान | | २०८०/८१ को खर्च प्रक्षेपण | | २०८१/८२ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिष्ट | ३ | ३१८३ | ०% | ३५५६ | १% | ३९१६ | १% |
| सहयोगी | १० | २९२८७ | ५% | ३२७१२ | ५% | ३६०२५ | ५% |
| तटस्थ | २८ | ६०७०१२ | ९५% | ६६१४५५ | ९५% | ७२८४६६ | ९५% |
| **जम्मा** | ४१ | ६३९४८२ | १००% | ६९७७२३ | १००% | ७६८४०७ | १००% |

## ङ. जलवायु संकेतको आधारमा बाँडफाँट

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत छ ।

***तालिका २.८ : जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)***

| *जलवायु संकेत* | आयोजना/ कार्यक्रम संख्या | २०७८/७९ को व्यय अनुमान | | २०७९/८० को खर्च प्रक्षेपण | | २०८०/८१ को खर्च प्रक्षेपण | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अन्यन्तै सान्दर्भिक | ५ | २०६९२ | ३% | २३११० | ३% | २५४५४ | ३% |
| सान्दर्भिक | ७ | २४९६५ | ४% | २८०४५ | ४% | ३०५९१ | ४% |
| तटस्थ | २९ | ५९३८२५ | ९३% | ६४६५६८ | ९३% | ७१२३६२ | ९३% |
| **जम्मा** | ४१ | ६३९४८२ | १००% | ६९७७२३ | १००% | ७६८४०७ | १००% |

## २.८ विषय क्षेत्रगत बाँडफाँट

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.१० मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण सम्बन्धी विवरण **अनुसूची ३** समावेश गरिएको छ ।

***तालिका २.९ : आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)***

| **क्र.स.** | **विषय क्षेत्र** | **२०७९/८० को व्यय अनुमान** | | | **२०८०/८१ को खर्च प्रक्षेपण** | | | **२०८१/८२ को खर्च प्रक्षेपण** | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | **कूल** | **चालु** | **पुँजीगत** | **कूल** | **चालु** | **पुँजीगत** | **कूल** | **चालु** | **पुँजीगत** |
| १ | कृषि तथा खाद्य सुरक्षा | १२७३४ | १०८२४ | १९१० | १४२२३ | १२०९० | २१३३ | १५६६३ | १३३१४ | २३४९ |
| २ | सिंचाई | १५९२ | ४७८ | १११४ | १७८८ | ३५८ | १४३० | १९४७ | ३८९ | १५५८ |
| ३ | पशुपंछि विकास | ४७७५ | ३८२० | ९५५ | ५३३३ | ४२६६ | १०६७ | ५८७४ | ४६९९ | ११७५ |
| ४ | उद्योग, व्यापार तथा व्यावसाय | ३१८३ | १५९२ | १५९२ | ३५५६ | १७७८ | १७७८ | ३९१६ | १९५८ | १९५८ |
| ५ | पर्यटन तथा संस्कृति | ३१८३ | ९५५ | २२२८ | ३५५६ | १०६७ | २४८९ | ३९१६ | ११७५ | २७४१ |
| ६ | भूमि सहकारी र वित्तीय सेवा | ९५५ | ६६९ | २८७ | १०६६ | ७४६ | ३२० | ११७५ | ८२३ | ३५३ |
| ७ | श्रम तथा रोजगारी | २०६९२ | ० | २०६९२ | २३११२ | ० | २३११२ | २५४५३ | ० | २५४५३ |
| ८ | गरिबी निवारण | ३१८३ | २८६५ | ३१८ | ३५५६ | ३२०० | ३५६ | ३९१६ | ३५२४ | ३९२ |
| ९ | शिक्षा, कला, भाषा र साहित्य | १४००७० | ११९०६० | २१०११ | १५६४५१ | १३२९८३ | २३४६८ | १७२२९७ | १४६४५२ | २५८४५ |
| १० | जनस्वास्थ्य तथा पोषण | ६३६६८ | ५७३०१ | ६३६७ | ७१११४ | ६४००३ | ७१११ | ७८३१७ | ७०४८५ | ७८३२ |
| ११ | खानेपानी तथा सरसफाइ | १२७३ | २५५ | १०१८ | १४२२ | २८४ | ११३८ | १५६७ | ३१३ | १२५४ |

| क.स. | विषय क्षेत्र | २०७९/८० को व्यय अनुमान | | | २०८०/८१ को खर्च प्रक्षेपण | | | २०८१/८२ को खर्च प्रक्षेपण | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत | कूल | चालु | पुँजीगत |
| १२ | महिला, बालबालिका, लक्षित वर्ग | ३१८३ | २७०६ | ४७७ | ३५५६ | ३०२३ | ५३३ | ३९१६ | ३३२९ | ५८७ |
| १३ | युवा तथा खेलकुद | ९५५ | ४७८ | ४७८ | १०६४ | ५३२ | ५३२ | ११७७ | ५८९ | ५८९ |
| १४ | सामाजिक सुरक्षा र पञ्जीकरण | १५९२ | १२७४ | ३१८ | १७७८ | १४२२ | ३५६ | १९५७ | १५६६ | ३९१ |
| १५ | भवन, बस्ती विकास, शहरी विकास | ५८८९३ | २९४५ | ५५९४८ | ६५७८१ | ३२८९ | ६२४९२ | ७२४४३ | ३६२२ | ६८८२१ |
| १६ | सडक, पुल तथा यातायात | १६१९७१ | ८०९९ | १५३८७२ | १६४३६७ | ८२१८ | १५६१४९ | १८१०३२ | ९०५२ | १७१९८० |
| १७ | जलश्रोत, विद्युत् तथा स्वच्छ ऊर्जा | ३१८३ | ३१८ | २८६५ | ३५५६ | ३५६ | ३२०० | ३९१६ | ३९२ | ३५२४ |
| १८ | सूचना, सञ्चार तथा प्रविधि | ४७७५ | ९५५ | ३८२० | ५३३२ | १०६६ | ४२६६ | ५८७५ | ११७५ | ४७०० |
| १९ | वन, भुसंरक्षण तथा जैविक विविधता | १५९२ | ६३७ | ९५५ | १७७८ | ७११ | १०६७ | १९५७ | ७८३ | ११७४ |
| २० | वातावरण फाहोरमैला व्यवस्थापन | ६३६७ | ४४५७ | १९१० | ७१११ | ४९७८ | २१३३ | ७८३२ | ५४८२ | २३५० |
| २१ | विपद जोखिम व्यवस्थापन जलवायुपरि | ४७७५ | ३३४३ | १४३३ | ५३३३ | ३७३३ | १६०० | ५८७४ | ४११२ | १७६२ |
| २२ | नीति, कानून र न्याय | १५९२ | १५६० | ३२ | १७७८ | १७४२ | ३६ | १९५७ | १९१८ | ३९ |
| २३ | संगठन र सेवा प्रवाह | १३०५२० | १२७९१० | २६१० | १४५७८४ | १४२८६८ | २९१६ | १६०५५२ | १५७३४१ | ३२११ |
| २४ | राजस्व र स्रोत परिचालन | १५९२ | १४३३ | १५९ | १७७८ | १६०० | १७८ | १९५७ | १७६१ | १९६ |
| २५ | तथ्याङ्क र विकास व्यवस्थापन | ३१८४ | ३०२५ | १५९ | ३५५० | ३३७३ | १७८ | ३९२१ | ३७२५ | १९६ |
| | कूल जम्मा | ६३९४८२ | ३५६९५३ | २८२५२९ | ६९७७२३ | ३९७६८७ | ३०००३६ | ७६८४०७ | ४३७९७८ | ३३०४२९ |

आर्थिक वर्ष २०७८/७९ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट **परिच्छेद ३** देखि **परिच्छेद ७** सम्म प्रस्तुत गरिएको छ।

# परिच्छेद तीन : आर्थिक क्षेत्र

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमि

अमरगढी नगर क्षेत्रको ३७.०३ वर्ग कि.मि. (२६.६५ प्रतिशत) भू-भाग कृषिको लागि उपयुक्त क्षेत्र रहेको छ। नगरपालिकाको कूल ४,८६७ घरपरिवारहरूमध्ये २,८३३ अर्थात् ५८.२१ प्रतिशत परिवारहरू कृषिमा आवद्ध रहेका छन्। सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरू धान, मकै, गहुँ आदि हुन्। यस्तै दलहन बालीमा मास, मसुरो, केराउ, उत्पादन हुने गर्दछ। तेलहन बालीमा तोरीको उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, भिन्डी, लसुन प्रमुख नगदे बाली हुन् र यिनको उत्पादकत्व पनि बढी छ। नगरको सबैभन्दा धेरै क्षेत्रमा खाद्यान्न, तरकारी र फलफूल बाली लगाइने गरेको छ भने तुलनात्मक रूपले न्यून क्षेत्रमा दलहन र मसला बाली लगाइने गरेको छ। गरिबी निवारण, खाद्य सुरक्षा, रोजगारीको स्रोत, खाद्य संप्रभुता र खाद्य अधिकारको महत्वपूर्ण आधार तथा अर्थतन्त्रको मुख्य आधार नै कृषि हो।

सहकारीको माध्यमबाट वडा वडामा नमूना कृषि बजारको व्यवस्था गरी घरघरमा रोजगारी सृजना गर्न सहकारीसँगको सहकार्यमा कृषकको लागि आधुनिक औजार, व्यावसायिक पशुपालन, आधुनिक फलफूल खेती, रासायनिक मल, उन्नत बीउ, नवीन प्रविधि जस्ता क्षेत्रहरुको पहिचान गरी त्यस्ता क्षेत्रमा लगानी गर्नु पर्ने देखिन्छ। दिगो विकासका लक्ष्य (SDGs 2015-2030) मा रहेका जम्मा १७ लक्ष्यहरु मध्ये लक्ष्य नं १ मा गरिबीको अन्त्य गर्ने उद्देश्य अन्तरगत सबै ठाँउबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने र लक्ष्य नं २ मा शून्य भोकमरी अन्तरगत भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनिश्चित गर्ने र दिगो कृषिको प्रवर्द्धन गर्ने र लक्ष्य १२ अन्तरगत जिम्मेवारपुर्ण उपभोग तथा उत्पादनमा दिगो उपभोग तथा उत्पादन प्रणाली सुनिश्चित गर्ने रहेका छन्।

नेपालको संविधान भाग ३ धारा ३६ (३) बमोजिम "प्रत्येक नागरिकलाई कानुनबमोजिम खाद्य सम्प्रभुताको हक" को सुनिश्चितता गर्न, कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्न भूमिको वैज्ञानिक वितरण र व्यवस्थापन गर्न व्यावसायिक खेतीतर्फ कृषकलाई आकर्षित गर्ने नीति राज्यद्वारा अंगिकार गरिनुपर्छ। विभिन्न कारणले उत्पन्न हुनसक्ने खाद्य तथा पोषण संकटको अवस्थालाई मध्यनजर गर्दै नगरपालिकाले प्रमुख खाद्यान्न, फलफूल, तरकारी उत्पादनमा आत्मनिर्भरताको लागि कृषिमा नीतिगत, संरचनागत र संस्थागत सुधार गर्नुपर्ने देखिन्छ। यसका साथै कुपोषण लगायतको समस्याको सम्वोधनका लागि नगरपालिकाको तर्फबाट कृषि उत्पादनमा आत्मनिर्भरता बढाउदै लैजानु आवश्यक रहेको छ।

### ३.१.२ समस्या तथा चूनौति

कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाइ, सडक, विजुली, संचार, उद्योग, गोदाम घर, मल, बिऊ तथा किटनाशक औषधिको उपलब्धता, संकलन केन्द्र, कृषि अनुसन्धान एवम् प्राविधिक विकासको सुस्तता र उन्नत प्रविधिहरूमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो। वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, जंगली जनावरले बालीनालीलाई क्षती, जग्गा बाँझो राख्ने प्रवृत्ति, कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु कृर्षि क्षेत्रको चुनौतिको रुपमा रहेको छ।

खाद्य तथा पोषण सुरक्षा वहुक्षेत्रिय विषय भएकोले नीतिगत कमीका कारण सरोकारवालाहरुबीच प्रभावकारी समन्वय तथा सहकार्यको कमी यस क्षेत्रमा समस्याको रुपमा रहेको छ। नगरक्षेत्र भित्र उत्पादन हुने मौलिक प्रजातिका खाद्यवालिको प्रर्वद्धन गर्न नसक्नु, आहार विहार सम्बन्धि वानी व्यहोरामा परिवर्तन गर्न नसक्नु, भएको

खाद्य वस्तुलाई परिकार बनाएर पकाउने विधिको प्रचार प्रसार गर्न नसक्नु आदी खाद्य तथा पोषणको क्षेत्रमा देखिँदै आएको प्रमुख समस्याहरु हुन् ।

### ३.१.३ सोच

"कृषि मर्यादित र आधारभुत व्यवसायको अङ्ग"

### ३.१.४ उद्देश्य

१. कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरि खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्नु ।
२. आधुनिक मल, बिऊ, सिंचाई तथा प्रविधिको पहुँच विस्तारगरि कृषिमा विविधीकरण, व्यावसायिकरण र तुलनात्मक फाइदाको अनुभूति सहित कृषिलाई निर्वाहमुखीबाट व्यावसायमुखी बनाउने ।
३. कृषक, कृषि सहकारी र समुदायको क्षमता अभिवृद्धि गरी उच्च मूल्य प्रजातिका कृषि उपजहरूको व्यावसायिक खेती प्रवर्द्धन गरी कृषिलाई पर्यटन उद्योगसँग जोड्ने ।
४. कृषि तथा कृषिजन्य उद्योग मार्फत स्थानीयको आम्दानी बढाउँदै खाद्यमा आत्मनिर्भरता वृद्धि गर्ने ।

### ३.१.५ रणनीति

१. परम्परागत कृषि प्रणालीलाई व्यवसायिक प्रणालीमा रुपान्तरण गरी कृषिको व्यवसायीरण र विविधिकरणको माध्यमबाट कृषिमा औद्योगिकरण गर्ने ।
२. भुउपयोग नीति बमोजिम जमिनको प्रयोग गर्ने ।
३. निर्यातमुखी कृषि उपजमा जोड दिने ।
४. सिंचाइ गुरुयोजना बनाई वहुउदेश्यीय सिंचाइ नहर निर्माणमा जोड दिने ।
५. जलवायु परिवर्तन, चरम मौसम, खडेरी, बाढी र अन्य प्रकोपको अनुकूल भूमि र माटोको गुणस्तर सुधार गर्ने,
६. दिगो खाद्य उत्पादन प्रणाली सुनिश्चितगर्दै उत्पादन र उत्पादकत्व वृद्धिगर्ने लचिला कृषि अभ्यासहरू लागू गर्ने ।
७. खाद्य परिकार बनाउने तथा जनताको स्वस्थ वानी-व्यवहारमा सुधार ल्याउने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | ०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन | केजी | १५ | १५ | १५.५ | १६ | १५ |
| आफ्नो आयको दुई तिहाइभन्दा वढी खानामा खर्च गर्ने जनसंख्याको | प्रतिशत | ० | ७० | ६५ | ६० | ५५ |
| सानास्तरका खाद्य उत्पादकहरूको औसत आय | रु हजार | ० | ७० | ७२ | ७५ | ८० |
| कृषि क्षेत्रमा संलग्न समूह र सहकारी (५० प्रतिशत महिला समुह र सहकारी) | संख्या | ० | ८६ | ९० | ९५ | १०० |
| कुल कृषि भूमिमध्ये खेति गरिएको भूमि | प्रतिशत | ० | ६८ | ७० | ७२ | ७५ |
| स्थानीय उत्पादनले पूरा गर्ने तरकारी तथा कृषि उपजहरुको माग | प्रतिशत | ० | ७० | ७५ | ८० | ८२ |
| खाद्यान्नबालीको औसत उत्पादकत्व (प्रति हेक्टर) | मे.टन | ० | ३२९८ | ३३०० | ३३१० | ३३२० |
| कुल तरकारी उत्पादन | मे.टन | ० | ९६५ | ९७० | ९७५ | ९८० |

### ३.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा कृषि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२७३४ | १०८२४ | १९१० | ० | ० | ११७६९ | ९६५ | १२७३४ |
| २०८०/८१ | १४२२३ | १२०८९ | २१३३ | ० | ० | १३१६१ | १०६२ | १४२२३ |
| २०८१/८२ | १५६६३ | १३३१४ | २३५० | ० | ० | १४४९६ | ११६८ | १५६६३ |

### ३.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको कृषि उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक कृषि उत्पादन कार्यक्रम | कृषि क्षेत्रको व्यवसायीकरण, उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु, | सालबसाली | २५५६५ | उत्पादकत्व २०% ले बृद्बी हुनेछ तथा व्यवसायिक कृषकहरु १५% (५०% महिला कृषक) ले बढ्नेछन् । |
| २ | कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यक्रम | आधुनिक प्रविधि तथा सूचनामा कृषकको पहुँच वृद्धि गर्नु | सालबसाली | १७०५५ | नयाँ प्रविधि प्रदर्शन गरी, ३०० नयाँ प्रबिधि हस्तान्तरण भएका हुनेछन् । |

### ३.१.९ जोखिम पक्ष तथा अनुमान

तीन तहका सरकार बीच नीति, योजना तथा कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा कृषि पूर्वाधार, प्रविधि तथा सीप विकास हुनेछ । कृषकहरुको आवश्यकता प्रति उत्तरदायी विकेन्द्रित अनुसन्धान प्रणाली भएको हुनेछ ।  कृषि, प्रविधि, मल, गुणस्तरीय बीउ तथा कृषि सामाग्री, भरपर्दो सिंचाई प्रणाली, कृषि प्रसार, कृषि भूमिको संरक्षण र एकीकृत व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ । साथै कृषि क्षेत्रमा जलवायु परिवर्तन र प्रकोपको असरको जोखिम संभावना अधिक रहन सक्दछ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कृषि उत्पादन वृद्धिको लागि सिँचाइको भुमिका महत्वपुर्ण हुन्छ। नगर क्षेत्रमा कृषि प्रयोजनको भुमि भोगचलन गर्ने परिवारको संख्या १,६८८ मध्ये सिँचाइ सुविधा हुने परिवार संख्या ९४३ रहेको छ । नगरपालिका भित्र पानीका स्रोतहरु प्रचुर मात्रामा भए पनि आधुनिक सिँचाइ सुविधाको विकास हुन नसकेकोले कृषि भुमिमा बाह्रै महिना सिँचाई सुविधा उपलब्ध हुन सकेको छैन । सिँचाइको थप पूर्वाधार विकास र सिँचाइ प्रणालीको सुदृढीकरण गरी व्यवस्थित बनाउनका लागि लगानी वृद्धि गर्न आवश्यक छ।

### ३.२.२ समस्या तथा चुनौति

सम्पन्न सिँचाइ आयोजनाहरु मरम्मत संभार, संचालन र व्यवस्थापन प्रभावकारी हुन नसकेका कारण सिँचाइ सेवा भरपर्दो हुन सकेको छैन । सिँचाइ हुने भुमि स-सानो टुक्रामा विभाजित र विभिन्न स्वामित्वमा रहेको हुनाले सिँचाइ व्यवस्थापनको एक समस्या भएकोछ । बाली विविधीकरण, नियमित सिँचाइ सुविधा पुऱ्याउन सक्ने  प्रविधिको व्यवस्थापन तथा उपलब्ध संरचनाहरुको अधिकतम उपयोग गर्नु नगरपालिकाको लागि एक

चुनौतिपुर्ण कार्य हो । खेती गरिएको सवै जग्गामा सिंचाइको सुविधा उपलब्ध हुन सकेको छैन र अधिकांश खेती गरिने भू-भागमा मनसुनमा नै निर्भर रहनु पर्ने वाध्यता रहेको छ। यसका लागि नगरमा सिंचाईका थुप्रै अवसरहरू उपलव्ध हुँदा पनि वित्तीय श्रोतको अभावमा यस्ता अवसरहरूको सदुपयोग गर्न सकिरहेको छैन ।

### ३.२.३ सोच

दिगो कृषि विकासको आधार, सिँचाइ सुविधा मुख्य पूर्वाधार

### ३.२.४ उद्देश्य

१. मौसमी वर्षामा निर्भर रहेको कृषि प्रणालीमा सुधार गर्न बालीको आवश्यकता अनुसार सिँचाइ उपलब्ध गराइ कृषि उत्पादनको वृद्धिमा सघाउ पुऱ्याउने ।
२. उपयुक्त प्रविधिको विकास गर्दै कृषियोग्य भुमिमा सिँचाई सुविधा उपलब्ध गराउने ।

### ३.२.५ रणनीति

१. नयाँ प्रविधिमा आधारित सिँचाइको विकास गरि सिँचाई दक्षता वृद्धि गर्ने ।
२. कृषि क्षेत्रका रणनीति अनुकुल हुने गरी सिँचाई विकासको गुरुयोजना विकास गर्ने ।
३. नीतिगत सुधार एवम् विद्यमान संस्थागत संरचनाको क्षमता र जनशक्तिको दक्षतामा वृद्धि गर्ने ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणको अगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कुल खेतीयोग्य भूमिमध्ये वर्षैभरी सिंचाई सुविधा उपलब्ध भूमि | प्रतिशत | ० | १० | १५ | २० | २५ |
| सुचारु मुख्य सिंचाइ आयोजना | संख्या | | | | | |

### ३.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सिंचाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९२ | ४७८ | १११४ | ० | ० | १२७० | ३२२ | १५९२ |
| २०८०/८१ | १७७८ | ३५६ | १४२२ | ० | ० | १४२४ | ३५४ | १७७८ |
| २०८१/८२ | १९५८ | ३९२ | १५६६ | ० | ० | १५६९ | ३८९ | १९५८ |

### ३.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सिंचाई संरचना निर्माण तथा मर्मत संभार कार्यक्रम | बर्षभरी सिचाई सुबिधा विकास र विस्तार गर्नु | सालबसाली | ५३२७ | वर्षिक रुपमा खेतीयोग्य भूमिमा ५ प्रतिशतले सिंचाई सुविधा बृद्धि भएको हुनेछ। |

### ३.२.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बिच नीति, कार्यक्रम बिच सामञ्जस्यता, समन्वय र सहकार्यमा सिंचाईका पूर्वाधार, प्रविधि तथा सीप विकास हुनु पर्दछ। यद्यपी सामन्जस्यता, समन्वय र सहकार्यतामा विभिन्न प्रकारका जोखिमहरु पनि रहेका छन्। प्रविधि तथा सिंचाई व्यवस्थापनमा नविनतम खोज तथा विकास गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम पनि छ।

## ३.३ पशुपंछि विकास

### ३.३.१ पृष्ठभूमि

दिगो कृषि विकास र आर्थिक वृद्धिमा पशुपन्छी क्षेत्रको विकास वाञ्छिनिय मानिन्छ। पशुजन्य पदार्थ अन्र्ततग पशुको मासु, रगत, बोसो, पित्त, दूध, फूल, हाड, छाला, सिङ्ग, खुर, प्वाँख, ऊन, भुत्ला, रौं, भ्रूण, वीर्य, ग्रन्थी, मल, मुत्र वा सोबाट बनाइएको अप्रशोधित वस्तु आदी सबैलाई समेट्दछ। पशुपालन व्यवसायलाई विविधिकरण, व्यवसायीकरण, आयमुलक तथा सम्मानित पेशोका रुपमा विकास गरि स्थानीय उत्पादनमा मा योगदान पुऱ्याउने अभियान गरिनु पर्दछ । गाई भैंसी, भेंडाबाखा, कुखुरा जस्ता पशुपक्षी पालन, कृषि व्यवसाय, सामुदायिक वन तथा भू–संरक्षण र उपयुक्त जोत प्रणाली एवम् भू– स्वामित्व व्यवस्था जस्ता कार्यक्रममा प्राथमिकता दिई अघि बढ्न सकेमा पशुपालन क्षेत्रको विकास हुन गई गरिबी निवारण र आम कृषक वर्गको आय तथा रोजगारका अवसर वृद्धि भई खाद्य सुरक्षाका साथै आर्थिक अवस्थामा सुधार हुन सक्ने सम्भावना रहेको छ।

### ३.३.२ समस्या तथा चूनौति

परम्परागत कृषि उत्पादन प्रणालीमा पशुपक्षी पालन पेशा कृषकहरुको आयमूलक व्यवसायको रुपमा रही आएको छ। जडीवुटी, वन्यजन्तुको वासस्थान, घरपालुवा जनावरहरुको जीवन धान्ने श्रोत, नदीनालाको पानीको श्रोत, मनोरम भू-दृश्यहरुका साथै वैज्ञानिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक महत्वका यस्ता क्षेत्रहरु अनादिकाल देखिनै मानव जीवनयापनको अभिन्न अंशको रुपमा रहेका छन्। पशुपन्छि व्यवसायले महिला तथा पिछडिएका कृषक परिवारको आय आर्जनको प्रमुख स्रोतको रुपमा रहेकोछ। पशुपालन व्यवसाय परम्परागत तरिकाबाट सञ्चालन हुनु तथा आधुनिक वैज्ञानिक विधि र प्रक्रिया अवलम्वन नभएका कारण पशुपंछी क्षेत्रको दिगो व्यवस्थापन निकै चूनौतीपूर्ण देखिएको छ। पशुपालन सम्वन्धि अनुसन्धान, खर्क र चरिचरन क्षेत्रको विकास तथा व्यवस्थापनमा क्षेत्रमा लगानीको कमी, भौगोलिक विकटता र दक्ष जनशक्तीको अभाव आदि यस क्षेत्रको चुनौको रुपमा रहेको छ।

### ३.३.३ सोच

पशुपंछि क्षेत्रको सुधार, स्थानीय जनजिविकाको आधार

### ३.३.४ उद्देश्य

१. पशुपालन व्यवसायको उत्पादन तथा उत्पादकत्व वृद्धिगरि गरिबी निवारण तथा खाद्य सुरक्षमा सहायोग पुऱ्याउने।

२. आर्थिक तथा जनस्वास्थ्यका दृष्टिकोणले महत्वपूर्ण पशुरोगहरुको नियन्त्रण र उन्मुलन गर्ने।

### ३.३.५ रणनीति

१. समुदायको अग्रसरतामा पशुपालन व्यवसायको विकास गरी पशुजन्य उत्पादनवाट उच्चतम सामुहिक लाभ हासिल गर्न कृषक समुह/सहकारी संस्थाको स्थापना र विकासलाई प्रोत्साहन र प्रवर्द्धन गर्ने ।
२. स्थानीय स्तरमा उपलब्ध पोषिलो घाँसपातहरुको विउ वृद्धि एवम् नर्सरी स्थापनामा सहयोग पुऱ्याई पुनःरोपण तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाउने ।
३. चरिचरन एवम् घाँस उत्पादनमा सहयोग पुऱ्याउन घाँसको विउ उत्पादन, संरक्षण, संकलन, भण्डारण, वितरण र पुनःरोपण गर्ने व्यवस्था मिलाउने ।
४. पशुपालन व्यवसाय गर्न ईच्छुक कृषकहरुका लागि पशु विमा कार्यक्र सञ्चालन गर्ने ।
५. स्थानीय कृषक समुदाय र सरोकारवालाहरुको सहकार्यमा पशुपंक्षी बजारको पहुँचमा विस्तार तथा कृषक, व्यवसायी र उपभोक्ताको लागि प्रतिस्पर्धात्मक तथा गुणस्तरीय पशुवस्तुको बजार पहुँचमा सहज बनाउने।
६. पशुपालन व्यवसाय प्रर्वद्धनका लागि आवश्यक पर्ने प्राविधिकहरुको दक्षता एंव क्षमता अभिवृद्धि गर्ने ।
७. पशुपंक्षिमा आधारित आयआर्जन गर्ने खालका पशुजन्य उद्यमको अभिवृद्धि गरि खाद्य सुरक्षाको स्थिति सुदृढ गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आधारमा पशुपंक्षि विकासआगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यावसायिक पशुपालनमा संलग्न कृषक | संख्या | ० | ११२० | १२२० | १३२० | १४५० |
| व्यवसायिक फर्मको संख्या | संख्या | ० | ७५ | ८२ | ९० | ९८ |
| बार्षिक दुधको उत्पादन | मे.टन | ० | २७८२२६ | २७८३०० | २७९०० | २८००० |
| बार्षिक मासु उत्पादन | मे.टन | ० | ४०० | ४४० | ४८० | ५३० |
| बार्षिक अण्डा उत्पादन (हजारमा) | संख्या | ० | ३०० | ३४० | ३८० | ४५० |

### ३.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पशुपंछि उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४७७५ | ३८२० | ९५५ | ० | ० | ४७७५ | ० | ० |
| २०८०/८१ | ५३३४ | ४२६७ | १०६७ | ० | ० | ५३३४ | ० | ० |
| २०८१/८२ | ५८७४ | ४६९९ | ११७५ | ० | ० | ५८७४ | ० | ० |

### ३.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | व्यावसायिक पशुपंछी उत्पादन प्रवर्द्धन कार्यक्रम | पशुपन्छी जन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाउनु | सालबसाली | १००८२ | पशुपन्छी जन्य उत्पादन १०% ले बृद्धी हुनेछ । |

| क्र.सं. | कार्यक्रम /आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| २ | पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | पशुपन्छी उपचार सेवा, प्राविधिक ज्ञान, प्रविधि विकास र विस्तार गर्नु | सालबसाली | ५९०० | व्यवसायिक कृषक र पशुपंक्षीजन्य उत्पादनमा आधारित व्यवसायमा २० प्रतिशतले वृद्धि हुनेछ। |

### ३.३.९ जोखिम पक्ष तथा अनुमान

पशुपालन व्यवसाय परम्परागत तरिकाबाट सञ्चालन हुनु तथा वैज्ञानिक विधि र प्रकृया अवलम्वन गर्न नसकिएको अवस्थामा तीनको दिगो व्यवस्थापनको जोखिम देखिन्छ। पशुपंछि सम्वन्धि अनुसन्धान तथा विकास, प्रविधि, पशु प्रसार, चरण क्षेत्र र आहार, पशुपंक्षी उपचार एकीकृत व्यवस्थापन गर्न पर्याप्त आर्थिक लगानी गर्न सके पशुपंछि क्षेत्रको विकासले तिब्रगति लिन सक्ने अनुमान गर्न सकिन्छ।

## ३.४ उद्योग व्यापार र व्यवसाय

### ३.४.१ पृष्ठभूमि

अमरगढी नगर क्षेत्रमा विभिन्न प्रकृतिका दर्ता भएका उद्योग व्यवसायहरु ११६२ रहेका छन्। सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वय तथा सहकार्यमा दिगो एवम् बृहत् आधार सहितको औद्योगिक विकास मार्फत रोजगारी सिर्जना गरी गरिबी न्यूनीकरण गर्नमा उद्योग व्यवसाय क्षेत्रको महत्वपूर्ण भूमिका रहन्छ। औद्योगिक लगानीले उत्पादन र उत्पादकत्व वृद्धि, रोजगारी सिर्जना, स्थानीय स्रोतसाधन र प्रविधिको उपयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा योगदान गर्दछ। नगर क्षेत्रमा हुने औद्योगीक एकीकरणले स्थानीय श्रम, सीप र कच्चा पदार्थमा आधारित लघु तथा घरेलु उद्योगहरूको संरक्षण गरी ठुला र आयात व्यवस्थापन गर्न सहयोग गर्दछ। नगरपालिका, प्रदेश र संघ बीच समन्वय स्थापित गराई औद्योगिक विकासलाई गतिशीलता प्रदान गर्नु पर्ने आवश्यकता छ। आर्थिक वृद्धिको संवाहकको रुपमा रहेको कृषि, पर्यटन र पूर्वाधार विकासको परिपूरकका रूपमा औद्योगिक क्षेत्रलाई अग्र तथा पृष्ठ सम्बन्धका आधारमा निर्यात प्रर्वद्धन गर्ने गरी विकास गर्नु पर्नेछ।

### ३.४.२ समस्या तथा चूनौति

नगर क्षेत्रमा उद्योग तथा व्यापारको क्षेत्रमा प्रयाप्त प्रोत्साहन तथा पुँजीको कमीले उद्योग तथा व्यवसायको विस्तार राम्रोसंग हुन सकेको छैन। यस नगरपालिका क्षेत्रमा वास्तवमा उद्योग तथा प्रतिष्ठानको विकास नगण्य नै छ। व्यवसाय दर्ता, सञ्चालन तथा कर प्रणालीमा प्रक्रियागत जटिलता कायम रहेकोले उद्यमशीलता तथा व्यवसाय गर्ने वातावरण समय अनुसार सुधार हुन सकेको छैन।

लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पूँजी, सीप, कच्चा पदार्थ र उद्यमशिलता सोचको संयोजन गराउन निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, औद्योगिक विकासमा नविन प्रविधिको प्रयोग गर्न नसक्नु यस क्षेत्रमा देखिएका समस्याहरु हुन्। उद्योग तथा वजार अनुसन्धान नहुनु, उद्योगका लागि प्राविधिक जनशक्ति पर्याप्त मात्रामा नहुनु र उद्योगलाई अन्तरनिर्भर क्षेत्रहरु जस्तै कृषि, वन, खानी तथा खानिजन्य क्षेत्रसँग एकीकृत र समन्वयात्मक रुपमा लैजान नसक्नु, स्थानीय कच्चा पदार्थको उपयोग नहुनु, स्वदेशी उद्योग र लगानीकर्तालाई प्रोत्साहन गर्न सहुलियत ऋण, वित्तिय पहुँच नहुनु, प्राविधिक तथा आर्थिक सहयोग प्रदान गर्न नसक्नु, औद्योगिक पूर्वाधारको कमी हुनु यस क्षेत्रमा देखिएका थप समस्याहरु हुन्।

३.४.३ सोच

सुखि नगरवासीको लागि आयमुलक तथा आर्थिक रूपान्तरणकारी उद्योगको विकास"

### ३.४.४ उद्देश्य

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी स्थानीय उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।

२. औद्योगिक क्षेत्रमा विकास गरि स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्नु ।

### ३.४.५ रणनीति

१. उद्योगको विकासका लागि आवश्यक नीति, कानुन र संस्थागत संरचनामा सुधार गर्ने ।

२. स्थानीय स्रोत एवम् सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व. सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| उद्योग व्यवसाय क्षेत्रमा रोजगार व्यक्ति | जना | ० | ३५०० | ३८०० | ४००० | ४२०० |
| नगरमा दर्ता भएका उद्योग व्यवसायहरु | संख्या | ० | ११६२ | १२७८ | १४०६ | १५४६ |
| व्यवसाय करबाट संकलित राजस्व | रु.हजारमा | १६०३ | १८०० | २००० | २२०० | २५०० |
| सञ्चालित औद्यौगिक तथा व्यापार मेला | पटक | १ | ० | १ | १ | १ |
| व्यवसायिक क्षेत्रको वार्षिक उत्पादन (कुल मूल्य अभिवृद्धि) | रु. लाखमा | ४६१६४६ | ५०७८१० | ५८३९८२ | ६७१५७९ | ७७२३१६ |

### ३.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा उद्योग, व्यापार तथा व्यवसाय उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | १५९२ | १५९२ | ० | ० | ३१८३ | ० | ० |
| २०८०/८१ | ३५५६ | १७७८ | १७७८ | ० | ० | ३५५६ | ० | ० |
| २०८१/८२ | ३९१६ | १९५८ | १९५८ | ० | ० | ३९१६ | ० | ० |

### ३.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | लघु, घरेलु तथा साना उद्यम विकास तथा प्रबर्द्धन कार्यक्रम | लघु उद्यमको विकास र प्रवद्धनको माध्यमबाट उत्पादकत्व वृद्धि गरी गरिबी निवारण तथा स्थानीय अर्थतन्त्रमा योगदान गर्ने । | सालबसाली | १०६५५ | ३०० वटा लघु तथा घरेलु उद्यम विकास भई व्यवसायिक क्षेत्रको उत्पादन र रोजगारीमा १० प्रतिशतले वृद्धि हुनेछ । |

### ३.४.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा प्रविधि तथा सीप विकास हुनेछ। वैदेशिक रोजगारबाट प्राप्त पूँजी उद्योग तथा व्यवसायमा परिचालन हुनेछ र वेरोजगार युवाहरुलाई कृषि तथा गैर कृषिमा आधारित लघु तथा साना उद्योगमा आकर्षिक हुनेछन्।

## ३.५ पर्यटन तथा संस्कृति

### ३.५.१ पृष्ठभूमि

अमरगढी नगरको प्राकृतिक सौन्दर्यता, नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने हिमश्रृंखलाहरूको रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको आकर्षण हुने गर्दछ। नगरमा रहेको साँस्कृतिक विविधता र प्राकृतिक सौन्दर्यताले यहाँ पर्यटकहरुलाई आकर्षण गर्दछ। यस नगरपालिकामा रहेका व्यवस्थित र स्तरीय पर्यटकीय स्थल ११ वटा र प्रमुख धार्मिक तथा पर्यटकिय स्थलहरू ५७ वटा रहेका छन्। पर्यटन व्यवसायलाई स्थानीयकरण गर्दै नगर क्षेत्र भित्रका सामाजिक, सांस्कृति, पर्यावरणीय तथा प्राकृतिक रम्यतासँग तादम्यता कायम गरि विश्वकै आकर्षको क्षेत्र खप्तड क्षेत्रको प्रवाहलाई आकर्षित गर्दै यस क्षेत्रबाट आर्थिक क्षेत्रमा थप अवसरहरु सिर्जना गर्न सकिन्छ।

### ३.५.२ समस्या तथा चूनौति

हाल विश्वव्यापि रुपमा फैलिएको कोभिढ १९ पर्यटन व्यवसायको प्रर्वर्द्धनको प्रमुख समस्या हो। पर्यटकहरुको समय-सापेक्ष माग अनुरुपका पर्यटन स्थल र सेवा विकास नहुनु, ग्रामीण पर्यटन व्यवसायको प्रचार नहुनु, भौगोलिक जटिलता, भौतिक पूर्वाधारहरुको अप्रर्याप्तता, पर्यटन विकासको लागि नयाँ गन्तब्य स्थलको खोज नहुनु यस क्षेत्रका प्रमुख समस्याहरु हुन्। पर्यटन विकासको लागि सरकारी एवम् निजी क्षेत्रको नितिगत रुपमा संस्थागत व्यवस्था सुदृढ हुन आवश्यक छ।

### ३.५.३ सोच

"आर्थिक समृद्धिको आधार पर्यटन पूर्वाधार"

### ३.५.४ उद्देश्य

१. पर्यटन उद्योगको विकास मार्फत स्थानीय तहमा रोजगारीका अवसरहरु सिर्जना गर्ने।

२. आर्थिक समृद्धिका लागि पर्यटन व्यवसायमा विविधिकरण गर्ने॥

### ३.५.५ रणनीति

१. विशिष्ट गन्तव्य स्थलको रुपमा स्थापित गर्न स्थानीय मूल्य र मान्यतामा आधारित पर्यटकीय गतिविधिबाट विविधता कायम गरी नयाँ पर्यटकीय गन्तव्यहरुको विस्तार गर्ने।

२. परम्परागत आतिथ्य सहितको विशिष्ट सेवा प्रदान गरी पर्यटकीय सेवाको गुणस्तरमा अभिबृद्धि गर्ने।

३. ग्रामीण पर्यटन मार्फत यस क्षेत्रको लाभलाई जनस्तरसम्म पुर्‍याउने।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरणमा उल्लिखित आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायानुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| वर्षिक पर्यटक घुम्न आउने संख्या | संख्या | ० | १०००० | ११००० | १२००० | २५००० |

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| व्यवस्थित र स्तरीय पर्यटकीय स्थल तथा सम्पदा | संख्या | ११ | ११ | ११ | १२ | १२ |
| पर्यटकको औसत बसाई अवधी | दिन | ० | १ | २ | ३ | ५ |

### ३.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा पर्यटन तथा संस्कृति उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रु. हजरमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | ९५५ | २२२८ | ० | ० | १८९७ | १२८७ | ० |
| २०८०/८१ | ३५५६ | १०६७ | २४८९ | ० | ० | २१४० | १४१५ | ० |
| २०८१/८२ | ३९१६ | ११७५ | २७४१ | ० | ० | २३५९ | १५५७ | ० |

### ३.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | पर्यटकीय स्थल तथा सम्पदा संरक्षण तथा पर्यटन क्षेत्र प्रवद्धन | पर्यटकीय सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | १०६५५ | पर्यटकीय स्थल तथा सम्पदा संरक्षण, प्रचार प्रसार भई वार्षिक थप १० प्रतिशत पर्यटकले भ्रमण गर्नेछन । |

### ३.५.९ जोखिम पक्ष तथा अनुमान

अन्तर सरकार, निजी क्षेत्र तथा निजी साझेदारीमा पर्यटन पूर्वाधार विकास, पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ । वैदेशिक रोजगारबाट प्राप्त पूँजी पर्यटन व्यवस्था परिचालन हुनेछ र वेरोजगार युवाहरु पर्यटन व्यवसायमा आकर्षिक हुनेछन् ।

## ३.६ भूमी व्यवस्था, सहकारी र वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमि

सार्वजनिक निजी र सहकारी क्षेत्रबीच साझेदारी मार्फत लगानीको वातावरण तयार गरी त्यसको उपयुक्त व्यवस्थापनबाट समृद्धिको लक्ष्य हासिल गर्नु आवश्यकत छ । नगर क्षेत्रमा उद्योग व्यापारमा लगानी गर्न वाणिज्य बैंकहरू मार्फत कर्जा लगानी हुने गरेकोछ । नगर पार्श्वचित्र २०७५ को तथ्यांकअनुसार २०७५ सम्म नगरपालिका क्षेत्रमा बैंक तथा वित्तीय संस्थाहरूका १३ वटा शाखा कार्यालय र ४१ वटा सहकारी संस्थाहरु संचालनमा रहेका छन् । कुल १४ लाख १९ हजार ९ सय १४ बचत खाता रहेको देखिन्छ । कूल ४,८६७ परिवारहरूमध्ये ३,८५० (७९.१ प्रतिशत) परिवारको बैङ्क खाता रहेको छ । नगरपालिका क्षेत्रका बैंकमा खाता हुने परिवार करिब ८० प्रतिशत भएकाले बैंकिङ सेवा तथा कारोबारमा ठूलो संख्याको पहुँच रहेको देखिन्छ । सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई नगरपालिका बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन् । उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि र बहुद्देश्यीय आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। बैंक, वित्तीय संस्था एवम्

सहकारीहरुले औपचारिक कारोवार, कर्जा सुविधा र बचतको प्रवृतिलाई प्रवर्द्धन गरेका छन् । अमरगढी नगरको दिगो समुद्धिको लागि भूमि र भूमिस्रोतको समुचित उपयोग र व्यवस्थापन आवश्यक छ । भूमि र भूमिस्रोतबाट प्राप्त हुने लाभको समन्यायिक वितरण सुनिश्चित गर्नु नगरपालिकाको दायित्व पनि हो । नेपालको संविधानमा व्यवस्था भएको सम्पतिको हक, खाद्य सुरक्षा र सम्प्रभुताको हका, महिलाको हक र भूमिहिन दलितको हक कार्यान्वयन गर्न तथा सन् २०३० सम्ममा हाँसिल गरिसक्नुपर्ने दिगो विकासका लक्ष्यहरु प्राप्त गर्न उपलब्ध सीमित भूमि तथा भूमि स्रोतको दिगो व्यवस्थापन गर्न आवश्यक रहेको छ ।

### ३.६.२ समस्या तथा चूनौति

नगर क्षेत्रमा बैंक, वित्तीय संस्था एवम् सहकारीहरुको संख्या तथा कारोवार उच्च रहेको छ । यद्यपी वित्तीय सेवामा महिलाको समान पहुँच रहेको छैन । विकासका लागि वित्तीय स्रोतको कमी हुनु, सार्वजनिक, निजी र सहकारी क्षेत्रबीच अवधारणागत स्पष्टता नहुनु प्रमुख समस्याका रुपमा रहेका छन् । यसका अतिरित्त सार्वजनिक, निजी तथा सहकारी साझेदारी सम्वन्धी नीतिगत संरचना पर्याप्त नहुनु प्रमुख समस्या रहेका छन् । भुउपयोग नीति तर्जुमा भए पनि हालसम्म उक्त नीतिको प्रभावकारी कार्यान्वयन गर्ने भूउपयोग ऐन संघिय र स्थानीय दुबै तहमा नहुनु, कृषियोग्य जमिनको आधिकारीक अभिलेख राख्न नसक्नु, जमिनको प्रकृति र किसिम अनुसार प्रयोग नहुनु, भुमीहिन र सुकुम्वासीको भुमीमाथीको स्वामित्व कायम राख्न नसक्नु आदी भूमि व्यवस्थाका प्रमुख समस्याहरु हुन् ।

### ३.६.३ सोच

"सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीको माध्यमद्धारा उत्पादनशील र रोजगारमूलक आर्थिक वृद्धि" (सहकारी, वित्तीय सेवा)

"सामाजिक न्यायमा आधारित, उत्पादनमुखि दिगो भूमि व्यवस्थापन" (भूमी व्यवस्था)

### ३.६.४ उद्देश्य

१. सार्वजनिक, निजी र सहकारी क्षेत्रबीचको साझेदारीलाई प्रोत्साहन गरी पूर्वाधार र सेवाका क्षेत्रमा सार्वजनिक, निजी र सहकारी साझेदारी अभिवृद्धि गर्नु ।
२. भू-उपयोग नीति अनुसार जमिनको उपयोग गर्ने ।
३. जमीनको उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
४. भूमिको व्यवस्थित र आधुनिक तरिकाले अभिलेख राख्ने ।

### ३.६.५ रणनीति

१. सार्वजनिक निजी तथा सहकारी क्षेत्रबीचको साझेदारीका लागि नीतिगत र संस्थागत संरचनाको प्रबन्ध गर्ने
२. सार्वजनिक निजी सहकारी प्रवर्द्धन गरी लगानीको वृद्धि गरी लगानी वातावरण र लगानी सुरक्षाको प्रत्याभूति गर्ने ।
३. भू-उपयोग नीति बमोजिम क्षमता, उपयुक्तता र आवश्यकतामा भूमिको वर्गिकरण गर्ने ।
४. वर्गिकरण अनुसार जमिनको संरक्षण गरि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने ।
५. उपलब्ध सबै प्रकृतिका भूमिको आधुनिक प्रविधिको प्रयोग सहित अध्यावधिक गर्ने ।

### ३.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सहकारीको नेतृत्वमा महिला सहभागिता | प्रतिशत | | ६० | ६२ | ६५ | ७० |
| वित्तीय सेवामा पहुँच | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ९० |
| सहकारीमा पहुँच भएका घरपरिवार (३० मिनेटको पैदल दूरीमा) | प्रतिशत | | ४० | ४५ | ४७ | ५० |

### ३.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा भूमि व्यवस्था तथा सहकारी उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान | | | | बजेटको स्रोत | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९५५ | ६६९ | २८७ | ० | ० | ९५५ | ० | ० |
| २०८०/८१ | १०६७ | ७४७ | ३२० | ० | ० | १०६७ | ० | ० |
| २०८१/८२ | ११७५ | ८२२ | ३५२ | ० | ० | ११७५ | ० | ० |

### ३.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सहकारी प्रवर्द्धन तथा अन्य कार्यकम | सहकारीको क्षमता अभिवृद्धी तथा नियम पालनामा वृद्धि गर्नु | सालबसाली | ३१९६ | ४१ वटा सहकारीको क्षमतामा अभिवृद्धि भई ५० प्रतिशत सहकारीले उत्पादनमुलक उद्यम व्यवसाय सञ्चालनमा सहयोग गर्नेछन् । |

### ३.६.९ जोखिम पक्ष तथा अनुमान

नगरवासीहरुमा वित्तीय साक्षरताका अवसरहरु उपलब्ध हुनेछ । बैंक, वित्तीय संस्था एवम् सहकारी संस्थाहरु उत्पादनमूलक, व्यवसायमूलक कार्य तथा स्थानीय उत्पादनको बजारीकरणमा बढी क्रियाशिल हुनेछन् । यस्ता संस्थाहरुको खराब कर्जा न्यून जोखिम भएको हुनेछ । उपरोक्त अवस्था सिर्जना हुन नसकेमा लक्ष्य हासिल गर्न जोखिम रहन्छ ।

## ३.७ श्रम तथा रोजगारी

### ३.७.१ पृष्ठभूमि

प्रत्येक नागरिकलाई रोजगारीको प्रत्याभूती गर्न संविधानमा रोजगारीको हकको व्यवस्था गरिएको छ। नेपालमा कुल जनसङ्ख्याको करिब ३० प्रतिशत अर्धबेरोजगार र २.३ प्रतिशत पूर्ण बेरोजगार रहेको अवस्था छ । नगर क्षेत्रमा करिब ३६.९६ प्रशित जनसंख्या बेरोजगार रहेको छ । नगरपालिकाभित्र पर्याप्त रोजगारीका अवसरहरू नभएकोले युवाहरु रोजगारीका लागि विदेशिनु परिरहेको स्थिति छ । कृषि क्षेत्रमा अर्धबेरोजगारीको अवस्था उच्च छ । गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्ध्रौ योजनाका उद्देश्यहरु, विषयगत योजनाहरु तथा दिगो विकासको लक्ष्य न. १ मा गरिबीको अन्त्य गर्ने उद्देश्य अन्तरगत सबै ठाँउबाट सबै प्रकारका गरिबीको अन्त्य गर्ने र लक्ष्य नं ८ मा मर्यादित काम तथा आर्थिक बृद्धि गर्ने लक्ष्य अन्तर्गत भरपर्दो, समावेशी र दिगो आर्थिक बृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ ।

संविधान प्रदत्त रोजगारीको मौलिक हकको कार्यान्वयन तथा दिगो विकासका लक्ष्य प्राप्त गर्न रोजगारीको हक सम्बन्धी ऐन २०७५ जारी भएको छ । रोजगारीको हक सम्बन्धी ऐनले प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गरेको छ । यसैगरी क्षमता अनुसारको रोजगारी छनौट गर्ने, अवसर प्रदान गर्न तथा रोजगारीको शर्त अवस्था तथा बेरोजगार सहायताका बारेमा समेत स्पष्ट रूपमा व्यवस्था गरेको छ। ऐनले कुनै खास वर्ग तथा समुदायको धर्म, लिंग, वर्ण, वर्ग, जातजाति, लिंग, भाषा, क्षेत्र आदिको आधारमा भेदभाव गर्न नपाईने व्यवस्था छ। प्रत्येक नागरिकको रोजगारीको अधिकारलाई सुनिश्चित गरेको छ।

### ३.७.२ समस्या तथा चनौति

श्रम, सीप र उत्पादनबीच तादाम्यता कायम हुन नसक्नु, श्रमप्रतिको सम्मान नहुनु, कृषिमा काम गर्ने श्रमिकलाई समाजले हेर्ने नकारात्मक सोंच, हेपिएको कृषि व्यवसाय, सामाकि उद्यमशिलताको विकास हुन नसक्नु, अव्यवस्थित शहरीकरण, वैदेशिक रोजगारीको मोहबढेर जानु, वैदेशिक रोजगारीबाट प्राप्त सिप, ज्ञान, पूँजी र प्रविधिको उत्पादनमुलक क्षेत्रमा प्रयोग गर्न नसक्नु, श्रमशक्तिको माग र आपूर्तिबीचको अन्तर, बढ्दो बेरोजगारी, न्यून ज्याला दर, सीप तथा उद्यमशीलता विकासका सीमित प्रयासहरू, व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्यसम्बन्धी स्पष्ट मापदण्ड नहुनु, शैक्षिक संस्थाबाट उपलब्ध जनशक्ति र बजारमा उपलब्ध रोजगारबीच तालमेल नहुनु, निकृष्ट प्रकृतिका बालश्रम उन्मूलन हुन नसक्नु, वैदेशिक रोजगारीमा विभिन्न प्रकारका ठगी, सामाजिक संवाद तथा सामूहिक सौदाबाजीमा राजनीतिक प्रभाव, रोजगार सूचना केन्द्रको सुदृढीकरण नहुनु आदि मुख्य समस्याहरु हुन् ।

### ३.७.३ सोच

“मानवोचित जीवन यापनका लागी मर्यादित र उत्पादनमुलक रोजगारीका अवसरहरुको सिर्जना”

### ३.७.४ उद्देश्य

१. नगर क्षेत्र भित्र मर्यादित रोजगारका अवसरहरू सृजना गर्दै बेरोजगारी न्यूनीकरण गर्ने ।
२. नगरक्षेत्रभित्र वालश्रम लगायत सबै प्रकारका श्रम शोषण अन्त्य गर्ने ।

### ३.७.५ रणनीति

१. लगानीमैत्री वातावरण सृजना गरी नगर क्षेत्र भित्रै पर्याप्त र मर्यादित रोजगारी एवम् स्व- रोजगारीका अवसर सिर्जना गर्ने ।
२. सीप तथा व्यावसायिक तालिमको व्यवस्था गर्ने ।
३. श्रमिकको हक अधिकारको संरक्षण तथा असल श्रम सम्बन्ध स्थापना गर्ने ।
४. सबै किसिमको बालश्रम उन्मूलन गर्ने ।
५. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने ।

### ३.७.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित आयोजना | संख्या | १०८ | ६३ | ५० | ५५ | ६० |
| कार्यक्रमबाट सिर्जित रोजगारीको कार्यदिन | दिन | १५० | १८० | २०० | २३० | १५० |

### ३.७.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा श्रम तथा रोजगार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | २०६९२ | ० | २०६९२ | ० | ० | १९७२७ | ९६५ | ० |
| २०८०/८१ | २३११२ | ० | २३११२ | ० | ० | २२०५१ | १०६२ | ० |
| २०८१/८२ | २५४५३ | ० | २५४५३ | ० | ० | २४२८५ | ११६८ | ० |

### ३.७.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | प्रधानमन्त्री रोजगार कार्यक्रम | बेरोजगारलाई मौसमी रोजगार प्रदान गरी वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | ६९२५७ | न्युन आय भएका औषतमा बार्षिक ४०० जना विपन्नले मौसमी रोजगार प्राप्त गरेका हुनेछन् । |

### ३.७.९ जोखिम पक्ष तथा अनुमान

रोजगारी सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा रोजगार सम्बन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । रोजगार प्रवर्द्धन नीति तथा कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

## ३.८ गरिबी निवारण

### ३.८.१ पृष्ठभूमि

नेपालमा योजनाबद्ध विकासको शुरुवात भएको करिब छ दशक भएको छ । योजनाबद्ध विकासको अभ्यास क्रममा नवौं योजनादेखी गरिबी निवारणलाई एकमात्र मूल उद्देश्यको रूपमा केन्द्रमा राखीएको छ। यस बिचमा गरिबी न्यूनीकरणको दिशामा उल्लेख्य प्रगति पनि भएको छ । यद्यपी गरिबीको अवस्था अझै पनि विशेष प्राथमिकतामा राखी सम्वोधन गर्नुपर्ने अवस्थाको रुपमा नै रहेको छ । विशेष गरी महिला, आदिवासी, अल्पसङ्ख्यक तथा दुर्गम ग्रामीण क्षेत्रमा बस्ने आमनागरिकहरूमा गरिवीको गहनता बढी रहेको छ। विशेष क्षेत्र, भुगोल र समुहमा बहुआयामिक गरिबी उच्च छ । गरिबी निवारणका प्रयासहरूमा यिनको अर्थपूर्ण सहभागिता आजको टड्कारो आवश्यकता देखिन्छ। यसर्थ गरिवी न्यूनीकरण प्रयासलाई निरन्तरता दिँदै गरिब र धनीबिचको असमानता घटाउनु र आर्थिक समृद्धि प्राप्त गर्नु आजको आवश्यकता हो ।

यस नगरपालिकामा रहेका कूल ४,८६७ घर परिवारमध्ये मासिक रु. १० हजार भन्दा कम खर्चमै परिवार धान्ने परिवारको संख्या २,७५७ अर्थात् ५६.६५ प्रतिशत, रु. १० हजार देखि रु. २० हजार सम्ममा परिवारको मासिक खर्च धान्नेको संख्या १,५८९ अर्थात् ३२.६५ प्रतिशत, रु. २० हजार देखि रु. ३० हजार सम्म खर्च गर्नेको संख्या २५१ अर्थात् ५.१६ प्रतिशत, रु. ३० हजार देखि रु. ४० हजार सम्म खर्च गर्नेको संख्या ९८ अर्थात् २.०१ प्रतिशत, रु. ४० हजार देखि रु. ५० हजार सम्म खर्च गर्नेको संख्या १०६ अर्थात् २.१८ प्रतिशत र रु. ५० हजार भन्दा माथि खर्च गर्नेको संख्या ६६ अर्थात् १.३६ प्रतिशत देखिन्छ। गरिबीको अवस्था असाध्यै जोखिमपूर्ण रहेकाले नगरपालिकाको तर्फबाट विशेष नितिगत कार्यक्रम गर्नु वर्तमान आवश्यकता रहेकोछ ।

समग्रमा, देशको गरिबीको रेखामुनि रहेको जनसंख्या घटेको भए तापनि शहरी तथा ग्रामीण एवम् विभिन्न भौगोलिक क्षेत्र र सामाजिक समूहबिचको खाडल अझै पनि उच्च रहेको देखिन्छ। गरिबी न्यूनीकरणको राष्ट्रिय लक्ष्य, पन्धौ योजनाको लक्ष्य उद्देश्य तथा दिगो विकासका लक्ष्य नं १ मा गरिबीको अन्त्य अन्तरगत सबै प्रकारका गरिबीलाई सबै ठाँउबाट अन्त्य गर्ने लक्ष्य रहेको र नेपाल सरकारले यी लक्ष्यहरुको प्राप्तिका लागि विभिन्न तहमा क्रियाशिल पनि रहेको छ। दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गरी सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्राप्तिका लागि तिनै तहको सरकारको प्राथमिकता पनि रहेको देखिन्छ।

### ३.८.२ समस्या तथा चूनौति

नगरपालिकाले विभिन्न रोजगार तथा आयमूलक कार्यक्रमहरू लागू गरिरहेको छ। गरिबी निवारणका उद्देश्य तथा नीतिहरू निर्धारण गर्दा विगतका नीति तथा कार्यक्रमको समीक्षा र अनुभव समेतलाई दृष्टिगत गरी लक्षित समूह र क्षेत्रलाई केन्द्रित गरी कार्यक्रम सञ्चालन गरिएको भएता पनि ती कार्यक्रमहरू नतिजामूलक र प्रभावकारी हुन नसक्नु यस क्षेत्रको समस्या भएको छ। गरिबीले आर्थिक विपन्नता, सामाजिक वहिष्करण, राजनीतिक असमानता र दुर्वलतालाई प्रतिविम्वित गर्दछ। स्थानीय सीप, पूँजी र प्रविधिमा पहुँच भएका स्वदेशी उद्यमीहरूको निमित्त स्वरोजगार प्रवर्द्धन गर्नु, सहकारितालाई गरिवी निवारणका कार्यक्रममा आबद्ध गर्नु औपचारिक वा संगठित क्षेत्रमा संयुक्त लगानीमा आधारित उद्योगको माध्यमबाट दक्ष जनशक्तिलाई रोजगारीका अवसरहरू उपलब्ध गराउनु तथा प्रतिस्पर्धाको आधारमा सुरक्षित वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने चुनौती रहेका छन्।

### ३.८.३ सोच

“स्थानीय उत्पादन र रोजगारीमा वृद्धि गर्दै गरिबी न्यूनीकरण र आर्थिक समृद्धि”

### ३.८.४ उद्देश्य

१. गरिबी निवारणसँग सम्वन्धित कार्यक्रमहरु सञ्चालन गर्ने।
२. गरिब वर्ग लक्षित सीप विकास तथा रोजगारी सिर्जना गर्ने।

### ३.८.५ रणनीति

१. महिलाको रोजगारीलाई सुरक्षित र व्यवस्थित बनाउने।
५. उत्पादनमूलक रोजगारी तथा अवसरहरूको विकास गर्ने।
२. क्षमता विकास, उत्पादकत्व वृद्धि, न्यायोचित वितरण र समतामूलक विकासमा जोड दिने।
३. पहिचान भएका गरिब लक्षित गरिबी निवारण योजना, कार्यक्रम तथा परियोजना तर्जुमा एवम् कार्यान्वयन गर्ने।

### ३.८.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएकोछ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति खाद्यान्न उत्पादन (केजी) | के.जी. | | १५ | १५ | १५.५ | १६ |
| आफ्नो आयको दुई तिहाइ भन्दा वढी खानामा खर्च गर्ने जनसंख्या | प्रतिशत | | ६० | ५८ | ५५ | ५० |

### ३.८.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा गरिबी निवारण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | २८६५ | ३१८ | ० | ० | ३१८३ | ० | ० |
| २०८०/८१ | ३५५६ | ३२०० | ३५६ | ० | ० | ३५५६ | ० | ० |
| २०८१/८२ | ३९१६ | ३५२४ | ३९२ | ० | ० | ३९१६ | ० | ० |

### ३.८.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधी, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना/उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | गरिबी निवारण कार्यक्रम तर्जुमा एवम् कार्यान्वयन गर्ने | उत्पादनमूलक रोजगारी मार्फत वार्षिक आयमा वृद्धि गर्नु | सालवसाली | १०६५५ | पहिचान भएका विपन्न लक्षित वर्गका ५०० जनाले रोजगार प्राप्त गरेका हुनेछन् । |

### ३.८.९ जोखिम पक्ष तथा अनुमान

गरिबी निवारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ । नगरपालिकामा गरिबी निवारण सम्वन्धी अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन योजना तर्जुमा हुनेछ । गरिबी निवारण नीति तथा योजना तर्जुमा गरी कार्यक्रममा निरन्तरता नभएमा यसबाट अपेक्षा गरिएको नतिजा हासिल नहुने जोखिम रहेको छ ।

# परिच्छेद चार : सामाजिक क्षेत्र

यस परिच्छेद अन्तर्गत स्वास्थ्य, शिक्षा, खानेपानी, सरसफाई, महिला, बालबालिका र सामाजिक समावेशीकरण, युवा तथा खेलकुद जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ४.१ शिक्षा, विज्ञान तथा प्रविधि

### ४.१.१ पृष्ठभूमि

नगर क्षेत्रमा रहेका शिक्षण संस्थाहरूमा सरकारी ६१ (२२ वटा बाल विकास केन्द्र र ३ क्याम्पस), संस्थागत १८, प्राविधिक विद्यालय ३ गरी कुल ८१ वटा शैक्षिक संस्था सञ्चालनमा रहेका छन् । नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षासम्बन्धी हकको व्यवस्था गरिएको छ। त्यस्तै दिगो विकासको लक्ष्य नं ४ मा गुणस्तरिय शिक्षा अन्तरगत सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने तथा आजीवन सिकाइलाई प्रवर्द्धन गर्ने लक्ष्य रहेको छ। सबैका लागि शिक्षाको सुनिश्चितता, समावेशी र गुणस्तरिय शिक्षाका लागि यो लक्ष्यको जोड रहेको छ। साथै गुणस्तरीय शिक्षामार्फत शैक्षिक जनशक्ति उत्पादन गरी प्रतिस्पर्धात्मक श्रमबजारमा रोजगारी प्राप्त गर्न यो लक्ष्यको कार्यान्वयनमा जोड दिइएको छ। व्यावहारिक परिवर्तन, श्रमसँगको आस्था, जीवनोपयोगी खोज अनुसन्धान, सान्दर्भिकता, देश र सँस्कृतिप्रति प्रेम, नैतिक जिम्मेवारी, मौलिक रूपमा विज्ञान तथा प्रविधिको उपयोग गर्न गुणस्तरीय शिक्षाको आवश्यकता छ ।

### ४.१.२ समस्या तथा चूनौति

विपन्न, दलित, सीमान्तकृत र पिछडिएका समुदायहरूका लागि प्राविधिक शिक्षामा विशेष व्यवस्था गर्न सकिएको छैन । भर्ना भएका विद्यार्थीको निरन्तरता कायम गर्दै अपेक्षित रुपमा सिकाइ उपलब्धी हासिल, विषयगत रुपमा सबै विद्यालयमा शिक्षक व्यवस्थापन, प्राविधिक शिक्षाको अपेक्षित विकास, पठन संस्कृतिको विकास तथा जीवनोपयोगी शिक्षाका लागि सार्वजनिक पुस्तकालय, सार्वजनिक र निजी लगानीका शैक्षिक संस्थाको व्यवस्थापन, जस्ता विषयहरु शिक्षा क्षेत्रमा प्रमुख समस्यका रुपमा रहेका छन् । कक्षा १ देखि ८ कक्षासम्मको शैक्षिक स्तर हासिल गरेको संख्या १५६३ रहेको छ जसमा पुरुष ८०१ र महिला ७६२ रहेको छ । त्यसपछि १५ देखि १९ वर्षका कक्षा ९ देखि १२ सम्मको शैक्षिक स्तर हासिल गरेको संख्या १५०२ रहेको छ जसमा पुरुष ७५२ र महिला ७५० रहेको छ । उमेर बढ्दै जाँदा क्रमशः पढाइको स्तर कम हुने वा छोड्ने प्रवृत्ति उच्च रहेको छ ।

निजी क्षेत्रमार्फत् सञ्चालनमा रहेका संस्थागत विद्यालयहरूको स्तरोन्नति तथा गुणस्तर कायम तथा नियमित अनुगमन गरी शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी बनाउन प्रोत्साहित गर्ने तथा जीवनउपयोगी एवम् गुणस्तरीय कायम गर्नु एक चुनौती रहेको छ ।

### ४.१.३ सोच

“स्थानीय सामाजिक आर्थिक रुपान्तरणका लागि मानव संसाधनको विकास”

### ४.१.४ उद्देश्य

१. सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अनुभवसहित आधारभूत शिक्षा अनिवार्य तथा निशुल्क र माध्यमिक शिक्षामा निशुल्क पहुँचको व्यवस्थालाई सुनिश्चित गरी शिक्षालाई गुणस्तरीय, जीवनोपयोगी र प्रविधिमैत्री बनाउनु ।

२. प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासमा समावेशी र समतामूलक पहुँच विस्तार र गुणस्तर सुनिश्चित गर्नु ।

३. पहुँच र गुणस्तर अभिवृद्धि गरी उच्च शिक्षालाई वैज्ञानिक, नवप्रवर्तनात्मक, अनुसन्धानात्मक, प्रविधिमैत्री र रोजगारमूलक बनाउँदै ज्ञानमा आधारित सामाज र अर्थतन्त्र निर्माण गर्नु ।

### ४.१.५ रणनीति

१. प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई विद्यालय शिक्षाको अभिन्न अंगको रुपमा विकास गरी यसलाई पालिका भित्रका सबै बालकालिकाका लागि अनिवार्य गर्ने ।
२. अनिवार्य तथा निशुल्क शिक्षाको मापदण्डको आधारमा विद्यालय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न सम्बन्धित सबै क्षेत्रलाई क्षमतावान र जवाफदेही बनाउने ।
३. विद्यालय शिक्षामा गुणस्तर मापदण्ड र प्रत्यायन प्रणाली विकास गरी विद्यालयमा समान गुणस्तर कायम गर्ने ।
४. मानव संसाधन, पूर्वाधार तथा प्रविधिको विकास र जीवनपयोगी ज्ञान र सीपमा आधारित पाठ्यक्रम मार्फत सबै विद्यालयहरुको शिक्षामा गुणस्तर कायम गर्ने ।
५. निजी लगानीका विद्यालयको प्रभावकारी नियमन गर्ने व्यवस्था मिलाई नाफामूलकबाट सेवामूलकमा रुपान्तरण गर्ने ।
६. युवाका लागि स्थानीय तहमै प्राविधिक शिक्षा तथा व्यावसायिक सीप विकासको अवसर र पहुँच सुनिश्चित गर्न व्यापक रुपमा प्राविधिक तथा तथा व्यावसायिक शिक्षा र तालिम कार्यक्रमको विस्तार गर्ने ।
७. अनौपचारिक शिक्षा तथा वैकल्पिक सिकाइ मार्फत सिकेका ज्ञान तथा सीपलाई आयमूलक कार्यक्रमसँग आवद्ध गरी जीवन पर्यन्त सिकाईलाई सुनिश्चित गर्ने ।
८. परम्परागत र स्थानीय ज्ञान, सीप र प्रविधिको सबर्द्धन र संरक्षण गर्दै वैज्ञानिक खोजि र अनुसन्धानबाट प्रतिपादित नविनतम प्रविधिलाई पालिकाको समग्र विकास प्रक्रियमा उपयोग गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| पूर्व प्राथमिक तहको खुद भर्ना दर | प्रतिशत | ७० | ७३ | ७५ | ७६ | ८० |
| प्राथमिक तह खुद भर्ना | प्रतिशत | ९७.७ | ९७.८ | ९७.९ | ९८.० | ९९ |
| माध्यमिक तहमा खुद भर्नादर (९ देखि १२) | प्रतिशत | ८० | ८३ | ८५ | ९० | ९३ |
| १५ देखि २४ वर्ष उमेर समूहको महिला साक्षरता दर | प्रतिशत | ९७ | ९८ | ९८.५ | ९९ | ९९ |
| विद्युत्मा पहुँच भएका विद्यालयहरू | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| इन्टरनेटमा पहुँच विद्यालयहरू | प्रतिशत | ९५ | ९६ | ९७ | ९८ | ९९ |
| खानेपानी, सरसफाइ र स्वच्छता सुविधा उपलब्ध विद्यालय | प्रतिशत | ८० | ८२ | ८५ | ८७ | ९० |
| अपांगमैत्री विद्यालयहरू | प्रतिशत | ४० | ४० | ४५ | ५० | ५५ |
| पेशागत प्रशिक्षण प्राप्त शिक्षक | प्रतिशत | ९५ | ९५ | ९७ | ९८ | ९९ |

### ४.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा शिक्षा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १४००७० | ११९०५९ | २१०१० | ० | ० | १३०४१९ | ९६५० | ० |
| २०८०/८१ | १५६४५१ | १३२९८३ | २३४६८ | ० | ० | १४५८३६ | १०६१५ | ० |
| २०८१/८२ | १७२२९७ | १४६४५२ | २५८४५ | ० | ० | १६०६२० | ११६७७ | ० |

### ४.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | उग्रतारा मा.वि. पोखरा नमूना विद्यालय भवन निर्माण आयोजना | सबै पूर्वाधार सहितको विद्यालय भवन निमार्ण गर्नु | २०७९/८० देखि ०८१/ ८२ सम्म | ५०००० | सबै पूर्वाधार सहितको विद्यालय भवन विकास गर्नु |
| २ | विद्यालय भौतिक तथा शैक्षिक पूर्वाधार विकास आयोजना | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ६६००० | ३ वटा विद्यालयमा पुस्तकलाय, विज्ञान तथा ICT प्रयोगशाला स्थापना भई, अध्ययन अध्यापनमाको क्षमतामा गुणात्मक बृद्धि हुनेछ । |
| ३ | शिक्षा, भाषा, कला तथा साहित्व सम्बन्धी अन्य कार्यक्रम | प्रभावकारी रुपमा शैक्षिक सेवा प्रवाह गर्नु | सालबसाली | ३५२८१८ | शैक्षिक पहुच र गुणस्तरमा हालको अवस्थाबाट कम्तिमा १५ प्रतिशतले वृद्धि हुनेछ । |

### ४.१.९ अनुमान तथा जोखिम

शैक्षिक क्षेत्रमा नयाँ विधि तथा प्रविधिको उपयोग भएको हुनेछ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको लागि भौतिक पूर्वाधार, प्राविधिक जनशक्तिको उपलब्धता र न्यायोचित पहुँच सुनिश्चित गर्न आवश्यक पर्ने स्रोत साधनको उपलब्धी र व्यवस्थापन गर्नु, युवाहरुलाई स्थानीय क्षेत्रमै रोजगारीकको अवसरको सिर्जना गर्नु, शैक्षिक प्रशासनको समयसापेक्ष पुन:संरचना, जनसांख्यिक बनौट, आन्तरिक र वाहय बसाइँसराइको प्रवृति समेतको अध्ययन गरी शैक्षिक संस्थाहरुको नक्सांकन गर्नु र सूचना तथा सञ्चार प्रविधिले ल्याएको अवसरको सदुपयोग गर्नु यस क्षेत्रका प्रमुख चुनौति रहेकोछ ।

## ४.२ स्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नेपाली नागरिकलाई राज्यबाट प्राप्त हुने आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने तथा स्वास्थ्य सेवामा सबैको समान पहुँच रहने कुरालाई मौलिक हकको रुपमै प्रत्याभूत गरेको छ । दिगो विकासको लक्ष्य ३ मा आरोग्यता तथा कल्याण अन्तरगत स्वस्थ जीवन सुनिश्चित गर्ने र सबै उमेरका सबै नागरिकहरुको कल्याणको प्रवर्द्धन गर्ने, सबै उमेर समुहका व्यक्तिका लागि स्वस्थ्य जिवन सुनिश्चित गर्दै समृद्ध जीवन प्रवद्धन गर्ने लक्ष्य रहेको छ । अमरगढी नगर क्षेत्रमा जिल्ला स्वास्थ्य कार्यालय १, डडेलधुरा अस्पताल १, आयुर्बेद अस्पताल १, निजी अस्पताल २, स्वास्थ्य चौकी ४, आधारभुत स्वास्थ्य केन्द्र ६, फार्मेसी ८, महिला स्वयम सेविका संख्या ७८, टि.बी. उपचार केन्द्र ५ र सि.ई.ओ.सी.( अपरेसन सेवा) उपलब्ध स्वास्थ्य संस्था १, १६ वटा स्थानमा गाउघर क्लिनीक कार्यकम संचालनमा रहेको छ । बालबालिकाहरूले १०० प्रतिशत खोप पाएका छन् अर्थात पूर्णरुपमा खोप नगर घोषणा भईसकेकोमा दिगोपनाका लागि कार्य निरन्तर भैरहेको छ ।

अमरगढी नगरपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य

शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भई आएका छन् ।

### ४.२.२ समस्या तथा चूनौति

स्वास्थ्य संस्थाहरुमा स्वास्थ्य सामग्री आवश्यकता अनुसार छैनन् । जनताको जीवन शैलीमा आएको परिवर्तनका कारणले उत्पन्न हुने नयाँ रोगको बारेमा जानकारी देखिदैन । स्वास्थ क्षेत्रमा पर्याप्त लगानी हुन सकेको छैन । योगा व्यायामको अभ्यासमा छैनन । स्वास्थ्य विमा कार्यक्रममा प्रक्रियागत झन्झट बढी भईदिदा प्रभावकारी कार्यान्वयनमा समस्या देखिएको छ ।

### ४.२.३ सोच

"स्वस्थ र सुखी नागरिक "

### ४.२.४ उद्देश्य

१. सार्वजनिक तथा निजी क्षेत्र र सामुदायिक स्वास्थ मार्फत सबै किसिमका स्वास्थ सेवाहरुको विकास र विस्तार गर्नु

### ४.२.५ रणनीति

१. आधारभूत देखि विशिष्टिकृत स्वास्थ सेवाको विकास, विस्तार तथा नागरिकको पहुँच सुनिश्चित गर्ने ।

२. आयुर्वेद, प्राकृतिक चिकित्सा तथा होमियोप्याथी सेवाको विकास र विस्तार गरिनेछ ।

३. सबै उमेर समुहका नागरिकहरुको स्वास्थ आवश्यकतालाई सम्बोधन गरी मातृशीशु, बालबालिका र किशोरकिशोरीहरुको सर्वाङ्गिण विकासलाई सुधार तथा विस्तार गर्ने ।

४. नगरपालिकामा कम्तिमा एउटा स्वास्थ संस्था, आवश्यक स्वास्थ सामग्री र दक्ष स्वास्थ कार्यकर्ताहरुको व्यवस्था गर्ने ।

५. सर्ने तथा नसर्ने रोग नियन्त्रण तथा स्वास्थ विपद् व्यबस्थापन पूर्व तयारी तथा सामुदायिक स्वास्थ प्रणाली सहितका एकिकृत उपाय अवलम्बन गर्ने ।

६. आप्रवास प्रक्रियाबाट हुन सक्ने स्वास्थ जोखिमलाई नियन्त्रण गर्ने ।

७. वहुक्षेत्रीय पोषण योजनाको समन्वय र साझेदारी मार्फत प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

### ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रति एकलाख जीवित जन्ममा मातृ मृत्युदर | जना | १ | १ | ० | ० | ० |
| दक्ष प्रसूतिकर्मीको सहयोगमा गराइएको बच्चा जन्मको अनुपात | प्रतिशत | ९५ | ९५ | ९६ | ९७ | ९९ |
| पाँच वर्षमुनिको बाल मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ० | ० | ० | ० | ० |
| नवजात शिशुको मृत्युदर (प्रति हजार जीवित जन्म) | जना | ० | १ | ० | ० | ० |
| नयाँ एचआईभी संक्रमितहरूको संख्या ( प्रतिलाख) | जना | ० | ० | ० | ० | ० |
| क्षयरोग लाग्ने दर (प्रति लाखमा) | प्रतिशत | ५६ | ६४ | ५० | ४५ | ४० |
| वार्षिक रुपमा आत्महत्याबाट हुने मृत्युदर (एक लाख जनसंख्यामा) | जना | १ | २ | १ | ० | ० |

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| परिवार नियोजनका साधन प्रयोग गर्ने प्रजनन उमेर (१५ देखि ४९ वर्ष उमेर) का महिलाको अनुपात | प्रतिशत | १३ | २० | २२ | २५ | ३० |
| मापदण्डअनुसार चार पटक प्रसव पूर्व स्वास्थ्य/सेवा प्राप्त गर्ने महिला (जीवित जन्ममा) | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| हेपाटाइटिस बी खोपको तीन डोज प्राप्त गर्ने शिशुहरूको प्रतिशत | प्रतिशत | ९६ | ८६ | १०० | १०० | १०० |
| उच्च रक्तचापको औषधि सेवन गर्ने १५ वर्ष माथिको जनसंख्या | प्रतिशत | ७ | ८ | ७ | ६ | ५ |
| घरवाट स्वास्थ्य संस्थामा पुग्न ३० मिनेट वा सोभन्दा कम समय लाग्ने घरपरिवार | प्रतिशत | ८० | ८० | ९० | ९२ | ९५ |
| स्वास्थ्य बिमामा सहभागी घरपरिवार | प्रतिशत | ० | ३५.७ | ४० | ४५ | ५० |
| राष्ट्रिय कार्यक्रमहरूमा समावेश गरीएका सबै खोप प्राप्त गर्ने लक्षित जनसंख्याको | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| कुल बजेटमा स्वास्थ्य क्षेत्रको बजेट | प्रतिशत | ० | ६.२३ | ९ | १० | ११ |

### ४.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा स्वास्थ्य तथा पोषण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६३६६८ | ५७३०१ | ६३६७ | ० | ० | ५७२३५ | ६४३४ | ० |
| २०८०/८१ | ७१११४ | ६४००३ | ७१११ | ० | ० | ६४०३७ | ७०७७ | ० |
| २०८१/८२ | ७८३१७ | ७०४८५ | ७८३२ | ० | ० | ७०५३२ | ७७८५ | ० |

### ४.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था पूर्वाधार विकास तथा मर्मत सम्भार कार्यक्रम | प्राथमिकताका आधारमा स्वास्थ्य चौकीको मापदण्ड अनुसारको भवन निर्माण गर्ने | सालबसाली | १०००० | मापदण्ड अनुसार स्वास्थ्य केन्द्र र स्वास्थ्य चौकीको भवन मर्मत सम्भार भई सेवा सहज हुनेछ। |
| २ | आधारभूत स्वास्थ्य कार्यक्रम | वडा तहमा स्वास्थ्य संस्था सञ्चालन तथा सुदृढीकरण गरी नियमित रुपमा आधारभूत स्वास्थ्य सेवा प्रवाह गर्नु | सालबसाली | १७३०९९ | ११ वटा स्वास्थ्य संस्थाहरु मार्फत गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा नियमित रुपमा संचालन हुनेछ र स्वास्थ्य सम्बन्धी दिगो विकासका लक्ष्यहरु पुरा गर्न सहयोग पुग्नेछ। |
| ३ | पोषणमैत्री नगर घोषणा तथा सुशासन प्रवर्द्धन कार्यक्रम | स्वास्थ्य सेवा सम्वन्धी प्राविधिक तथा व्यवस्थापकीय ज्ञान, सीप | सालबसाली | ३०००० | पोषणमैत्री नगरका लागि ११ वटा वडाको संस्थागत तथा व्यक्तिगत क्षमता अभिबृद्धि, ८५ प्रतिशत भौतिक पूर्वाधार निमार्ण तथा ८५ |

| क्र.सं. | उप-क्षेत्र/कार्यक्रम/आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | तथा दक्षता अभिवृद्धि गर्नु र जनस्वास्थ्य प्रवर्द्धन गर्नु | | | प्रशितले रैथाने वालीमा आधारित कृषि प्रवर्द्धन तथा पशुपालन विकास, विद्यार्थी पोषण शिक्षा र करिव ३०० स्वास्थ्यकर्मीको ज्ञान, सीप र दक्षता अभिवृद्धि भई गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा प्रवाह हुनेछ । |

### ४.२.९ जोखिमपक्ष तथा अनुमान

संस्थागत सुदृढीकरण, पर्याप्त स्रोत विनियोजन, स्वास्थ्य सामाग्रीको उपलब्धता, जनशक्ति व्यवस्थापन, अन्तर सरकार र सरोकारवाला बीच प्रभभभावकारी समन्वय, सहकार्य र साझेदारी हुन सकेमा अपेक्षित नतिजा हासिल हुन सक्छ । स्वास्थ्य पूर्वाधार, औषधि र खोप व्यवस्थापनमा अन्तर निकाय तथा सरोकारवालाको सक्रिय सहभागिता र साझेदारी हुन नसकेमा विभिन्न महामारीले नगरबासीबासीको जनस्वास्थ्यको स्थिति क्षय गर्न सक्ने जोखिम रहेको छ ।

## ४.३ खानेपानी तथा सरसरफाई

### ४.३.१ पृष्ठभूमि

खानेपानी तथा सरसफाई सेवाले मानव जीवनमा बहुआयामिक प्रभाव पार्दछ । नेपालको संविधानले खानेपानी तथा सरसफाई सेवालाई मौलिक हकको रुपमा समेत व्यवस्था गरेको छ । दिगो विकास लक्ष्य न. ६ ले सबैका लागि स्वच्छ पानी तथा सरसफाईको उपलब्धता र दिगो व्यवस्थापन सुनिश्चित गर्ने लक्ष्य तय गरेको छ । केन्द्रीय तथ्यांक विभागका अनुसार हालसम्म ८९ प्रतिशत जनसंख्यालाई आधारभूत स्तरको र २१ प्रतिशत जनसंख्यालाई सुधारिएको (उच्च तथा मध्यम स्तर) खानेपानी सेवामा पहुँच पुगिसकेको तथ्यांक छ । नगर क्षेत्रमा रहेका ४,८३७ परिवारहरूमध्ये धारा/पाइपबाट पानी पिउने परिवारको संख्या ८५.०२ प्रतिशत भएकाले सामान्यतया धेरैजसो घरपरिवारमा धारा तथा पाइपको पानीमा पहुँच रहेको छ ।

### ४.३.२ समस्या तथा चूनौति

विभिन्न प्राकृतिक तथा मानवजन्य कारणले पानीका स्रोतहरुमा आएको ह्रासका कारण पानीको उपलब्धतामा कमी आएको छ । अपेक्षा अनुरुप खानेपानी सेवालाई सुरक्षित, भरपर्दो र दिगो बनाउन सकिएको छैन । मानव बस्तीको विस्तार, बढ्दो शहरीकरण र विकाससँगै मानव गतिविधिबाट सिर्जित फोहोरको उचित व्यवस्थापनको अभावमा बस्ती, खोलानाला, जलाशय तथा समग्र वातावरण प्रदुषित हुँदै गएका छन् । जलवायु परिवर्तनका कारण खानेपानीका मुहान सुक्न थालेका कारण खानेपानीको आवश्यकता अनुसारको उपलब्धतामा समस्या देखिएको छ ।

### ४.३.३ सोच

"स्वच्छ, सुरक्षित, सर्वशुलभ र दिगो खानेपानी तथा सरसफाई सेवा'

### ४.३.४ उद्देश्य

१. खानेपानी र सरसफाई सेवाको पर्याप्त, सुरक्षित र सर्वशुलभ रुपमा उपलब्धताबाट जनस्वास्थ्यमा सुधार गर्नु ।
२. सबै नागरिकलाई आभारभूत स्तरको सरसफाइ सेवामा पहुँच तथा मानव मल मूत्र र फोहोर पानीको उचित व्यवस्थापन गरि वातावरणिय स्वच्छता कायम गराउनु ।
३. जलवायु परिवर्तन अनुकुल तथा विपद व्यवस्थापन मैत्री खानेपानी तथा सरसफाइ सेवा सुनिश्चित गर्नु ।

### ४.३.५ रणनीति

१. आधारभूत खानेपानी तथा सरसफाइ सेवाबाट वञ्चित रहेका समुदायको सहभागितामा खानेपानी तथा सरसफाइ सेवा पुर्याउने ।

२. आयोजना समयमै निर्माण सम्पन्न गर्ने तथा सेवा सञ्चालनमा समस्या भएका आयोजनाको उचित मर्मत सम्भार, पुनर्स्थापना तथा समयसापेक्ष सेवास्तर अभिवृद्धि गर्दै जाने ।

३. सुधारीएको खानेपानी सेवा विस्तारको लागि मागको आधारमा सहलगानी, लागत साझेदारी, लागत उठ्तीको सिद्धान्त अनुरुप खानेपानी आयोजना सञ्चालन गर्ने ।

४. खानेपानी तथा सरसफाई आयोजनाहरुलाई जलवायु अनुकुलन तथा विपद् जोखिम न्युनीकरण हुने गरी दिगोपना कायम गर्ने ।

५. खानेपानी स्रोत तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण, भूमिगत पानीको पुनर्भरण तथा जलस्रोतको बहुउपयोग एकीकृत उपयोग तथा पुनरुपयोगलाई प्रोत्साहन र प्रवर्धन गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| आधारभूत खानेपानी सुविधा उपलब्ध घर परिवार | प्रतिशत | ८५ | ८५ | ८८ | ९० | ९२ |
| शौचालय भएका परिवार | प्रतिशत | ९७ | ९७ | ९८ | ९८.५ | ९९ |
| सुचारु खानेपानी आयोजना | संख्या | १० | १० | ११ | १२ | १३ |
| एक घर एक धारा भएका घरपरिवार | प्रतिशत | ८५ | ८५ | ८८ | ९० | ९२ |
| सार्वजनिक शौचालय | संख्या | ५ | ५ | ६ | ७ | ८ |
| नगरपालिकाबाट नियमित फोहर संकलन हुने शहरी घरपरिवार | प्रतिशत | ४०० | ४०० | ४५० | ४७५ | ५०० |
| खानेपानी सुद्धता परिक्षण भएका आयोजना | प्रतिशत | १० | १० | ११ | १२ | १३ |

### ४.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा खानेपानी सरसफाई उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १२७३ | २५५ | १०१९ | ० | ० | ६३० | ६४३ | ० |
| २०८०/८१ | १४२२ | २८४ | ११३८ | ० | ० | ७१५ | ७०८ | ० |
| २०८१/८२ | १५६६ | ३१३ | १२५३ | ० | ० | ७८८ | ७७८ | ० |

### ४.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअनुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | खानेपानी तथा सरसफाई कार्यक्रम | खानेपानी सुविधा सुचारु गराउनु | सालबसाली | ४२६२ | १०० थप धारा निर्माण र चालु धारा सुचारु हुनेछन् । |

### ४.३.९ जोखिम पक्ष तथा अनुमान

नेपालको संविधानद्वारा प्रदत्त खानेपानी तथा सरसफाइको अधिकार अनुरुप सबैलाई स्वच्छ र सुरक्षित खानेपानीको आपूर्ति व्यवस्था गर्नु, संस्थागत संरचानाको सन्दर्भमा खानेपानी तथा सरसफाई क्षेत्रको व्यवस्थित विकासको लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्नु यस क्षेत्रका प्रमुख चुनौती हुन् ।

## ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरिएको छ । दिगो विकासको लक्ष्य ५ मा लैङ्गिक समानताको लक्ष्य अन्तरगत लैङ्गिक समानता हासिल गर्ने र सबै महिला तथा किशोरीहरुलाई सशक्त बनाउने लक्ष्य रहेको छ । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरू पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समानता भने कायम हुन सकेको देखिँदैन । नगरपालिकाले लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणका लागि आर्थिक तथा सामाजिक र साँस्कृतिक रूपमा वहिष्करणमा परेका वर्ग, महिला, दलित, आदिवासी जनजाति, सीमान्तकृत नागरिकहरू समेतलाई लक्षित गरी वार्षिक नीति, कार्यक्रम र बजेट तथा विशेष नीतिगत व्यवस्था गरिनु आवश्यक छ ।

### ४.४.२ समस्या तथा चूनौति

नगर क्षेत्रमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा सकारात्मक प्रयास भए तापनि लक्षित वर्गको अवस्थामा अपेक्षाकृत सुधार हुन सकेको छैन । लक्षित वर्गको खण्डिकृत तथ्याङ्क, विवरण र सो अनुसारको कार्यक्रम नहुनु यस क्षेत्रको प्रमुख समस्या रहेको छ । लक्षित वर्ग, समुहका लागि आवश्यकता अनुसारको वजेट व्यवस्थापन हुन सकेको छैन । व्यवस्थापन भएको बजेट पनि तोकिएको क्षेत्र र समुहका लागि समयमा नै खर्च नहुनु पनि समस्याको रुपमा रहेको छ ।

महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । विकास प्रक्रियामा लक्षित वर्गको अधिकारको अन्तरराष्ट्रिय प्रतिवद्धता तथा संवैधानिक प्रावधान अनुसार प्रभावकारी कार्यान्वयन यस क्षेत्रको प्रमुख चुनौतीको रुपमा रहेको छ ।

### ४.४.३ सोच

"लैङ्गिक समानतामार्फत मर्यादित, न्यायपूर्ण, सुरक्षित र सभ्य समाजको विकास" (महिला)

"बालअधिकार सुनिश्चित भएको बालमैत्री समाज" (बालबालिका)

"आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण। (समावेशिकरण)"

### ४.४.४ उद्देश्य

**महिला**

१. सबै वर्ग र क्षेत्रका महिलाहरूको सामाजिक, आर्थिक तथा राजनीतिक सशक्तीकरण गर्दै महिलाको मुलभूत अधिकार सुनिश्चित गर्नु ।

२. लैङ्गिकतामा आधारित हिंसा, भेदभाव र बहिष्करणको अन्त्य गर्नु ।

**बालबालिका**

१. बालबालिका तथा किशोरकिशोरी मैत्री स्थानीय वातावरण सिर्जना गरी उनीहरुको अधिकारको संरक्षण र संवर्द्धन गर्नु

२. शारिरीक तथा मानसिक लगायता सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्नु ।

**समावेशिकरण**

१. सामाजिक आर्थिक तथा राजनीतिक अवसरबाट बञ्चितीमा परेका गरिब, जाती/जनजाती, लक्षित वर्गका वर्ग र समुदायलाई नगरपालिका भित्र उपलब्ध साधन, स्रोत र अवसरहरुमा समावेशिकरण पहुँच गर्ने ।

### ४.४.५ रणनीति

**महिला**

१. लैङ्गिक मूलप्रवाहीकरण गर्दै पालिकाका प्रत्येक तह र विकास प्रक्रियाका सबै चरणमा महिलाहरूको उल्लेखनीय र निर्णयमा प्रभाव पार्न सक्ने गरी अर्थपूर्ण सहभागिता बढाउने ।

२. लैङ्गिक हिंसा, भेदभाव र बहिष्करण अन्त्यको लागि संरक्षणात्मक उपायहरू अवलम्बन गर्ने ।

३. मातृस्वास्थ्य र प्रजनन स्वास्थ्य लगायतका आधारभुत स्वास्थ्य सेवाहरूका बारेमा महिलाको चेतना बढाई ती सेवामा सहज पहुँच सुनिश्चित गर्ने ।

४. समाजमा भएका सबै प्रकारका हिंसा, कुप्रथा र दुर्व्यवहार न्यूनीकरणका लागि आवश्यक नीति तथा कार्यत्रविधि निर्माण गर्ने ।

५. सूचना प्रविधिमा आधारित प्रभावकारी संयन्त्रको स्थापना गरी समाजमा रहेका रूढिवादी तथा कुप्रथाका विरुद्ध सामाजिक न्याय, पैरवी तथा वकालतका लागि विभिन्न कार्यक्रम आयोजना गरिने ।

**बालबालिका**

१. बाल स्वास्थ्यमा सुधार गरी बाल मृत्युदर घटाउने ।

२. बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच वृद्धि गर्ने ।

३. बालबालिका तथा किशोरकिशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरुको जीवनलाई सुरक्षित बनाउने ।

**समावेशीकरण**

१. सरकारी निर्णय प्रक्रिया तथा संरचनामा सकारात्मक विभेद र आरक्षणको माध्यमबाट अर्थपूर्ण सहभागिता सुनिश्चितता गर्ने ।

२. सीप विकास तालिम प्रदान गरी नगरपालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरू उपयोग गर्न सक्षम तुल्याउने ।

३. परम्परागत सीप, भाषा र संस्कृतिको संरक्षण, सम्वर्द्धन तथा विकासमा जोड दिने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| जीवनभरमा शारीरिक र यौन हिंसा अनुभव गरेका वा त्यस्तो हिंसा भोगेका महिला तथा बालिका | प्रतिशत | ० | ६ | ५ | ४ | ३ |
| यौनहिंसामा परेका १५ वर्ष र माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | ० | ६ | ५ | ४ | ३ |
| यौनहिंसा अनुभव गरेका १५ देखि ४९ वर्षसम्मका महिला | प्रतिशत | ० | ६ | ५ | ४ | ३ |
| नगरसभामा महिला सहभागिता | प्रतिशत | ४० | ३८ | ३८ | ३८ | ३८ |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | २९ | २९ | २९ | २९ | २९ |
| सहकारी क्षेत्रको नेतृत्वमा महिलाको सहभागिता | प्रतिशत | ० | १९ | २० | २२ | २२ |
| जमिनमाथिको सम्पत्तिमा महिलाको स्वामित्व भएको घरपरिवार | प्रतिशत | ० | १२ | १३ | १४ | १५ |

### ४.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | २७०६ | ४७८ | ० | ० | २८६२ | ३२२ | ० |
| २०८०/८१ | ३५५६ | ३०२२ | ५३३ | ० | ० | ३२०२ | ३५४ | ० |
| २०८१/८२ | ३९१६ | ३३२८ | ५८७ | ० | ० | ३५२७ | ३८९ | ० |

### ४.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | महिला विकास कार्यक्रम | महिलाहरुको आर्थिक र सामाजिक ससक्तिकरणमा सहयोग पुर्याउनु | सालवसाली | २५०० | बार्षिक ५०० जना महिला लाभान्वित हुनेछन् र महिलाले प्रवर्द्धन गरेका ८ वटा महिला सहकारी संस्थाको प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| २ | बलबालिका विकास कार्यक्रम | बाल बचाऊ, संरक्षण, विकास र सहभागितामा अभिवृद्धि गरी बाल मैत्री स्थानीय शासन प्रवद्धन गर्नु | सालवसाली | २१०० | बार्षिक १००० जना बालबालिका प्रत्यक्ष लाभान्वित हुनेछन् । |
| ३ | लक्षित वर्ग तथा सामाजिक विकास अन्य कार्यक्रम | विकास तथा सेवा प्रवाह प्रक्रियामा महिला, बालबालिका र पिछडिएको वर्गको सहभागिता र अपनत्व वृद्धि गर्नु | सालवसाली | ६०५५ | स्थानीय शासन प्रक्रियामा महिला, बालबालिका तथा पिछडिएको वर्गको सहभागिता २० प्रतिशतले वृद्धि हुनेछ । |

### ४.४.९ जोखिम पक्ष तथा अनुमान

लैससाससँग सम्बन्धित कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता हुन नसक्दा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

## ४.५ युवा तथा खेलकुद

### ४.५.१ पृष्ठभूमि

स्थानीय विकासमा युवा सहभागिता अभिवृद्धि गर्दै राजनीतिक, सामाजिक, सांस्कृतिक र आर्थिक अधिकारहरुको पूर्ण उपयोग गर्ने वातावरण तयार गरी युवाको सर्वाङ्गीण विकास, सशक्तीकरण र युवा उद्यमशीलताका लागि शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा विशेष अवसर प्रदान गर्नु प्रमुख आवश्यकता रहेको छ । राष्ट्रिय तथा अन्तराष्ट्रिय दस्तावेज तथा संयन्त्रहरु जस्तै २०१५ को डिसेम्बर ९ मा संयुक्त राष्ट्र संघ सुरक्षा परिषद्को ७५७३ औं बैठकले पारित गरेको युवा, शान्ति तथा सुरक्षासँग सम्बन्धीत प्रस्ताव नं. २२५०, दिगो विकासका लक्ष्य, राष्ट्रिय युवा नीति २०७२, युथ भिजन २०२५, युथ भिजन २०२५ तथा दश वर्षे रणनीतिक योजना, राष्ट्रिय युवा परिषद् ऐन २०७२ र नियमावली २०७३, रोजगारीको हक सम्बन्धी ऐन २०७५ ले पनि युवाको विकास र सहभागीतामा जोड दिएको छ । यसका लागि एकीकृत नीति योजना तथा कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याउन आवश्यक छ । नगरको कुल जनसंख्याको ४०.३५ प्रतिशत युवा (१६ देखि ४० वर्ष) रहेको अवस्थामा जनसांख्यिक लाभको अवसरलाई पुँजीकृत गरी स्थानीय विकास तथा आर्थिक समृद्धिमा युवाको योगदान सुनिश्चित गर्नु जरुरी छ ।

### ४.५.२ समस्या तथा चूनौति

युवा लक्षित नीति, योजना तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, युवा विकासको लागि ठोस योजना, युवाको सर्वाङ्गीण विकास नहुनु, खेल मैदानको अभाव, खेल प्रशिक्षक र प्रशिक्षणको अभाव, खेलाडीको प्रतिस्पर्धी क्षमतामा कमी, युवा वेरोजगारी, लागु औषधको प्रयोग र वैदेशिक रोजगारीमा आकर्षण तर सिप र सुचनाको कमीका कारण बढ्दो जोखिम युवा तथा खेलकुद विकासका प्रमुख समस्या हुन् ।

स्तरीय खेलकुद प्रशिक्षण तथा खेलकुदलाई व्यावसायिकतामा कमि छ । खेलाडीको भविष्यको अनिश्चिताका कारण खेल क्षेत्रमा आशातित आकर्षण बढाउन सकिएको छैन । खेलकुदलाई समय बिताउने माध्यमका रुपमा मात्र लिने गरिएको छ । खेललाई व्यावसायिक बनाउन नसकिरहेको अवस्था रहेको छ ।

### ४.५.३ सोच

"युवाको सर्वाङ्गीण विकास स्थानीय निकाय निर्माणको प्रमुख आधार"

### ४.५.४ उद्देश्य

१. युवामा दक्षता र क्षमताको विकास गरी उद्यमशील, रोजगारमूलक र स्वरोजगार बनाउनु
२. स्वच्छ, व्यावसायिक र प्रविधिमैत्री खेलकुद अभिवृद्धि ।

### ४.५.५ रणनीति

१. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासका अवसर विस्तार गर्ने ।
२. युवालाई उद्यम र व्यवसाय सञ्चालनमा प्रोत्साहन गर्ने ।
३. युवाद्वारा सञ्चालित उद्यम, व्यवसाय तथा उद्योगको प्रवद्धन गर्ने ।
४. वित्तीय स्रोत साधनमा युवाको पहुँच विस्तार गर्ने ।
५. नीति निर्माणदेखि कार्यान्वयनसम्म युवाको समावेशी र सार्थक सहभागिता सुनिश्चित गर्ने ।

६. युवामा स्वयंसेवी संस्कृतिको विकास गर्ने ।
७. स्काउटको संरचनालाई विकास र विस्तार गर्ने ।
८. नगरपालिका स्तरीय तथा अन्तरपालिका स्तरीय खेलकुद सम्पन्न गर्ने ।
९. खेलकूदको विकासका लागि भौतिक पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धन गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाई | गत आ.व. सम्मको वास्तविक उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| रोजगारीमा नरहेका १५ देखि २४ उमेर समूहका युवाको अनुपात | प्रतिशत | ७० | ६८ | ६५ | ६० | ५५ |
| प्राविधिक तथा व्यावसायिक तालिम प्राप्त युवा तथा वयस्क (वार्षिक) | संख्या | १४०० | १५०० | १७०० | १८०० | २२०० |
| सक्रिय युवा परिषद तथा युवा संजाल | संख्या | १० | १० | ११ | १२ | १२ |
| कभर्ड हल र स्तरीय खेलकुद मैदान | संख्या | १ | १ | १ | १ | १ |
| खेल प्रशिक्षणमा सहभागी युवा | संख्या | ० | ० | ५० | ७५ | १०० |
| आयोजना हुने खेलकुद प्रतियोगिता बार्षिक | पटक | २ | ३ | ३ | ३ | ३ |

### ४.५.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा युवा तथा खेलकुद उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ९५५ | ४७८ | ४७८ | ० | ० | ३१२ | ६४३ | ० |
| २०८०/८१ | १०६७ | ५३३ | ५३३ | ० | ० | ३५९ | ७०८ | ० |
| २०८१/८२ | ११७५ | ५८७ | ५८७ | ० | ० | ३९६ | ७७८ | ० |

### ४.५.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | युवा प्रतिभा पहिचान तथा परिचालन, खेलकुद विकास र प्रवर्द्धन कार्यक्रम | खेल प्रतिभाको विकास गरी स्वस्थ मानव संशाधन विकास गर्नु | सालबसाली | ३१९६ | करिब ५०० युवाहरुमा खेलकुद प्रतिभाको विकास हुनेछ । |

### ४.५.९ जोखिम पक्ष तथा अनुमान

युवा तथा खेलकुद सम्बन्धी कार्यक्रमका लागि बजेटको यथोचित व्यवस्था, यससँग सम्बन्धित निकायको संस्थागत विकास, जनशक्ति व्यवस्थापन र खेलाडीलाई प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन सक्छ ।

## ४.६ सामाजिक सुरक्षा र पञ्जीकरण

### ४.६.१ पृष्ठभूमि

सामाजिक सुरक्षा नागरिकको अधिकार हो । यो गरिबी न्यूनीकरण र मानव सुरक्षाको महत्वपूर्ण साधन हो । मुलुकको समावेशी विकास गर्न र दिगो विकास लक्ष्यका प्रमुख नतिजाहरूको प्राप्तिमा सहयोग पुऱ्याउन सामाजिक सुरक्षाले महत्वपूर्ण योगदान गर्दछ । आर्थिक रूपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेका, विपन्न एकल महिला, अपाङ्गता भएका, बालबालिका, आफ्नो हेरचाह आफैं गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिक, दलित, बालबालिका आदिलाई लक्षित गरी स्वास्थ्य उपचार सेवा, दिवा खाजा, छात्रवृत्ति, तालिम, रोजगारीलगायतका सामाजिक सुरक्षाका कार्यक्रमहरू कार्यान्वयनमा छन् । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा सबै नागरिकको समान सहभागिता गराउन उनीहरूलाई थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ ।

सामाजिक सुरक्षाले विशेष आवश्यकतामा रहेका, विशेष सहयोग र सम्मानको आवश्यकता पर्ने नागरिकहरुको अधिकारको सम्मान गर्दछ । दिगो विकासका लक्ष्यहरु अन्तरगत लक्ष्य नं ३ मा आरोग्यता तथा कल्याण, लक्ष्य नं ४ मा गुणस्तरिय शिक्षा, लक्ष्य नं ५ लैङ्गिक समानता, लक्ष्य नं ८ मा मर्यादित काम तथा आर्थिक वृद्धि, लक्ष्य नं १० मा असमानतामा न्यूनिकरण, लक्ष्य नं १६ मा शान्ति, न्याय र सक्षम निकायहरुसँग सम्वन्धित लक्ष्यहरु सामाजिक सुरक्षासँग सम्वन्धित छन् । संविधानमै नागरिकको पहिचानको अधिकारलाई सुनिश्चित गरिएको भएतापनि विशेषगरी जन्मदर्ताको समस्या अझै पनि रहेको छ । तोकिएको समयमा पंजीकरणको काम नगरी जहिले आवश्यक पर्दछ त्यहि बेला मात्र पंजीकरणका लागि धाउने अवस्था अभ्यासमा छ ।

### ४.६.२ समस्या तथा चूनौति

महिला, बालबालिका र लक्षित वर्गमैत्री पूर्वाधार, नीति, नियम र संरचनाको कमी रहेको छ । एकल महिला, अपाङ्गता भएका व्यक्ति, दलित, ज्येष्ठ नागरिक तथा महिलाप्रतिको सोच र व्यवहार अझ पनि सकारात्मक बन्न सकिरहेको छैन । बाल संवेदनशिल सामाजिक सुरक्षाको कार्यान्वयन हुन सकेको छैन । बालपोषण भत्ता पर्याप्त छैन । बैंकको सुविधा वडा वडामा सहज नहुँदा बैंकमार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा समस्या छ । घुम्ती सेवा कार्यान्वयन हुन सकेको छैन् । सामाजिक सुरक्षा सम्वन्धी सचेतना नहुँदा नविकरण समयमा नहुने पनि समस्या छ । स्वास्थ्य विमामा अझै सबै परिवार जोडिन सकेका छैनन । सामाजिक सुरक्षालाई स्थानीय आर्थिक सामाजिक विकासका अन्य क्षेत्रका नीति र कार्यक्रमहरूसँग आबद्ध गर्दै लैजानु, गरिबी, वञ्चितीकरण एवम् जोखिममा रहेका जनसमुदायलाई पहिचान गरी उनीहरूको जीवनमा सकारात्मक परिवर्तन ल्याउनु र वित्तीय रूपले धान्न सकिने सामाजिक सुरक्षा प्रणालीको विकास गर्नु प्रमुख चुनौतीहरू हुन् ।

### ४.६.३ सोच

“आधारभूत सामाजिक संरक्षणका सेवा सुविधाहरूमा सबै नागरिकहरूको पहुँचबाट समतामूलक समाज निर्माण” ।

### ४.६.४ उद्देश्य

१. सामाजिक संरक्षणका कार्यक्रमहरूलाई दोहोरो नपर्ने गरी समाजका विपन्न र जोखिममा रहेका जनसमुदायको पहुँच सुनिश्चित गर्नु ।

### ४.६.५ रणनीति

१. सामाजिक सुरक्षा प्रणाली अन्तरगत रहेका कार्यक्रमहरुको पूर्ण रुपमा कार्यान्वयनमा ल्याउने ।

२. सामाजिक सुरक्षाका क्षेत्रमा छरितो नियमनकारी संरचनाको विकास गर्ने ।

### ४.६.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ ।

| सूचक | एकाई | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | ०८०/८१ | २०८१/८२ |
| वार्षिक रूपमा घरेलु हिंसा अन्तर्गत दर्ता भएका प्रहरी मुद्दा | संख्या | | ५१ | ४५ | ४० | ३५ |
| नगर भित्र रहेका सडक बालबालिका | संख्या | | ० | ० | ०० | ० |
| बाल यौनहिंसामा परेका बालिका | संख्या | | ५ | ४ | ३ | २ |
| नगरभित्र रहेका बालगृह | संख्या | १ | १ | १ | १ | १ |
| यौन हिंसामा परेका १५ वर्ष माथिका महिला, किशोरी र बालबालिका | प्रतिशत | | ६ | ५ | ४ | ३ |
| बेचविखनमा परेका महिला किशोरी र बालिका | संख्या | | ० | ० | ० | ० |
| ५ वर्ष मुनीका बालबालिकाको जन्मदर्ता | प्रतिशत | | ८० | ८५ | ९० | १०० |
| सामाजिक सुरक्षामा आवद्ध जनसंख्या | संख्या | | २७४५ | २७५० | २७७५ | २८०० |

### ४.६.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा महिला, बालबालिका तथा समावेशीकरण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९२ | १२७३ | ३१८ | ० | ० | १५९२ | ० | ० |
| २०८०/८१ | १७७८ | १४२२ | ३५६ | ० | ० | १७७८ | ० | ० |
| २०८१/८२ | १९५८ | १५६६ | ३९२ | ० | ० | १९५८ | ० | ० |

### ४.६.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत रु हजारमा | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सामाजिक सुरक्षा कार्यक्रम | कल्याणकारी सेवा प्रदान गर्नु | सालवसाली | ५३२७ | ज्येष्ठ नागरिक, दलित, एकल महिला, बिधवा, पूर्ण तथा आंशिक आपंगता भएका व्यक्ति, दलित बालबालिका र १५०० जना लाभान्वित हुनेछन् |

### ४.६.९ जोखिम पक्ष तथा अनुमान

सामाजिक सुरक्षा कार्यक्रममा प्राथमिकताका साथ बजेट विनियोजन, व्यवहारिक कार्यक्रम तथा नीतिगत परिवर्तन, यस क्षेत्रसँग सम्बन्धित निकाय तथा संरचनाको क्षमता विकास तथा क्रियाशिलता नभएमा अपेक्षित नतिजा प्राप्त नहुने जोखिम रहन सक्दछ ।

# परिच्छेद पाँचः पूर्वाधार क्षेत्र

यस क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरी विकास, सडक, पुल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना, सञ्चार, विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति,

नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ आवास, भवन तथा शहरी विकास

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले आवासको हकलाई मौलिक हकको रुपमा अंगिकार गरी सबै नागरिकको सुरक्षित,उपयुक्त र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्नु पर्ने व्यवस्था गरेको छ । साथै आवसविहिन नागरिलाई आवास सुविधा उपलब्ध गराउने व्यवस्था समेत गरेको छ। दिगो विकासका लक्ष्य नं ११ मा दिगो शहर र समुदाय अन्तरगत शहर र मावन बस्तीलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने लक्ष्य रहेको छ ।  अमरगढी नगर क्षेत्रमा रहेका कूल ४,८६७ परिवारहरूमध्ये लालपुर्जा भएको जमिनमा घर बनाउने परिवारको संख्या ४,०१६ अर्थात् ८२.५१ प्रतिशत, लालपुर्जा नभएको जमिनमा घर बनाउने परिवारको संख्या ५४३ अर्थात् ११.१६ प्रतिशत रहेका छन् भने थाहा नभएको ६.०४ प्रतिशत र बाँकी लागू नहुने अर्थात् आफ्नो घर नहुने परिवारहरू रहेका छन् । आफ्नै स्वामित्वको जमिनमा घर र वा लालपुर्जा लिएका कूल ४,८६७ घरपरिवारमध्ये जम्मा १,३१७ अर्थात् २७.१४ प्रतिशत परिवारहरूसँग मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ। वर्तमान अवस्थामा सेवा, सुविधा र अवसरहरूको खोजी तथा नयाँ शहरहरूको वृद्धिको कारणले सहरी क्षेत्रको जनसङ्ख्या तीव्र वृद्धि हुँदै गएको छ । नगर क्षेत्रको बजार वरपर जनसङ्ख्या तीव्र वृद्धि भएको कारण उपलब्ध सीमित आर्थिक-सामाजिक र भौतिक पूर्वाधार सेवाहरूमा अतिरिक्त चाप पर्न गएको छ।

### ५.१.२ समस्या तथा चूनौति

अव्यवस्थित र बढ्दो शहरीकरणका कारण शहरी क्षेत्रमा आधारभूत सेवा पुऱ्याउन कठिनाई छ ।  आवास निर्माणमा मापदण्डको कार्यान्वयन नहुनु तथा कृषियोग्य जमिनमा आवास निर्माण समस्याको रुपमा रहेको छ । शहरी क्षेत्रमा खानेपानी, फोहोरमैला तथा ढलनिकासको व्यवस्थापन कमजोर, बढ्दो प्रदूषणका कारण वातावरणीय असन्तुलन हुनु, शहर विकास तथा निर्माणमा विपद् व्यवस्थापनको अवधारणा स्थापित नहुनु, शहरी सुविधाहरुको उपलब्धता नहुनु यस क्षेत्रका थप समस्या हुन् । त्यस्ता भूमिहिन वर्ग सुकुम्बासी परिवारहरूको समुचित व्यवस्थापन तथा सूरक्षित आवासका एकीकृत योजना निर्माण गरी व्यवसथित गर्नु एक चुनौती रहेको छ।

### ५.१.३ सोच

"समृद्ध सहर, नगरबासीको रहर" (शहर विकास)
"समुदायको सहभागितामा सबैका लागि सुरक्षित र व्यवस्थित आवासको व्यवस्था" (आवास तथा भवन)

### ५.१.४ उद्देश्य

***शहर विकास***

१. समृद्ध र सुविधायुक्त शहरको निमार्ण, व्यवस्थापन र सुधारका लागि प्राविधिक क्षमता अभिवृद्धिका लागि संस्थागत विकास गर्ने ।

***भवन तथा आवास***

१. व्यवस्थित बस्ती विकास गरी सबैका लागि सुलभ, सुरक्षित र वातावरणमैत्री आवासको प्रवर्द्धन गर्नु
२. भू-कम्प लगायत सबै प्रकारका प्रकोप प्रतिरोधी सार्वजनिक तथा निजी भवनहरू निर्माण गर्नु ।

### ५.१.५ रणनीति

***शहर विकास***

१. आधारभूत पूर्वाधार सुविधा सहितको एकीकृत बस्ती र पहिचानयुक्त सहरको विकासलाई प्रोत्साहन गर्ने ।
२. भू-उपयोग नीतिमा आधारित भई नगरपालिका भित्र पूर्वाधार विकास गर्ने ।
३. शहर-गाउँ अन्तर सम्बन्धलाई सुदृढ गर्ने ।

***भवन तथा आवास***

१. विपन्न र सीमान्तीकृत वर्ग तथा जोखिममा रहेका नागरिकका लागि सुरक्षित, किफायती र वातावरणमैत्री आवास सुविधाको व्यवस्था गर्ने ।
२. नयाँ निर्माण हुने भवनहरू भवन संहिता अनुरूप निर्माण, नमूना भवनहरूको प्रबलीकरण, भवनसंहिताको पालना तथा यससम्बन्धी जनचेतना बढाउने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| मापदण्ड र भूकम्प प्रतिरोधी प्रबिधि अनुसार बनेका आवासीय भवन | प्रतिशत | १० | १५ | २५ | ३० | ३५ |
| गरिब बस्तीहरू र अवैध जमिनमा बसोबास गर्ने जनसंख्या (हजारमा) | संख्या | ५०० | ४५० | ४०० | ३५० | ३०० |
| सुरक्षित घरहरूमा बसोबास गर्ने घरपरिवार | प्रतिशत | ३० | ३५ | ४५ | ५० | ६० |
| सुरक्षित सार्वजनिक यातायातको उपलब्धता | प्रतिशत | ३५ | ४० | ५० | ५५ | ६० |
| घरवाट ३० मिनेटको पैदल यात्रामा पक्की सडकको पहुँच भएका घरपरिवार | प्रतिशत | ३५ | ४० | ४५ | ५० | ५५ |
| मापदण्ड अनुसार निर्माण भएका कार्यालय, विद्यालय तथा स्वास्थ्य भवन | प्रतिशत | ५० | ५५ | ६० | ७० | ७५ |

### ५.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा आवास तथा भवन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ५८८९३ | २९४५ | ५५९४८ | ० | ० | ५५६७६ | ३२१७ | ० |
| २०८०/८१ | ६५७८१ | ३२८९ | ६२४९२ | ० | ० | ६२२४२ | ३५३८ | ० |
| २०८१/८२ | ७२४४३ | ३६२२ | ६८८२१ | ० | ० | ६८५५१ | ३८९२ | ० |

### ५.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर २ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | १०००० | २ तले भवन निर्माण हुनेछ । |
| २ | वडा कार्यालय भवन निर्माण, वडा नबर ६ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | १०००० | २ तले भवन निर्माण हुनेछ |

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| ३ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ११ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०७९/८० देखि ०८०/८१ सम्म | १०००० | २ तले भवन निर्माण हुनेछ। |
| ४ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ३ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०८०/८१ देखि ०८१/८२ सम्म | १२५०० | २ तले भवन निर्माण हुनेछ। |
| ५ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ४ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०८०/८१ देखि ०८१/८२ सम्म | १२५०० | २ तले भवन निर्माण हुनेछ। |
| ६ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ७ | वडा स्तरमा सेवा प्रवाहलाई एकीकृत र सहज बनाउनु | २०८०/८१ देखि ०८१/८२ सम्म | १२५०० | २ तले भवन निर्माण हुनेछ। |
| ७ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम (साना शहरी पूर्वाधार कार्यक्रम) | भवन, आवास, बस्ती तथा शहरी विकासलाई सुव्यस्थित बनाउनु | सालबसाली | १२९६१७ | आवास, भवन तथा शहरी विकास सम्बन्धी सेवा सुचारु हुनेछ। |

### ५.१.९ जोखिम पक्ष तथा अनुमान

भूउपयोग, आवास, वस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको परिपालनामा अभिवृद्धि हुनेछ। भूस्वरुपमा परिवर्तन हुने, शहरीकरणका कारण फोहोरमैलाको विसर्जन र वातावरणीय ह्रासमा वृद्धि भई नगर क्षेत्रको सुन्दरता, हरियाली र स्वच्छतामा ह्रास आउने जोखिम रहेकोछ।

## ५.२ सडक, पुल तथा यातायात

### ५.२.१ पृष्ठभूमि

मुलुकको आर्थिक-सामाजिक विकासलाई गतिशील प्रदान गरी सर्वाङ्गीण विकासमा टेवा पुऱ्याउन सडक यातायातको महत्वपूर्ण योगदान रहन्छ। दिगो विकास लक्ष्य ९ ले उद्योग, नविन खोज र पूर्वाधार अन्तरगत उत्थानशिल पूर्वाधारको निर्माण, समावेशी र दिगो औधोगिकीकरणको प्रवर्द्धन र नवीन खोजलाई प्रोत्साहन गर्ने लक्ष्य रहेको छ। नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम तहगत सरकारको अधिनमा रहन जाने सडक सञ्जालको विकास तथा विस्तारको जिम्मेवारी सम्बन्धित सरकारको मातहतमा रहने व्यवस्था गरेको छ। विगतका विकासका प्रयासहरुले सडक यातायातलाई उच्च प्राथमिकतामा राख्दै आएता पनि तुलनात्मक रुपमा यस क्षेत्रको विकास सन्तोष जनक पाईंदैन। अमरगढी नगर क्षेत्रमा सडक सञ्जालको पहुँच राम्रो रहेको छ। यहाँ राजमार्ग, सहायक राजमार्ग, पक्की तथा कालोपत्रे, ग्राभेल र कच्चि सबै प्रकारका सडकहरू रहेका छन् । नगर क्षेत्रमा बस, ट्रक, टेक्टर, साइकल, जीप र मोटरसाइकलहरूको उपयोग गरिएको देखिन्छ। नगर क्षेत्रभित्र करिव २०४.५ किमि लामो सडक सञ्जाल रहेको छ।

### ५.२.२ समस्या तथा चूनौति

मापदण्ड विपरित हचुवाको भरमा सडक सञ्जालको विस्तार, मापदण्ड विना योजना पहिचान र छनौट, भौगोलिक अवस्था र पर्यावरणीय अध्ययन नगरि योजना छनौट तथा कार्यान्वयन, भौगोलिक जटिलता, मुआब्जा सम्बन्धि विवाद, नतिजामा आधारि रहेर कार्यभार सम्पन्न गर्न नसक्नु आदी यस क्षेत्रमा देखिएका समस्याहरु हुन्।

सडक सञ्जालको विस्तार र सवारी साधनहरूको उपलब्धता संगै सार्वजनिक यातायात व्यवस्थित, सर्वसुलभ, सुरक्षित, गुणस्तरीय र वातावरणमैत्री र यात्रुमैत्री बनाउनका लागि सरकारी तथा निजी क्षेत्रका यातायात व्यवसायीहरूको भूमिकालाई अझै बढी जिम्मेवार बनाउनु पर्ने देखिन्छ। बनौट सुहाउदो, टिकाउ, कम खर्चिलो र स्थानीय स्तरमा नै निर्माण एवम् मर्मत सम्भार गर्नसकिने पुर्वाधार तथा सडक निर्माण प्रविधिको विकासको

साथै साँघुरो पहाडी निमार्ण आफैमा चुनौतिपूण छ । सार्वजनिक यातायातलाई गुणस्तरीय एवम् पहुँचयोग्य बनाउनु, सिन्डिकेट प्रणालीको व्यवस्थापन गर्नु, यातायात क्षेत्रमा सम्बद्ध निकायबीच समन्वय कायम गर्नु, यातायातको अनुगमन कार्यलाई थप प्रभावकारी बनाउनु यातायात क्षेत्रको चुनौतीका रूपमा रहेका छन् ।

### ५.२.३ सोच

"समृद्धिको निकास, सडक सञ्जालको विकास" (सडक)

"स्थानीय समुदायको आवश्यकता मितव्ययि, भरपर्दो र सुरक्षित यातायात प्रणालीको सुनिश्चितता" (यातायात)

### ५.२.४ उद्देश्य

१. सडक विस्तार खर्चलाई न्यूनतम गर्न उपयुक्त निर्माण, मर्मत सम्भार तथा संरक्षण गरी दिगो सडक सञ्जालको विकास गर्ने ।
२. दिगो, भरपर्दो, सुरक्षित र वातावरणमैत्री सडक विस्तार मार्फत आर्थिक क्रियाकलापहरु सहित सेवा प्रवाहको प्रभावकारिता बढाउने ।
३. यातायात व्यवस्थापन प्रणालीमा सुधारगरी समावेशि, सुरक्षित, सर्वसुलभ बनाई सर्वसाधारणको आवागमन तथा ढुवानीलाई पहुँचयोग्य र व्यवस्थित बनाउनु ।

### ५.२.५ रणनीति

***सडक***

१. आर्थिक वृद्धिलाई योगदान पुग्ने गरी सुरक्षित यातायात पहुँच र सुविधा विस्तार गर्ने ।
२. कृषि, उद्योग, व्यापार, पर्यटन, शिक्षा र स्वास्थ्य सेवामा पहुँच बढाउने गरी सडक विस्तार गर्ने ।
३. सडक सञ्जालमार्फत स्थानीय अर्थतन्त्रको संरचनात्मक रुपान्तरण गर्ने ।

***यातायात***

१. संस्थागत सबलीकरण गर्दै यातायात क्षेत्रमा सुशासन कायम गर्ने ।
२. सार्वजनिक यातायातलाई स्तरीय, समावेशी तथा नागरिकमैत्री बनाउने ।
३. यातयात व्यवस्थापनलाई भरपर्दो बनाई दुर्घटना कम गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छः

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| १२ महिना सञ्चालन हुने सडकको २ किमि वरपर बसोबास गर्ने जनसंख्याको अनुपात | प्रतिशत | ५० | ५५ | ६० | ६२ | ६५ |
| सडक घनत्व (किमि प्रति वर्गकिमि) | कि.मि. | २०० | २०५ | २१० | २२० | २३० |
| कंक्रिट सडक | कि.मि. | ०.५ | ०.५ | १.२ | १.५ | २ |
| कालोपत्रे सडक | कि.मि. | १५ | १५ | २० | २२ | २५ |
| ग्राभेल सडक | कि.मि. | ४ | ४ | ६ | ८ | १० |
| राजमार्ग | कि.मि. | ४० | ४० | ४० | ४० | ४० |
| धुले सडक | कि.मि. | १४५ | १५० | १५५ | १६० | १६० |
| कुल सडक लम्वाई | कि.मि. | २०४.५ | २०९.५ | २२२.२ | २३१.५ | २३७ |

### ५.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सडक, पुल तथा यातायात उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १६१९७१ | ८०९९ | १५३८७२ | ० | ० | १५७४६७ | ४५०४ | ० |
| २०८०/८१ | १६४३६७ | ८२१८ | १५६१४९ | ० | ० | १५९४१३ | ४९५४ | ० |
| २०८१/८२ | १८१०३२ | ९०५२ | १७१९८० | ० | ० | १७५५८२ | ५४५० | ० |

### ५.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायानुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | आयोजना/कार्यक्रम वा उपक्षेत्र | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | चिम्रीकोट घटाल सडक निर्माण आयोजना, वडा २ र ३ (नगर गौरव) | यातायात सुविधा व्यवस्थित बनाउनु | २०७९/८० देखि २०८१/८२ सम्म | ९००० | ३.५ कि.मि. कालोपत्रे नमुना सडक निर्माण हुनेछ। |
| २ | बाघ बजार किल्ला पक्की सडक निर्माण आयोजना | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | २०७९/८० देखि २०८१/८२ सम्म | २१००० | १ कि.मी. लम्बाईको सडक निर्माण हुनेछ। |
| ३ | सडक तथा पुल निर्माण, स्तरोन्नति तथा मर्मतसंभार अन्य कार्यक्रम | यातायात सुविधा व्यवस्थित र सहज बनाउनु | सालबसाली | ४७७३७० | ४८ कि.मि. सडक तथा सहायक संरचाना निर्माण र स्तरोन्नति हुनेछ। |

### ५.२.९ जोखिम पक्ष तथा अनुमान

संङ्घीय शासन प्रणाली अनुसार तीन तह बीच नीति, कार्यक्रम बीच सामाञ्जस्यता, समन्वय र सहकार्यमा आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुनेछ। संभाव्यता तथा वातावरणीय अध्ययन भएका आयोजना तथा कार्यक्रमलाई प्राथमिकता, उपभोक्ता तथा सरोकारवालाको सहभागितामा आयोजना व्यवस्थापन गर्न नसकिएमा अपेक्षित नतिजा हासिल हुने जोखिम रहन्छ।

## ५.३ जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

आर्थिक विकास तथा समुदायको दिगो संरचनागत रुपान्तरणमा जलस्रोतको सदुपयोग आवश्यक छ। उपलब्ध जलस्रोतलाई जलविद्युत, खानेपानी र सिँचाइ जस्ता क्षेत्रमा गरिने प्रयोगले आर्थिक विकासमा टेवा पुऱ्याउँछ। दिगो विकासका लक्ष्य न.७ मा किफायती र स्वच्छ उर्जा अन्तरगत सबैका लागि किफायती, विश्वसनिय, दिगो तथा आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने लक्ष्य रहेको छ। हरित अर्थतन्त्रलाई प्रवर्द्धन गर्दै ऊर्जा सुरक्षाको सुनिश्चितता, ऊर्जाको पहुँच र वातावरणीय सन्तुलन स्थापित गर्न नवीकरणीय क्षेत्रको तीव्र विकास हुनु आवश्यक छ । नेपालको सविंधानले जनसहभागितामा आधारित स्वेदशी लगानीलाई प्राथमिकता दिँदै जलस्रोतको वहुउपयोगमा जोड दिएको छ। जलविद्युतमा जनताको लगानि भन्ने आशय यस क्षेत्रको वहुप्रचलित र वहुउपयोगी क्षेत्र हो। जलविद्युत्को आपूर्तिद्वारा प्रशस्त उद्योगहरू स्थापना गर्न सकिन्छ। ।नगरक्षेत्र भित्र रहेको पानीका स्रोतहरुको अध्ययन, अनुसन्धान, संरक्षण र दिगो व्यवस्थापनद्वारा उपलब्ध स्रोतको वहुक्षेत्रिय उपयोग संभव छ। यसका लागी गुरुयोजना निमार्ण आवश्यक छ। नगरपालिकामा रहेका कूल ४,८६७ घरपरिवार मध्ये

मिटर जडान भएका घर परिवारको संख्या ४,२३५ अर्थात् ८७ प्रतिशत रहेका छन् । जलस्रोतको दिगो र अधिकतमा उपयोग तथा विकासका लागि तीनै तहका सरकारसँगको सहकार्य, सक्रियता र समन्वय आवश्यक रहेको छ ।

### ५.३.२ समस्या तथा चूनौति

नगरक्षेत्रको विद्यमान भौगोलिक अवस्था, जलवयु परिवर्तनले निम्त्याएका नकारात्मक असरहरु, कमजोर भू-बनौट, अनियन्त्रित भौतिक पूर्वाधारहरुको विस्तार, अव्यवस्थित वस्ति, भू-उपयोग का कारण उत्पन्न, वाढि, पहिरो, भुक्षय जलस्रोतको क्षेत्रमा देखिएका प्रमुख समस्या हुन् । खानेपानी, जलविद्युत र सिँचाइजस्ता गौरबशालि क्षेत्रमा निमार्ण गरिने नीति तथा योजनामा एकिकृत समन्वय हुन नसक्नु यस क्षेत्रको समस्या हो । जल स्रोतको व्यवस्थापन विकास र उपयोग सम्बन्धमा अन्तर निकाय एवम् सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय गरि अधिकतम लाभ लिने गरि जलस्रोतको व्यवस्थापन र उपयोग गर्नु प्रमुख चुनौती हुन् ।

### ५.३.३ सोच

“जलस्रोतको उच्चतम उपयोग गर्दै समृद्धिको जग बलियो बनाउने” (जलस्रोत)

“विद्युत्को सहज पहुच मार्फत नगरपालिकाको दिगो विकास र समृद्धि” ( विद्युत्)

### ५.३.४ उद्देश्य

१. उपलब्ध जलस्रोतको वहुआयामिक र समन्यायिक उपयोग मार्फत स्थानीय अर्थतन्त्रको विकासमा सन्तुलति विकास गर्नु,
२. जलाधार क्षेत्रको दिगो व्यवस्थापन गरि आर्थिक जोखिमलाई न्युनिकरण गर्नु,
३ . विद्युत् सेवाको विस्तार गरी सबै घरपरिवार र क्षेत्रमा स्वच्छ ऊर्जाको पहुँच सुनिश्चित गर्नु,
४. स्वच्छ र किफायती ऊर्जाको पहुँच पुऱ्याई परम्परागत ऊर्जा माथिको निर्भरतामा कमी ल्याई वातावरण संरक्षण गर्ने,
५. नविकरणीय ऊर्जाको विकासबाट रोजगारी एवम् उत्पादकत्वमा बृद्धि गर्नु ।

### ५.३.५ रणनीति

१. जलस्रोतको वहुआयामिक तथा समन्यायिक विकासको लागि नीतिगत तथा संरचनात्मक सुधार गर्ने ।
२. जलाधार क्षेत्रको दिगो र भरपर्दो व्यवस्थापनमा कार्यात्मक अभियानसहित जनचेतनामुलक कार्यक्रम गर्ने
३. विद्युत् विस्तारमा लगानी बढाई विद्युत् मार्फत उत्पादनमा वृद्धि गर्ने ।
४. विद्युत्को प्रसारण व्यवस्थालाई थप सुदृढ तथा विस्तार गर्ने ।
५. वितरण प्रणालीलाई प्रभावकारी बनाई विद्युत्को पहुँच सर्वसुलभ बनाउने ।
६. ऊर्जा दक्षता बढाउन वितरण प्रणालीलाई प्रभावकारी एवम् भरपर्दो बनाउने ।
७. स्थानीय अर्थतन्त्रको विकासका लागि विद्युतीकरणलाई स्थानीय आर्थिक कियाकलापसँग आबद्ध गर्ने ।
८. वातावरण-मैत्री नविकरणीय ऊर्जा प्रविधिको विकासमा जोड दिने ।
९. नगरक्षेत्र भित्र सरोकारवालाहरुसँगको सहकार्यमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणालाई प्राथमिकतामा राखि आधुनिक, सफा, भरपर्दो र दिगो ऊर्जा सेवाको पहुँचमा वृद्धि गर्ने ।
१०.नवीकरणीय ऊर्जामा जनताको पहुँच बढाई जीवनस्तरमा सुधार र रोजगारीमा वृद्धि गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विद्युत्मा पहुँच भएका जनसंख्याको अनुपात | प्रतिशत | ९५ | ९६ | ९८ | ९७ | ९८ |
| खाना पकाउन ऊर्जाको प्राथमिक स्रोतका रूपमा दाउरा प्रयोग गर्ने परिवार | प्रतिशत | ७० | ६८ | ६५ | ६० | ५५ |
| खाना पकाउन र पानी तताउन एलपी ग्यास प्रयोग गर्ने घरपरिवार | प्रतिशत | २५ | ३५ | ३८ | ४० | ४२ |
| खाना पकाउन र पानी तताउन विद्युत प्रयोग गर्ने घरपरिवार | प्रतिशत | ५ | १० | १५ | २० | २५ |
| विद्युत्बाट चल्ने सवारी साधन | प्रतिशत | ० | ० | १ | २ | ४ |

### ५.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विद्युत तथा उर्जा उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | ३१८ | २८६५ | ० | ० | २५४० | ६४३ | ० |
| २०८०/८१ | ३५५६ | ३५६ | ३२०० | ० | ० | २८४८ | ७०८ | ० |
| २०८१/८२ | ३९१६ | ३९२ | ३५२४ | ० | ० | ३१३७ | ७७८ | ० |

### ५.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु. हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्युत तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | कार्वन उत्सर्जन न्यूनिकरण गर्नु | सालबसाली | १०६५५ | कार्वन उत्सर्जन बार्षिक रुपमा १० प्रतिशतका दरले कम हुनेछ। |

### ५.३.९ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित उपलब्धि हासिल गर्न नसकिने अवस्था समेत रहेको छ। उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धि हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नागरिकको संविधान प्रदत्त मौलिक हकको रूपमा रहेको सूचनाको हकको संरक्षण र संवर्द्धन गर्दै आमसञ्चारलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, जिम्मेवार र व्यावसायिक बनाउन आवश्यक व्यवस्था गर्ने राज्यको नीति हुने संवैधानिक व्यवस्था रहेको छ। आर्थिक विकासको संवाहक एवम् उत्प्रेरकको रुपमा रहेको सञ्चार तथा प्रविधि क्षेत्रलाई मर्यादित, व्यावसायिक, सक्षम र सबल बनाउने दायित्व र जिम्मेवारी नगरपालिका रहेकोछ। दिगो विकास लक्ष्यले सबैले धान्न सक्ने गरी इन्टरनेटको पहुँचमा वृद्धि गर्ने उल्लेख गरेको छ।

यस नगरपालिकामा विभिन्न ४ वटा निजी स्थानीय एफ्.एम् रेडियो स्टेसनहरु रहेका छन् । त्यस्तै पत्रपत्रिका तर्फ दैनिक, साप्ताहिक र मासिक गरी जम्मा ९ ओटा पत्रपत्रिकाहरू नियमित रुपमा प्रकाशित भैरहेका छन् । नगर क्षेत्रमा कान्तिपुर एफ.एम., रेडियो नेपाल लगायत विभिन्न स्टेसनहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको सुन्न सकिन्छ । नगर क्षेत्रमा नेपाल टेलिकम र एनसेलको 3G Network सेवा उपलब्ध छ । नगर क्षेत्रमा NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने उग्रतारा केवल नेटवर्क, भायनेट, वर्ड लिंक तथा डिस होमजस्ता माध्यमबाट नगरबासीले मनोरन्जनात्मक टि.भी कार्यक्रमहरू हेर्ने गरेका छन् ।

### ५.४.२ समस्या तथा चूनौती

सूचना तथा प्रविधिको विकासका लागि प्रर्याप्त मात्रामा अनुसन्धान र खोजमुलक कार्य , संचार क्षेत्रमा आवश्यक बजेट विनियोजन नहुन प्रमुख समस्याको रुपमा रहेको छ । संचार क्षेत्रलाई केवल मनोरञ्जनको साधनका रुपमा मात्र प्रयोग गर्नु यस क्षेत्रको अर्को समस्या हो । नगर क्षेत्रकोको वस्ति स्तरसम्म दूरसञ्चार सेवाको पहुँच विस्तारसँगै गुणस्तर कायम गर्नु र नगरपालिकाको स्वामित्वमा रहेका आमसञ्चार माध्यमलाई व्यावसायिक, प्रतिस्पर्धी, गुणात्मक, आधुनिक प्रविधियुक्त र विकेन्द्रित गर्दै स्वनिर्भर तुल्याउनु संचार क्षेत्रको चुनौती रहेकोछ ।

### ५४.३ सोच

"सूचना प्रविधिमा आधारित स्थानीय अर्थतन्त्रको निमार्ण"

### ५.४.४ उद्देश्य

१. आधुनिक सञ्चार तथा सूचना प्रविधिमाथि सबै जनताको पहुँच विस्तार गर्नु ।

### ५.४.५ रणनीति

१. सूचनामा सबै नगरवासीहरुको पहुँच तथा उपयोग सुनिश्चित गर्ने ।
२. सार्वजनिक सञ्चार माध्यमहरूलाई प्रतिस्पर्धी, व्यावसायिक, आधुनिक र स्वायत्त बनाउने ।
३. जनताको सुसूचित हुन पाउने सूचनाको हकको प्रत्याभूति गर्न उचित व्यवस्था मिलाउने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| इन्टरनेट सेवा उपलब्ध घर परिवार | प्रतिशत | ५५ | ६५ | ७० | ८० | ८५ |
| नगरमा सञ्चालित सफ्टवेयर र सुचना व्यवस्थापन प्रणाली | संख्या | ८ | १० | १२ | १५ | २० |
| इन्टरनेट सुविधा उपलब्ध वडा कार्यालय, स्वास्थ्य संस्था र विद्यालय | प्रतिशत | ० | ६० | ६५ | ७० | ७५ |

### ५.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४७७५ | ९५५ | ३८२० | ० | ० | ४४५३ | ३२२ | ० |
| २०८०/८१ | ५३३४ | १०६७ | ४२६७ | ० | ० | ४९८० | ३५४ | ० |
| २०८१/८२ | ५८७४ | ११७५ | ४६९९ | ० | ० | ५४८५ | ३८९ | ० |

### ५.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | सूचना तथा सञ्चार प्रविधि प्रवर्द्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु | सालबसाली | १५९८२ | कार्यपालिका कार्यालय, विषयगत शाखा र ११ वटै वडा कार्यालयमा विद्युतीय सुशासनको अभ्यास सुचारु हुनेछ । |

### ५.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, दक्ष मानव संशाधन उपलब्ध भएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

# परिच्छेद छ : वातावरण तथा विपद व्यवस्थापन

यस परिच्छेद अन्तर्गत वन भूसंरक्षण तथा जैविक विविधता, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भुसंरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

अमरगढी नगरपालिका वन वातावरण र जैविक विविधताको दृष्टिकोणले सम्पन्न नगरपालिकाको श्रेणीमा पर्दछ। यस नगरमा उष्णदेखि समशीतोष्णमा हुने वन्यजस्तु तथा वनस्पतिहरू पाइन्छन् ।नगर क्षेत्रमामा पाइने प्रमुख वनस्पतिका प्रजातिहरूमा साल, श्रीखण्ड, रुद्राक्ष, अस्ना, सल्ला प्रजाती, चिउरी, सिमल, चाँप, टुनी, खयर, ओखर, सतिसाल, अर्जुन, रातो सिरिस, भिमल, गिठा, लालिगुँरास, काउलो, अमला, सुगन्धकोकिला, दालचिनी, बर, सुगन्धवाल, पाषणबेद, टिमुर, चिराईतो, कुरिलो पाइन्छ। यस्ता पैदावारहरूले जैविक विविधताको संरक्षण गर्नुका साथै रोजगारी र आयआर्जनको आधार तथा साना उद्योगहरूलाई अवसर प्रदान गरेका छन् ।

नगर क्षेत्रमा जम्मा ६२ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ । सामुदायिक वनले ४६८७.४७ हे. क्षेत्रफल ओगटेको छ । जसबाट यस नगर क्षेत्रका ५,३१८ परिवार जनसंख्या लाभान्वित भएका छन् । २६ वटा कबुलियती वन छन् जसले ८५.९८ हे. क्षेत्रफल ओगटेको छ । जलवायु परिवर्तनको दरलाई न्यूनीकरण गर्नका लागि वन संरक्षण र विकासबाट कार्बन संरक्षण र सञ्चिति गर्न सकिने, वन तथा जैविक विविधता संरक्षणबाट पर्यापर्यटनलाई संस्थागत र विकास गर्ने तथा जलाधार क्षेत्रको दिगो व्यवस्थापनद्वारा भूक्षय नियन्त्रण गर्दै जलस्रोत अभिवृद्धि र कृषि विकासमा टेवा पुऱ्याउने संम्भावनाहरू यहाँको वन क्षेत्रमा रहेको छ। दिगो विकासको लक्ष्य १५ मा जमिनमाथिको जीवन अन्तरगत स्थल पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपभोगको प्रवर्द्धन गर्ने, वनको दिगो व्यवस्थापन गर्ने, मरुभुमीकरण विरुद्ध लड्ने, भुक्षयीकरण रोकेर त्यस्तो प्रक्रियालाई उल्ट्याउने तथा जैविक विविधताको क्षतिलाई रोक्ने लक्ष्य रहेको छ ।

### ६.१.२ समस्या तथा चूनौति

वन, हरियाली र जैविक विविधताको संरक्षण र दिगो व्यवस्थापनमा यथोचित ध्यान पुग्न सकेको छैन । नगरक्षेत्रमा भएको वन तथा सम्पदाको दिगो सदुपयोग, मुल्यवान जडिबुटिको सदुपयोग, दिगो वन व्यवस्थापनको कार्यान्वयन, तथा वन क्षेत्रको क्षयिकरण र ह्रासलाई नियन्त्रण गर्न नसक्नु यस क्षेत्रमा देखिएका प्रमुख समस्याहरु रहेका छन् ।

शहरीकरण तथा अतिक्रमणका कारण वन क्षेत्रको संरक्षणमा चुनौति थपिएको छ। जलवायु परिवर्तनका कारण भूक्षय, बाढी, पहिरो तथा वन विनास जस्ता प्राकृतिक प्रकोपको प्रतिकूल असर परेको छ। स्थानीय बासिन्दाबाट आफ्नो वनको जैविक विविधता तथा पर्यावरणीय प्रणालीको बारे सचेतना कम रहेको छ । शहरीकरणलाई व्यवस्थित गर्नु वन तथा जैविक विविधताको संरक्षण क्षेत्रको चुनौतीको रुपमा रहेकोछ । विश्वव्यापि रुपमा बढ्दै गएको जलवायु परिवर्तनको असरबाट सुरक्षित तरिकाले वन सम्पादको संरक्षण तथा वनजन्य स्रोतहरुको दिगो व्यवस्थापन अर्को चुनौतिको विषय रहेको छ ।

### ६.१.३ सोच

"वन तथा वनस्पतिमा विविधता, समृद्धि र खुसियाली अर्थतन्त्रको आधार"

### ६.१.४ उद्देश्य

१. वन तथा वनस्पति सम्पदाको आधिकारीक अभिलेख सहित दिगो संरक्षण र व्यवस्थापन गर्ने ।
२. वन तथा वनस्पति सम्पदाको उत्पादन, उत्पादकत्व र वातावरणीय सेवामा वृद्धि गर्ने ।

### ६.१.५ रणनीति

१. विद्यमान वन क्षेत्र कायम राखी वनको घनत्व, उत्पादकत्व र उत्पादन वृद्धिको लागि वनको सहभागितामूलक दिगो एवम् वैज्ञानिक व्यवस्थापन गर्ने ।

२. दिगो वन व्यवस्थापन र संरक्षणमार्फत वातावरणीय सन्तुलन कायम राखी जलवायु परिवर्तन न्यूनीकरणका सम्भावित अन्तर्राष्ट्रिय लाभहरूलाई स्थानीय स्तरसम्म पुऱ्याउने ।

३. वन पैदावारमा आत्मनिर्भरता हासिल गर्दै यसमा आधारित उद्यमशीलता र रोजगारी वृद्धि गर्ने ।

४. वन क्षेत्रको दिगो व्यवस्थापनका लागि तीनै तहका सरकार बीच समन्वय गरी आवश्यक कानुन निमार्ण र कार्यान्वयन गर्ने ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व.सम्मको उपलब्धि | चालु आ.व.सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| सामुदायिक वन | संख्या | ६२ | ६२ | ६२ | ६२ | ६२ |
| पार्क तथा उद्यान | संख्या | ४ | ४ | ४ | ४ | ४ |
| बृक्षरोपण गरिएको क्षेत्र | हेक्टर | १३ | १३ | १३.२५ | १३.५ | १४ |
| नदी नियन्त्रणका लागि गरिएको बाँध तथा स्परको लम्बाई | रनिङ्ग मिटर | ० | ० | १०० | १०० | १०० |

### ६.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा वन तथा भूसंरक्षण उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९२ | ६३७ | ९५५ | ० | ० | ६२७ | ९६५ | ० |
| २०८०/८१ | १७७८ | ७११ | १०६७ | ० | ० | ७१६ | १०६२ | ० |
| २०८१/८२ | १९५८ | ७८३ | ११७५ | ० | ० | ७९० | ११६८ | ० |

### ६.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वन, भूसंरक्षण तथा जैविक विविधता प्रवर्द्धन कार्यक्रम | हरियाली क्षेत्र विस्तार तथा वनको दिगो व्यवस्थापन गर्नु | सालबसाली | ५३२७ | सामुदायिक वनमा सञ्चालन हुने आयआर्जन र जीविकोपार्जनका कार्यमा २० प्रतिशतले वृद्धि हुनेछ |

### ६.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ । जलवायु परिवर्तनको असर अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन नभएमा अपेक्षित नतिजा हासिल नहुन सक्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

प्रकृतिभित्रका रचनाहरूलाई दिगो परिचालन, व्यवस्थापन र उपयोगद्वारा वर्तमान र भाविपुस्ताका आधारभूत आवश्यकताहरू पूरा गर्नु नै वर्तमान विकास अभियानको लक्ष्य हो । पृथ्वीमा रहेका प्राकृतिक साधनस्रोत र वातावरण भावी पुस्ताकालागि संरक्षण गर्ने, प्रकृतिसँग सामन्जस्यता कायम गर्दै समृद्ध र समुन्नत जीवनको निर्माण गर्ने दिगो विकासका पाँच स्तम्भहरु मध्येको दुई स्तम्भहरु हुन् । संविधानले प्रत्येक नागरिककलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक व्यवस्था गरी यसको व्यवस्थापनलाई तीनै तहका सरकारको उच्च प्राथमिकतामा राखेको छ । वातावरणीय व्यवस्थापन भनेको प्राकृतिक स्रोतहरूसँग मानवको विवेकपूर्ण संयोजन हो जहाँ कानुनी दायरा, आर्दशतम उपभोग, पर्यावरणीय सन्तुलनजस्ता आधारभूत तथ्यहरू पनि समावेश भएको हुनुपर्दछ ।

यस नगरलाई सधैं सफा र वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई टोल विकास संस्था, टोल सुधार समाज र विपद् व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा संचालन भइरहेको छ । वर्तमान अवस्था सम्म अमरगढी नगरमा शहरीकरणको धेरै प्रभाव नभएकोले स्वच्छ हावापानी तथा प्राकृतिक वातावरणको अनुभव गर्न सकिन्छ । तर पनि दैनिक रुपमा घरबाट निस्किएको फोहोरलाई उचित व्यस्थापन गर्न सकिएको खण्डमा फोहोर मैलाको व्यवस्थापन हुन्छ । जसले नगरका बासिन्दालाई स्वस्थकर जीवन जिउन मद्दत गर्दछ । यस विषयमा नगरपालिकाले विशेष प्राथमिकताका साथ कार्य गर्नुपर्ने देखिन्छ । यस क्षेत्रमा जनसंख्याको चाप कम, जमिन र जनंख्याको अनुपातमा जमिन धेरै, वन जंगलले ओगटेको क्षेत्रफल बढी भएकोले तुलनात्मक हिसाबले वातावरण प्रदुषण कम पाईन्छ ।

### ६.२.२ समस्या तथा चुनौति

वातावरणीय योजना र नीतिहरुको कार्यान्वयन, विश्वव्यापी रुपमा बढ्दै गएको जलवायु परिवर्तनको असर न्युनीकरण गर्न नसक्नु, एकिकृत र योजनावद्ध विकास कमजोर हुनु, वातावरणीय योजना महत्वकांक्षि हुनु, अव्यवस्थति भौतिक पूर्वाधारहरुको विस्तार हुनु, वातावरणीय र सामाजिक प्रभाव मुल्याङ्कन नगर्नु, सार्वजनिक र निजी घरहरुबाट निष्कने फोहोरको दिगो व्यवस्थापन गर्न नसक्नु, कृषिमा रासायनिक मलको प्रयोग बढाउँदै जानु, खालि जमीनमा वृक्षारोपण गर्न नसक्नु, सरोकारवाला निकायहरुविच वातावरणीय व्यवस्थापनमा एक्यवद्धता नहुन यस क्षेत्रम देखिएका समस्याहरु रहेका छन् । सार्वजनिक र निजी घरहरुबाट निष्कने फोहोरलाई स्रोतमै वर्गीकरण, प्रशोधन र पुनः प्रयोगलाई प्रोत्साहन गरी वैज्ञानिक फोहोर व्यवस्थापनलाई बढावा दिनु पर्ने अवसरसँगै चुनौती रहेकोछ ।

### ६.२.३ सोंच

“सुन्दर र हरियाली जलाधार, नगारपालिकाको दिगो आधार”

### ६.२.४ उद्देश्य

भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम गर्नु ।

### ६.२.५ रणनीति

१. वातावरण व्यवस्थापनलाई आन्तरिकीकरण गर्दै वातावरण संरक्षण एवम् प्रदूषण नियन्त्रणका लागि संस्थागत क्षमता अभिवृद्धि गरी विकास कार्यक्रमको अभिन्न अङ्गका रूपमा सञ्चालन गर्ने ।
२. निर्माण सम्पन्न भइसकेका भौतिक पूर्वाधारहरुको नियमित तथा आवधिक मर्मत सम्भार गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | ० | १ | १ |
| फोहोर संकलन साधन | संख्या | ४ | ४ | ५ | ६ | ७ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९५ | ९५ | ९६ | ९८ | ९९ |
| स्रोतमा नै फोहर वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | प्रतिशत | ५० | ५५ | ६० | ६५ | ७० |

### ६.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा सूचना तथा सञ्चार उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ६३६७ | ४४५७ | १९१० | ० | ० | ६०४५ | ३२२ | ० |
| २०८०/८१ | ७१११ | ४९७८ | २१३३ | ० | ० | ६७५८ | ३५४ | ० |
| २०८१/८२ | ७८३२ | ५४८२ | २३५० | ० | ० | ७४४२ | ३८९ | ० |

### ६.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | वातावरण तथा फोहोरमैला व्यवस्थापन कार्यक्रम | फोहरमैला व्यवस्थापन गरी स्वच्छ वातावरण प्रवर्द्धन गर्नु | सालबसाली | २१३१० | नगर क्षेत्रको दैनिक फोहोर मैलाको वर्गीकरण, प्रशोधन, परिचालन गरी व्यवस्थित हुनेछ । |

### ६.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

उपलब्ध प्रविधिको उपयोग, बजेटको सुनिश्चिचता, दक्ष मानव संशाधन उपलब्ध भएमा र अन्य अवस्था नभएमा उल्लिखित उपलब्धि हासिल हुनेछ । सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ६.३ विपद जोखिम व्यवस्थापन र जलवायु परिवर्तन अनुकुलन

### ६.३.१ पृष्ठभूमि

अमरगढी नगरपालिका विशिष्ट भौगोलिक बनोट, भौगर्भिक गतिशीलता, प्राकृतिक तथा जलवायु परिवर्तन एवम् मानवीय क्रियाकलापवाट सिर्जित विपद्का दृष्टिले उच्च जोखिममा रहेकोछ । बाढी, पहिरो, आगलागी, खडेरी, भूकम्प, महामारी, चट्याङ्ग आदि प्रमुख प्रकोपका रूपमा देखिएका छन् । यसका अतिरिक्त कोभिड १९, बर्ड फ्लु, स्वाइन फ्लु जस्ता नयाँ प्रकृतिका महामारी, सडक दुर्घटना, लागु ओषध सम्बन्धित विपद्का घटनाहरू समेत हुने गरेका छन् । जथाभावी निर्माण गरिने घर तथा भौतिक संरचनाहरूबाट विपद् जोखिम थप बढ्दै गएकोछ । त्यस्तै मानवीय क्रियाकलापबाट वातावरणमा पर्न जाने नकारात्मक प्रभावहरूले वातावरणीय प्रकोपको जोखिमलाई बढाउँदै गएको छ । यस्ता जोखिमलाई स्वीकार्य र संभाव्य तहमा घटाउन विपद् व्यवस्थापनलाई नीतिगत, क्षेत्रगत तथा कार्यक्रमिक सवै तहमा मूलप्रवाहीकरण गर्दै लैजानु जरुरी छ ।

जलवायु परिवर्तन र यसले पारेको प्रभाव एक गहन मुद्दाको रुपमा आएकोछ । जलवायु परिवर्तको असरले हिमालय लगायत मानव जीवन, सामाजिक आर्थिक विकास, जैविक विविधता, पर्यटकीय विकास आदि क्षेत्रमा नकारात्मक असर पुऱ्याउन थालेको छ । फलस्वरुप अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो, हिमपहिरो, सुख्खा, अति जाडो, अति गर्मी जस्ता प्राकृतिक विपदको जोखिम बढिरहेको छ । विगत केही वर्ष यता जलवायु परिवर्तनले सुख्खा र वर्षामा अनियमिताले जलस्रोत, कृषि, वन तथा जैविक विविधता तथा मानवीय स्वास्थ्यमा प्रभाव पारेको छ जसले गर्दा नगरक्षेत्रको कृषि, पशुपालन, खानेपानी तथा जडिबुटिहरुमा क्रमश नकारात्मक असर परेकोले अमरगढी क्षेत्रको आर्थिक विकास लगाएत विभिन्न क्षेत्रहरु चुनौति खडा हुन थालेको थालेको छ । तसर्थ यसका असरसंग अनुकुलन हुनका लागि सबै पक्षको एकिकृत प्रयास हुनु जरुरी छ । जलवायु परिवर्तन तथा वातावरण व्यवस्थापनका जल्दावल्दा सवालहरुलाई सम्बोधन गर्ने संस्थागत क्षमता विकासका नगरपालिकाको प्रमुख आवश्यकता हो । दिगो विकासका लक्ष्यहरु नं १३ मा जलवायु परिवर्तनका प्रभावहरुको न्युनीकरणका लागि काम गर्ने लक्ष्य अन्तरगत जलवायु परिवर्तन तथा यसका प्रभावहरु विरुद्ध लड्न तत्काल कारवाही थाल्ने लक्ष्य रहेको छ । जलवायु परिवर्तनका प्रभावहरुको सम्वोधनका लागि समुदायमा आधारित ज्ञान, सिप र अनुभवका साथै नविनतम विधिहरुका आधारमा वातावरणको संरक्षण गरी मानव र पृथ्वी दुबैको हितमा काम गर्ने लक्ष्य रहेको छ ।

### ६.३.२ समस्या तथा चूनौति

आधुनिक प्रविधियुक्त पूर्वसूचना प्रणालीको विकास, विपद् व्यवस्थापन/जोखिम न्यूनीकरण क्रियाकलापमा समुदायको सहभागिता कम, विपद्जोखिम न्यूनीकरण/विपद् व्यवस्थापनको प्रक्रियामा कमजोर समन्वय रहनु, उद्धार तथा खोज कार्यमा परम्परागत ज्ञान तथा सीपको उपयोग गर्न नसकिनु, भवन संहिता प्रभावकारीरूपमा कार्यान्वयनमा नआउनु, विपद् व्यवस्थापनको कार्यमा निजी क्षेत्रको सहभागिता नहुनु, विकास आयोजनाहरूको निर्माण गर्दा विपद् जोखिमको अवस्थालाई अध्ययन र विश्लेषण नगरिनु, विकास योजनाको तर्जुमा र कार्यान्वयनको चरणमा नै विपद् जोखिम मूल्याङ्कन गर्ने पद्धतिको संस्थागत विकास गर्न नसकिनु जस्ता समस्याहरूको रुपमा छन् । विपद् जोखिम न्यूनीकरण र वातावरणीय तथा जलवायुजन्य जोखिम न्यूनीकरणका कार्यक्रमहरूलाई एकीकृत रूपबाट अगाडि बढाउन नसकिन  विपद्व्यवस्थापनका सम्पूर्ण चरणहरूलाई एकीकृत रूपमा सम्बोधन नगरिनु, विपद्को घटना पश्चात्मात्र उद्धार तथा राहत विवरण कार्यमा केन्द्रित रहनु, विपद् प्रतिकार्यका लागि एकीकृत उद्धार तथा खोज टोलीको निर्माण गरी व्यावसायिकताको विकास गर्न नसक्नु, उद्धार तथा राहत कार्य पश्चात् पुनःस्थापना र पुनःनिर्माणका लागि पर्याप्त स्रोत-साधनको अभाव हुनु जस्ता चुनौती छन्।

### ६.३.३ सोच

“सबै प्रकारका विपद्हरूको प्रभावकारी व्यवस्थापनबाट विपद् उत्थानशील स्थानीय सरकार” विपद जोखिम व्यवस्थापन
“जलवायु उत्थानशिल नगरपालिकोको निर्माण” जलवायु परिवर्तन अनुकुलन

### ६.३.४ उद्देश्य

***विपद जोखिम व्यवस्थापन***

प्रकोपको जोखिम तथा यसका असरहरूलाई न्यूनीकरण गर्न विपद् व्यवस्थापनलाई नगरपालिकाको विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने ।

***जलवायु परिवर्तन अनुकुलन***

१. दिगो विकासको लक्ष्य हासिल गर्न वातावरण संरक्षण गर्नु,
२. जलवायु परिवर्तनको असरलाई न्युनिकरण गर्न वन सम्पदाको आकाार बढाउनु,
३. कृषि क्षेत्रमा अनकुलन विधिहरु अपनाउँदै कृषि क्षेत्रको उत्पादकत्व वृद्धि गर्नु ।

### ६.३.५ रणनीति

***विपद जोखिम व्यवस्थापन***

१. विपद्बाट उत्पन्न परिस्थितिको सामना गर्न पूर्व तयारी तथा प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने
२. विपद् व्यवस्थापन कार्यमा गैरसरकारी, निजी क्षेत्र तथा स्थानीय समुदाय समेतको साझेदारी अभिवृद्धि गर्दै सूचना प्रवाह र समन्वय कार्यलाई प्रभावकारी बनाउने ।
३. विभिन्न निकायबाट हुने विपद् व्यवस्थापनको कार्यलाई समन्वय गरी एकीकृत रूपमा सञ्चालन गर्ने

***जलवायु परिवर्तन अनुकुलन***

१. वातावरणमैत्री र जलवायु परिवर्तनसंग अनुकुलन हुने गरी विकास कार्यक्रमहरू सञ्चालन गर्ने ।
२. जलवायु परिवर्तन व्यवस्थापनका लागि स्थानीय निकाय, प्रदेश र संघसँगको सहकार्यमा आवश्यक नीति र संस्थागत विकास गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार प्रस्तुत गरिएको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| विपद्बाट भएको मानवीय क्षति (विगत ३ वर्षको) घाइते समेत | संख्या | १० | १० | ८ | ७ | ६ |
| तालिम प्राप्त स्थानीय खोज, उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | १५ | १५ | ३० | ५० | ५० |
| विपद्बाट वार्षिक क्षती (जग्गा, बाली नाली, संरचना, पशु र अन्य सम्पत्ती) | रु. करोड | ५० | १० | २५ | १० | ५ |
| सुरक्षित खुल्ला स्थान र आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ५० | ६० | ६६ | ७० | ७५ |
| विपद् व्यवस्थापन कोष रकम | रु. हजार | ५०० | ५०० | १०० | १५०० | २००० |
| कोभिड १९ विरुद्धको दुई मात्रा खोप प्राप्त गर्ने जनसंख्या | प्रतिशत | ९२ | ९२ | ९५ | ९८ | १०० |
| कार्वन उत्सर्जन नियन्त्रण दर | प्रतिशत | ३ | ५ | ८ | १० | १५ |

### ६.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा विपद जोखिम व्यवस्थापन उप-क्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ४७७५ | ३३४३ | १४३३ | ० | ० | ३८१० | ९६५ | ० |
| २०८०/८१ | ५३३४ | ३७३३ | १६०० | ० | ० | ४२७२ | १०६२ | ० |
| २०८१/८२ | ५८७४ | ४११२ | १७६२ | ० | ० | ४७०६ | ११६८ | ० |

### ६.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १ | विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | विपद् जोखिम न्यूनिकरण र उत्थानशीलता अभिवृद्धि गर्नु | सालबसाली | १५९८२ | विपदबाट हुने क्षतिमा वार्षिक २५ प्रतिशत कमी आउनेछ। |

### ६.३.९ जोखिम पक्ष तथा अनुमान

सङ्घीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, उपकरण र श्रोत साधनको लगानी भएमा अपेक्षित उपलब्धि हासिल हुने अनुमान गरिएको छ। जलवायु परिवर्तनको असर, कोभिड १९ लगायतका महामारी र अन्य विपद जोखिममा वृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्।

# परिच्छेद सात : संस्थागत विकास तथा सुशासन क्षेत्र

यस क्षेत्रमा नीति, कानून, न्याय तथा सुशासन, मानज संशाधन तथा क्षमता विकास, स्रोत सुदृढीकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चूनौति, लक्ष्य, रणनीति, नतिजा खाका, त्रिवर्षीय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

लोकतान्त्रिक शासन प्रणालीको दिगो आधार न्यायको सुनिश्चितता हो । न्याय व्यवस्थाको प्रभावकारी कार्यान्वयनबाट मात्र संवैधानिक व्यवस्थाले परिकल्पना गरेको कानुनको शासन, मौलिक हक र मानव अधिकारको संरक्षण र प्रवर्द्धन तथा शान्ति, सुशासन र विकासका माध्यमबाट राष्ट्रिय जीवनका सबै क्षेत्रमा न्यायपूर्ण व्यवस्था कायम गर्न सम्भव हुन्छ । यसका लागि नगरपालिकामा न्याय प्रणालीको विकास, विस्तार र कार्यान्वयन गर्नु आवश्यक छ । नगरपालिकाले आवश्यक पर्ने सहकारी ऐन, कृषि व्यवसाय प्रवर्द्धन ऐन, आर्थिक ऐन, विनियोजन ऐन, वातावरण तथा प्राकृतिक स्रोत संरक्षण ऐन, लगायत १३ वटा विषयमा ऐन तथा १७ वटा कार्यविधि निर्माण गरी स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन् । नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा क्षतिपूर्तिसहितको नागरिक बडापत्र लागु गरि शासकीय शैलीमा सुशासन ल्याउने प्रयत्न गरिएको छ । विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा ८ वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा ६ मुद्दाहरू फछ्र्यौट भएका छन्, ३ वटा न्यायिक समितिमा छलफलमा रहेका छन् ।

### ७.१.२ समस्या तथा चूनौति

योजनाबद्ध तथा नतिजामूलक विकास, संस्थागत सुदृढीकरण र सुशासन कायम गर्न उपयुक्त, सरल र सहज प्रणाली स्थापनालगायतका समस्या विद्यमान रहेका छन् । नेपालको संविधान व्यवस्था अनुसार अमरगढी नगरपालिकाले अझै निजी सामुदायिक साझेदारी, आन्तरिक नियन्त्रण प्रणाली, विपद् व्यवस्थापन तथा जलवायु अनुकूलन, पर्यटन तथा खेलकुद विकास, कला तथा संस्कृति संरक्षण, लैङ्गिक समानता, महिला, बालबालिका र सशक्तीकरणलगायत विषयमा नीति, ऐन, नियम, कार्यविधि निर्माण हुन नसकेको तथा निर्माण भएका ऐन कानून तथा कार्यविधिहरुको समेत पूर्ण कार्यान्वयन हुन सकेको छैन । तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचीत गराउने, प्रभावकारी रूपमा कार्यान्वयन चूनौतिका रुपमा रहेका छन् ।

### ७.१.३ सोच

"जनमुखी, स्वच्छ, जवाफदेही सङ्घीय शासन व्यवस्था"

### ७.१.४ उद्देश्य

१. न्याय प्रशासनलाई छिटो, छरितो, सर्वसुलभ, मितव्ययी, निष्पक्ष, प्रभावकारी, पहुँचयोग्य र जनउत्तरदायी बनाउनु ।

२.स्थानीय प्रशासनलाई स्वच्छ, परिणाममुखी, जवाफदेही र पारदर्शी बनाई सार्वजनिक सेवाप्रवाह र विकास प्रक्रियालाई प्रभावकारी बनाउनु ।

### ७.१.५ रणनीति

१. न्यायिक पद्धतिमा सुधार ल्याई न्याय प्रशासनलाई आधुनिकीकरण गर्ने ।
२. न्यायिक प्रक्रियालाई सरल झन्झटमुक्त र अनुमानयोग्य बनाउँदै न्यायप्रणालीमा सबैको पहुँच पुऱ्याउने
३. स्थानीय सेवालाई गुणस्तरीय र सर्वसाधारणको पहुँचयोग्य बनाउन प्रशासन संयन्त्रको पुनर्संरचना गर्ने ।
४. स्थानीय निकायका काम कारबाहीसम्बन्धी सूचनामा नागरिकको पहुँच बढाउने ।
५. राष्ट्रसेवकहरूलाई कामप्रति परिणाममुखी र उत्तरदायी बनाउने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना र कार्यक्रम तथा आयोजनाको आगामी तीन आर्थिक वर्षको अपेक्षित नतिजाको आधारमा तयार नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ:

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |
| स्वीकृत नीति, कानून र कार्यविधि | संख्या | ० | ३० | ३५ | ४० | ५५ |
| ● नीति | विषय | ० | ० | ० | ० | ० |
| ● ऐन | विषय | ० | १३ | १५ | १७ | २० |
| ● नियम तथा विनियम | विषय | ० | ० | ० | ० | ० |
| ● निर्देशिका, कार्यविधि र मापदण्ड | विषय | ० | १७ | २० | २५ | २७ |
| क्रियाशिल नीतिगत समिति र संयन्त्र | संख्या | ० | १० | ५ | १२ | १५ |

### ७.१.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा नीति, कानून तथा सुशासन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९२ | १५६० | ३२ | ० | ० | १५९२ | ० | ० |
| २०८०/८१ | १७७८ | १७४२ | ३६ | ० | ० | १७७८ | ० | ० |
| २०८१/८२ | १९५८ | १९१९ | ३९ | ० | ० | १९५८ | ० | ० |

### ७.१.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | नीति कानून, न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | शासन प्रक्रिया, शासन व्यवस्था, सेवा प्रवाह तथा विकास नीति र कार्य सञ्चालन प्रणाली एवम् | सालबसाली | ५३२७ | नीति, कानून तथा कार्यविधि परिपालनामा ६० प्रतिशतले वृद्धि हुनेछ । |

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| | | प्रक्रिया सरल, स्पष्ट र पारदर्शी बनाउन् | | | |

### ७.१.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, संघ, प्रदेश र नगरपालिकाको नीति र कानून बमोजिम शासन सञ्चालन, सेवा प्रवाह र विकास कार्य सम्पादन हुन सकेमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेको छ ।

## ७.२ संगठन, मानव संशाधन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

यस नगरपालिकाको मुख्य कार्यालय नयाँ भवनमा सञ्चालनमा रहेको छ । नगरपालिकाका ११ वटा वडा कार्यालयहरू मध्ये जम्मा ३ वडा कार्यालय मात्र आफ्नै भवनमा संचालनमा छन् । बाँकी वडा कार्यालयहरु भाडाका घरमा सञ्चालन गरी सेवा प्रवाहलाई व्यवस्थित र प्रभावकारी बनाउने काम भइरहेको छ। एकीकृत सेवासहितको नगर कार्यपालिका, ११ वटै वडाको केन्द्रमा आधारभूत सुविधासहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरूबाट सेवा प्रवाह भइरहेको र आ.ब. २०७९/८० मा थप ३ वटा वडा कार्यालयहरूको भवन निर्माण हुने योजना समेत भईरहेको छ। अन्य वडाहरुको वडा कार्यालयहरु पनि निर्माणको प्रक्रियामा रहेका छन् । नगरपालिकाको कार्यसम्पादनमा सहजताका लागि कम्प्युटर सफ्टवेयर प्रणालीहरू स्थापना गरिएको छ । नगरपालिकाका कार्यलाई व्यवस्थित रूपमा सञ्चालन गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण स्वीकृत गरी सो वमोजिमको शाखा तथा इकाईहरूको व्यवस्था भई आवश्यकता अनुसार कर्मचारीहरूको मिलान तथा थप कर्मचारी व्यवस्था गरिएको छ । सङ्घीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल नगरपालिकामा विषय क्षेत्रगत समेत १५१ जना कर्मचारी कार्यरत रहेका छन् ।

### ७.२.२ समस्या तथा चूनौति

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति परम्परागत देखिनु समस्याको रुपमा रहेको छ। नगरपालिकाका सेवा व्यवस्थापन प्रक्रिया प्रभावकारी हुनका लागि स्मार्ट सिटीको अवधारणाको अवलम्वन तथा कार्यान्वयन हुन नसक्नु चूनौतिको रुपमा रहेकोछ । सेवालाई छिटो, छरितो र प्रभावकारी बनाउनु चुनौती रहेको छ।

### ७.२.३ सोच

“पारदर्शी, जनउत्तरदायी, सदाचारयुक्त र सूचना प्रविधिमा आधारित विधिको शासन तथा सेवा प्रवाह”

### ७.२.४ उद्देश्य

१. स्थानीय सेवाको व्यवस्थापन क्षमता, मानव संसाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु,

### ७.२.५ रणनीति

१. स्थानीय सेवा प्रवाहलाई सरल, सहज, सूचना प्रविधिमा आधारित र सेवाग्राही मैत्री बनाउने,
२. स्थानीय सेवा प्रवाहलाई सरल, सहज र सेवाग्राहीमैत्री बनाउने,
३. नगर कार्यपालिका तथा वडा कार्यालयको संगठन तथा क्षमता विकास सुदृढीकरण गर्ने,
४. कार्यविधि निर्माण गरी सेवा प्रवाह तथा कार्यसम्पादनलाई व्यवस्थित गर्ने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार संगठन, मानव संशाधन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| नगरपालिका कार्यरत मानव संशाधन | संख्या | १५१ | १५१ | १५१ | १५१ | १५१ |
| नगर कार्यरत प्राविधिक जनशक्ति | संख्या | २२ | २७ | २९ | ३१ | ३३ |
| वडा र नगरमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | २० | ३० | ४० | ५० | ६० |
| संस्थागत स्वमूल्याङ्कन स्कोर | प्रतिशत | ५९.७५ | ६५ | ७० | ७५ | ८० |

### ७.२.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा संगठन, क्षमता विकास र सेवा प्रवाह उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १३०५२० | १२७९०९ | २६१० | ० | १००११३ | ३०४०७ | ० | ० |
| २०८०/८१ | १४५७८४ | १४२८६८ | २९१६ | ० | ११०९१७ | ३४८६७ | ० | ० |
| २०८१/८२ | १६०५४९ | १५७३३८ | ३२११ | ० | १२२९२० | ३७६२९ | ० | ० |

### ७.२.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | संगठन, मानव संशाधन, क्षमता विकास र सेवा प्रवाह सुदृढीकरण कार्यक्रम | स्थानीय सेवा, संगठन, मानव संशाधन र कार्य सम्पादनमा अभिवृद्धि गर्नु | सालबसाली | ४३६८५३ | कार्यसम्पादनमा आधारित प्रोत्साहन प्रणाली लागू भई सेवा प्रवाहको स्तरमा ३० प्रतिशतले सुधार हुनेछ। |

### ७.२.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम संगठन, दक्ष मानव संशाधन, सीप र दक्षतामा अभिबृद्धि भएमा अपेक्षित नतिजा हुनेछ। उपरोक्त व्यवस्था हुन नसकेमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजस्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

संविधानमा प्रतिवद्धता गरिएका प्रावधानहरुको कार्यान्वयन गर्न, नगरवासीको विकास तथा समृद्धिका लागि नगरपालिकाको परनिर्भरता घटाउन, आन्तरिक स्रोत प्रभावकारी परिचालन गर्न आवश्यक भएकोले राजस्व

सुधार कार्ययोजना तर्जुमा गरिएको छ । यद्यपी कोभिड १९ महामारीका कारण आवश्यक अध्ययन गरी व्यावहारिक कर प्रणाली सिफारिस गर्न सकेको छैन । जसका कारण परामर्श समितिले कर तथा गैरकरको दर निर्धारण गरी संकलन भएको छैन । स्थानीय तहको निर्माणसँगै नगरपालिकाको वित्तीय स्रोत बढ्दै गएको र संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरूको सहयोग क्रमशः बढ्दै गएको छ ।

### ७.३.२ समस्या तथा चूनौति

आर्थिक क्रियाकलाप न्यून हुनु, राजस्वको ठूलो हिस्सा संघिय र प्रदेश अनुदानमा निर्भर रहनु, राजस्वमा करको अंश कम हुनु, करको दायरा कम हुनु तथा सम्भावना अनुरुप राजस्व उठ्न नसक्नु यस क्षेत्रका प्रमुख समस्या रहेका छन् । सबै साना ठुला आर्थिक क्रियाकलापहरुलाई करको दायराभित्र ल्याउनु, आर्थिक वृद्धि र राजस्वबिच सबल अन्तरसम्बन्ध कायम गर्नु, करदाता र कर प्रशासनमा व्यावसायिकता, पारदर्शिता र सदाचारिता कायम गर्नु चुनौति छ ।

### ७.३.३ सोच

"सुदृढ र प्रगतिशील राजस्व प्रणालीको विकास गरी समृद्ध अर्थतन्त्र निर्माण गर्ने"

### ७.३.४ उद्देश्य

१. उत्पादन, लगानी, व्यावसाय तथा करदातामैत्री एवम् स्वच्छ, तटस्थ, पारदर्शी, प्रगतिशील कर प्रणालीको विकास तथा स्वैच्छिक कर सहभागिताबाट अधिकतम राजस्व संकलन गर्नु ।

### ७.३.५ रणनीति

१. सबै किसिमका आर्थिक क्रियाकलापलाई करको दायरामा ल्याई राजस्वको आधार फराकिलो बनाउने ।
२. राजस्व प्रशासनको विस्तार तथा आधुनिकीकरण गरी कुशल, व्यावसायिक र स्वच्छ बनाउने ।
३. आर्थिक विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाई थप लगानी व्यावसाय मैत्री बनाउने ।
४. कर संरचना र दरमा समसामयिक सुधार गरी कर प्रणालीलाई थप सरल र समन्यायिक बनाउने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व सम्मको अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| प्रतिव्यक्ति बार्षिक बजेट लगानी | रु.हजार | २८ | २५ | २७ | ३१ | ३५ |
| बार्षिक आन्तरिक आय रकम | रु.लाखमा | १७३०२ | १३२१० | १५८५२ | १८२३० | २०९६४ |
| कुल बार्षिक बजेट | रु.लाखमा | ६३५६३२ | ५८०८७५ | ६३६५०० | ७१०९४२ | ७८२९४८ |
| बेरुजु रकम | करोड | ४५९३४ | ७२२६२ | ६२२०० | ५२२०० | ३२२०० |
| मासिक रूपमा वडाको आम्दानी र खर्च सार्वजनिक गर्ने वडाहरू | प्रतिशत | ३० | ४० | ४५ | ५० | ६० |

### ७.३.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा तयार राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार रहेको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | १५९२ | १४३३ | १५९ | ० | ० | १५९२ | ० | १५९२ |
| २०८०/८१ | १७७८ | १६०० | १७८ | ० | ० | १७७८ | ० | १७७८ |
| २०८१/८२ | १९५८ | १७६२ | १९६ | ० | ० | १९५८ | ० | १९५८ |

### ७.३.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको राजस्व तथा स्रोत परिचालन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | राजस्व सुधार तथा स्रोत परिचालन कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा वृद्धि गर्नु र | सालबसाली | ५३२७ | आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |

### ७.३.९ जोखिम पक्ष तथा पूर्वानूमान

संविधान, सङ्घीय, प्रदेश र स्थानीय नीति र कानून बमोजिम तिनै तहका सरकार, गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालन भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था नहुँदा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहको तथ्याङ्किय अधिकार स्पष्ट किटानी गरेको छ । यसअनुसार मुलुकको तथ्याङ्क प्रणाली तीनै तहका सरकारहरू संलग्न रहेको विकेन्द्रित प्रणालीको रुपमा संचालन भइरहेको छ । अमरगढी नगरपालिकाले समष्टिगत विकासलाई मार्गदर्शन गर्न ५ वर्षको लागि आवधिक विकास योजना (२०७८/२०७९–२०८२/२०८३) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । यसै आवधिक योजनाको आधारमा नगरको आयोजना बैंक तयार गर्ने र मध्यमकालीन खर्च संरचना मार्फत प्राथमिकता क्षेत्र तथा आयोजना र कार्यक्रममा स्रोत सुनिश्चित गरी सो अनुसार बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरी सार्वजनिक वित्त व्यवस्थापन र नतिजामुखी विकास पद्धति कार्यान्वयनमा ल्याइएको छ ।

लक्षित समुदाय र नागरिक समाजको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका र सूचना पाटीमार्फत् सार्वजनिक गर्ने अभ्यास भइरहेको छ ।

### ७.४.२ समस्या तथा चूनौति

योजना तथा बजेट तर्जुमा र निर्णय प्रक्रियामा समावेशी तथा सहभागितामा सुधार गर्नुपर्ने प्रर्याप्त स्थान छन् । शासन सञ्चालन, योजनाबद्ध विकास तथा मापदण्ड अनुसार सेवा तथा सुविधा प्रवाह गर्न आवश्यक स्रोत परिचालन र दक्षतामा कमी रहेको छ । नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिसहित आवधिक योजना अनुसार नगरपालिकाको विकासको अग्रणी क्षेत्रहरूको गुरुयोजना तर्जुमा हुन सकेको छैन । संविधानले दिएका साझा अधिकारका बुझाइमा अन्योलता सिर्जना हुनु, कतिपय अवस्थामा एउटै शिर्षकमा फरक फरक तहका सरकारले कर लगाइनु, स्थानीय तहमा भौतिक पुर्वाधार तथा जनशक्ति व्यवस्थापनमा कठिनाई हुनु र सन्तुलित विकासकोलागि भौगोलिक विकटता रहनु प्रमुख समस्या रहेकाछन् ।

### ७.४.३ सोच

“मजबुद संघीय शासन प्रणाली र अद्यावधिक सूचनामा आधारित आधुनिक र व्यवस्थित नगर”

### ७.४.४ उद्देश्य

१. आधुनिक प्रविधिमा आधारित पद्धतिको प्रयोग गरेर सबै क्षेत्रमा आवश्यक विश्वसनिय तथ्याङ्क संकलन र प्रयोग गर्ने ।
२. स्थानीय शासन प्रणालीको सन्तुलीत र दिगो विकास गर्नु ।

### ७.४.५ रणनीति

१. संङ्घीय पद्धति अनुसार तथ्याङ्ककीय कार्य व्यवस्थापनका लागि नीतिगत र संस्थागत व्यवस्था गर्ने ।
२. तथ्याङ्क उत्पादन र आपूर्तिमा सबै तथ्याङ्कीय स्रोतहरु जस्तै घरधुरी सर्वेक्षण तथा प्रशासनिक अभिलेख को उपयोग गर्ने ।
३. सङ्घीय सरकारको सहयोग र समन्वयमा आफ्नो भौगोलिक क्षेत्रको बस्तुस्थिति विश्लेषण गरी सोको सही सदुपयोग गर्ने गरी विविध उपायको अवलम्बन गर्ने ।
४. स्थानीय तह र प्रदेशको स्रोत साधन र क्षमता अभिवृद्धि गरी विकासशील जनशक्ति उत्पादन गर्ने ।
५. आफ्नो क्षेत्रको विकासको लागि एक आपसमा समन्वय तथा सहकार्य गर्दै प्रतिस्पर्धात्मक हुन सबै स्थानीय वडा कार्यालय, समुदाय तथा संघ संस्थाहरुलाई उत्प्रेरित गर्ने ।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

आवधिक योजना तथा कार्यक्रम तथा आयोजनाको अपेक्षित नतिजाको आधारमा तयार योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य देहायअनुसार रहेको छ :

| सूचक | एकाइ | गत आ.व. सम्मको उपलब्धि | चालु आ.व.सम्म को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| तर्जुमा भएका दीर्घकालीन, मध्यमकालीन रणनीतिक तथा गुरुयोजना योजना | विषय | ३ | ३ | ४ | ६ | ७ |
| नगरमा क्रियाशिल र साझेदार गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | १२ | १२ | १३ | १६ | २२ |
| सबै तहमा जवाफदेही, सहभागितामूलक र प्रतिनिधिमूलक निर्णयको अभ्यास | प्रतिशत | ४५ | ५० | ६० | ७० | ८० |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ६० | ६५ | ७० | ७५ | ८० |

### ७.४.७ विषय क्षेत्रगत खर्च तथा स्रोतको त्रिवर्षीय अनुमान

उपलब्ध बजेट सीमा तथा मार्गदर्शन, कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण र मध्यमकालीन बजेट खाकाको आधारमा योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको खर्च र सोको स्रोतको त्रिवर्षीय अनुमान देहायअनुसार प्रस्तुत गरिएको छ :

| आर्थिक वर्ष | बजेट अनुमान (रकम रु. हजारमा) | | | | बजेटको स्रोत (रकम रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| २०७९/८० | ३१८३ | ३०२४ | १५९ | ० | ३१८३ | ० | ० | ० |
| २०८०/८१ | ३५५६ | ३३७८ | १७८ | ० | ३५५६ | ० | ० | ० |
| २०८१/८२ | ३९१६ | ३७२० | १९६ | ० | ३९१६ | ० | ० | ० |

### ७.४.८ कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

कार्यक्रम तथा आयोजनाको उद्देश्य, अवधि, लागत तथा तथा अपेक्षित उपलब्धि सहितको योजना तथा विकास व्यवस्थापन उपक्षेत्रको संक्षिप्त विवरण देहायअुसार प्रस्तुत गरिएको छ :

| क.स | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ति) | कुल लागत (रु हजारमा) | अपेक्षित नतिजा |
|---|---|---|---|---|---|
| १. | तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन कार्यक्रम | नगरको योजना तथा विकास प्रक्रियालाई तथ्यमा आधारित, समावेशी, नतिजामूलक, सहभागितामूलक तथा बनाउनु, | सालबसाली | १०६५५ | आवधिक योजनाको आधारमा विषय क्षेत्रगत गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्च संरचना तर्जुमा हुने र सो बमोजिम वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा हुनेछ । |

### ७.४.९ जोखिम पक्ष तथा पूर्वानूमान

तिनै तहका सरकारका निकायहरु र गैसस, समुदाय, सहकारी र निजी क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन सहज उपलब्ध भएमा अपेक्षित नतिजा हुनेछ । उपरोक्त व्यवस्था हुन अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहन्छ ।

## अनुसूची १ : मध्यमकालीन खर्च संरचना तर्जुमा सम्बन्धी कार्यदल गठन

| क.सं. | समितिका पदाधिकारी | जिम्मेवारी |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | - संयोजक |
| २. | प्रमुख, शैक्षिक प्रशासन शाखा | - सदस्य |
| ३. | प्रमुख, स्वास्थ्य शाखा | - सदस्य |
| ५. | प्रमुख, आर्थिक विकास शाखा | - सदस्य |
| ६. | प्रमुख, सामाजिक विकास शाखा, | - सदस्य |
| ७. | प्रमुख, प्रशासन शाखा, | - सदस्य |
| ८. | प्रमुख, सहरी विकास, पर्यटन तथा वातावरण शाखा | - सदस्य |
| ९. | प्रमुख, पूर्वाधार विकास शाखा | - सदस्य |
| १०. | प्रमुख, सूचना तथा प्रविधि शाखा | - सदस्य |
| ११. | प्रमुख, योजना तथा अनुगमन शाखा | सदस्य सचिव |

## अनुसूची २ : अमरगढी नगरपालिकाको मध्यमकालीन खर्च संरचना तथा आगामि बर्षको बजेट तर्जुमा सम्बन्धी मार्गदर्शन

# अमरगढी नगरपालिका

# मध्यमकालीन खर्च संरचना तथा आगामी आर्थिक वर्षको बजेट तर्जुमा सम्वन्धी मार्गदर्शन

# (आ.व. २०७९/८०-२०८१/८२)

### पृष्ठभूमि

नेपालमा संङ्घीय शासन व्यवस्थाको अभ्याससँगै स्थानीय सरकार संचालनका लागि संरचनागत एवम् व्यवस्थापकीय क्षेत्रमा उपलब्धिमूलक कार्यहरू भएका छन् । संविधानको कार्यान्वयनसँगै तिन तहको सरकारको अभ्यासका क्रममा स्थानीय सरकार नागरिकको नजिकको सरकारको रुपमा क्रियाशिल रहेको छ । स्थानीय शासन सञ्चालन, सेवा प्रवाह र विकासका लाभहरु तथा उपलब्धीहरुलाई प्रभावकारी बनाउँदै जनअपेक्षालाई सम्बोधनका लागि अनुकूल वातावरण बन्दै गएको छ। स्थानीय सरकारहरूले अन्तर सरकार, निजी क्षेत्र, सहकारी र समुदाय तथा नागरिक बिचको समन्वय, साझेदारी र सहकार्यलाई प्रभावकारी बनाउँदै लगेका छन् ।

नागरिककोको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय सरकारले दिगो विकास लक्ष्यहरुलाई स्थानीयकरण गर्दै दिगो विकासका लक्ष्यहरुको प्राप्तिलाई प्राथमिकता दिनु पर्दछ। पन्ध्रौ योजनाले पनि दिगो विकासका लक्ष्यहरुको प्राप्तिलाई नै प्राथमिकतामा राखेको छ। नागरिकको जीवनस्तरमा गुणस्तरीय परिवर्तन ल्याउन वस्तुपरक ढंगले विकासको मार्गचित्र तयार गर्नु जरुरी हुन्छछ । संङ्घीय संरचनामा आधारित संवैधानिक, नीतिगत तथा कानूनी व्यवस्था अनुसार स्थानीय सरकारहरूले स्थानीय आवश्यकताका आधारमा नागरिकका आवश्यकता र प्राथमिकताहरुको प्रतिबिम्बित हुने गरी आफ्ना विकास योजनाहरु अगाढी बढाउनु आवश्यक छ । यसका लागि स्थानीय सरकारले पछिल्ला समयका राजनीतिक, सामाजिक, सांस्कृतिक परिवर्तन तथा प्रविधिको विकासले सिर्जना गरेको अवसरहरूको पूर्ण सदुपयोग हुने गरी योजना तथा बजेट तर्जुमालाई योजनाबद्ध, व्यवस्थित र नतिजामूलक बनाउन आवश्यक छ । स्थानीय सरकारले विकास प्रक्रियालाई अपेक्षित उपलब्धि हासिल गर्न सरोकारवाला पक्षसमेतको सहभागितामा सहभागितामूलक तथा समावेशी विकासको अवधारणा अवलम्वन तथा सोही अनुसार योजना तथा बजेट तर्जुमा प्रक्रिया अवलम्बन गर्न आवश्यक हुन्छ । दीर्घकालीन, आवधिक तथा विषयगत रणनीतिक/गुरुयोजनाले दिशानिर्देश गरे बमोजिमको सोच, लक्ष्य, उद्देश्य र प्राथमिकताको आधारमा वार्षिक बजेट तथा कार्यक्रम तयार गर्नुपर्दछ। स्थानीय तहको योजना तथा कार्यक्रमहरुले स्थानीय प्राथमिकताका समस्याहरुको सम्बोधन गर्ने, जनताको मनोभावना बुझ्ने र चाहाना सम्बोधन गर्ने गर्नुपर्दछ । योजनाले सम्भाव्य श्रोत साधन परिचालन गरी अनुमानित र विनियोजन बजेटको विचमा रहने खाडलको पूर्तिलाई सुनिश्चित गर्न सक्नु पर्दछ।

कानूनी रूपमा हेर्दा अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा (२१) को उपदफा (३) बमोजिम नगर कार्यपालिकाले प्रत्येक बर्षको असार १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान नगर सभामा पेश गर्नुपर्ने व्यवस्था गरेको छ। यसैगरी उपदफा (५) ले राजस्व र व्यवको अनुमान नेपाल सरकारले तोकेको मापदण्ड अनुसार हुनुपर्ने व्यवस्था गरेको छ। तसर्थ नेपाल सरकारबाट स्वीकृत आय र व्ययका शिर्षकहरूको वर्गीकरण र एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४ अनुसार बजेट तर्जुमा गर्न अधिकतम प्रयास गर्ने समेत यस मार्गदर्शनको उद्देश्य रहेको छ। दिगो विकास लक्ष्य, पन्ध्रौ

आवधिका योजना, प्रादेशिक योजना र स्थानीय तहको आवधिका योजनाका लक्ष्यहरुको प्राप्तिलाई केन्द्र विन्दुमा राखी व्यवस्थित, प्रभावकारी र नतिजामूलक रूपमा मध्यमकालीन खर्च संरचना समेत आगामी आर्थिक बर्षको बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रिया अंगिकार गरिनु आवश्यक छ। सोको लागि नगरपालिकाका विषयगत समिति, विषयगत शाखा, वडा समिति र स्थानीय सरोकारवालाहरुलाई स्पष्ट मार्गनिर्देश उपलब्ध गराउन यो दस्तावेज तयार गरिएको छ । कार्यपालिकाबाट प्राप्त बजेट सीमा तथा प्राथमिकता निर्धारणको आधार तथा प्रक्रिया बमोजिम यस दस्तावेज अनुसार वार्षिक बजेट तथा कार्यक्रम समेत मध्यमकालीन खर्च संरचना अनुसार तयार गरिनेछ । यसले प्रभावकारी योजना निर्माण प्रक्रिया, सोको कार्यान्वयन र अपेक्षित उपलब्धीहरुको प्राप्तिमा सहयोग पुग्दछ ।

## कार्यक्रम तथा उपलब्धिको संक्षिप्त समीक्षा

अमरगढी नगरपालिकाको चालु आर्थिक बर्ष २०७८/७९ को वार्षिक नीति, बजेट तथा कार्यक्रम कोभिड १९ को अवरोध एवम् विश्वव्यापी रूपमा देखापरेको अस्वाभाविक मूल्यवृद्धिका बावजुद प्रदेश तथा संङ्घीय सरकार र विकास साझेदार निकायसँग समन्वय, साझेदारी र सहकार्य गरी लक्ष्य अनुसार कार्यान्वयन तर्फ उन्मुख रहेको छ । स्वीकृत भएका केही आयोजना तथा कार्यक्रमहरू सम्पन्न भएका छन् भने बाँकी सम्पन्न हुने अवस्थामा रहेका छन् । बजेट तथा कार्यक्रम कार्यान्वयनको समयतालिका पालना, प्रक्रिया तथा नतिजा अनुगमन गरी कार्यतालिका र निर्धारित मापदण्ड र अपेक्षित नतिजा अनुसार कार्यान्वयनलाई व्यवस्थित गर्न कार्यानुभव, सीप तथा क्षमता र कार्यविधिको कमी महशुस गरिएको छ। आगामी बर्षको बजेट तथा कार्यक्रम तर्जुमा देखी नै कार्यान्वयन कार्ययोजना, खरिद योजना र अनुगमन योजना बनाई यसलाई व्यवस्थित गर्नु पर्ने सिकाई समेत भएको छ। आवधिक योजनाको लक्ष्य तथा प्रगति र चालु आर्थिक बर्षको प्रमुख आयोजना तथा कार्यक्रमको कार्यान्वयनको अवस्था र हालसम्मको उपलब्धी समेतलाई मध्यनजर गरी आगामी तीन आर्थिक वर्षका लागि यथासम्भव आयोजना र कार्यक्रमगत रूपमा नभएमा उप-क्षेत्रगत रूपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ ।

## योजना तथा बजेट तर्जुमाका आधारहरू

नेपालको संविधानले तिनै तहका सरकारले सरकारी कोषबाट वार्षिक बजेट अनुरूप बजेटको उपयोग गर्ने व्यवस्था गरेको छ । स्थानीय सरकारको सन्दर्भमा बजेट राजनीतिक, कानूनी र प्राविधिक विषय पनि हो । संङ्घीय शासन व्यवस्था संचालन र उपरोक्त सन्दर्भमा बजेट तर्जुमाको अभ्यास अत्यन्त गहन र महत्वपूर्ण विषय हो। तसर्थ बजेट तर्जुमाको अभ्यासमा संलग्न नगरपालिका निर्वाचित पदाधिकारी, बजेट तथा कार्यक्रम तर्जुमासँग सम्बन्धित समिति तथा विषयगत निकाय/शाखाका कर्मचारी, संलग्न सरोकार पक्ष र व्यक्तिहरू बजेट तर्जुमाको नीतिगत र कानूनी व्यवस्थाको बारेमा जानकार हुन जरुरी छ। मध्यमकालीन खर्च संरचनामा समेत आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा देहायअनुसारका सान्दर्भिक नीतिगत तथा कानूनी व्यवस्थालाई आधार लिइनेछः

१. नेपालको संविधानका सान्दर्भिक धाराहरू (भाग ३: मौलिक हक र कर्तव्य, भाग ४: राज्यको निर्देशक सिद्धान्त, नीति र दायित्व, भाग ५: राज्यको संरचना र राज्यशक्तिको बाँडफाँड, भाग १७: धारा २१४ देखी २३०)
२. नगरपालिकाको कार्य सम्पादन तथा कार्य विभाजन नियमावली
३. प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद ४: प्राकृतिक श्रोतको परिचालन, राजस्व बाँडफाँट र अनुदान)
४. स्थानीय सरकार संचालन ऐन, २०७४ को सान्दर्भिक दफाहरू (परिच्छेद ६: दफा २४ र २५, परिच्छेद ९: दफा ५४ देखी ६८ र परिच्छेद १०: दफा ६९ देखी ८०)

५. अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ का सान्दर्भिक दफाहरू (परिच्छेद २: राजस्वको अधिकार, परिच्छेद ३: राजस्वको बाँडफाँड, परिच्छेद ४: अनुदानको अवस्था, परिच्छेद: वैदेशिक सहायता र आन्तरिक ऋण, परिच्छेद ६: सार्वजनिक खर्च व्यवस्था, परिच्छेद ७: राजस्व र व्ययको अनुमान, परिच्छेद ८: वित्तिय अनुशासन)
६. आर्थिक कार्यविधि वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ का सान्दर्भिक दफा तथा नियमहरू (बजेट निर्माण, निकासा, खर्च, रकमान्तर र नियन्त्रण, बजेट र कार्यक्रम तर्जुमा, कार्यक्रम स्वीकृती र संशोधन, प्रगति समीक्षा)
७. सावर्जनक खरिद ऐन, २०६३ र नियमावलीका सान्दर्भिक दफाहरू (ऐनको परिच्छेद २: खरिद कार्यको जिम्मेवारी र खरिद विधीसम्बन्धी व्यवस्था, नियमको परिच्छेद २: खरिद कारवाहीको तयारी, खरिद योजना र लागत अनुमान)
८. दिगो विकास लक्ष्य (लक्ष्य १, २, ३, ४, ५, ६, ७, ८, ९, १०, ११, १२, १३, १५, १६ तथा १७)
९. दीर्घकालीन सोच तथा पन्ध्रौ योजनाको सार्न्दभिक बुँदाहरू
१०. प्रथम आवधिक नगर विकास योजनाको लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता र विषयगत लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र रणनीतिक कार्यक्रम तथा आयोजना
११. समपुरक तथा विशेष अनुदानसम्बन्धी कार्यविधि, २०७६

## बजेट सीमा

बजेट वर्ष आ.व. २०७९/८० समेत आगामी ३ आर्थिक वर्षको बजेट तथा कार्यक्रम तर्जुमाको लागि आयोजना तथा उपक्षेत्रगत रूपमा बजेट सीमा निर्धारण गरिएको छ । बजेट सीमा आयोजना तथा कार्यक्रम एवम् उपक्षेत्रको कुल खर्च, चालु खर्च, पुंजीगत खर्च र वित्तिय व्यवस्था तथा सोको स्रोत समेत समावेश गरिएको गरिएको छ, जुन देहायअनुसार रहेको छ :

| विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| **आर्थिक विकास** | **२०७९/८०** | **५०२९८** | **२१२०१** | **२९०९६** | **०** | **०** | **४६७५९** | **३५३८** | **०** |
| | **२०८०/८१** | **५६१८०** | **२३५०३** | **३२६७७** | **०** | **०** | **५२२८८** | **३८९२** | **०** |
| | **२०८१/८२** | **६१८७०** | **२५८८४** | **३५९८७** | **०** | **०** | **५७५८९** | **४२८२** | **०** |
| कृषि तथा खाद्य सुरक्षा | २०७९/८० | १२७३४ | १०८२४ | १९१० | ० | ० | ११७६९ | ९६५ | ० |
| | २०८०/८१ | १४२२३ | १२०८९ | २१३३ | ० | ० | १३१६१ | १०६२ | ० |
| | २०८१/८२ | १५६६३ | १३३१४ | २३५० | ० | ० | १४४९६ | ११६८ | ० |
| सिंचाई | २०७९/८० | १५९२ | ४७८ | १११४ | ० | ० | १२७० | ३२२ | ० |
| | २०८०/८१ | १७७८ | ३५६ | १४२२ | ० | ० | १४२४ | ३५४ | ० |
| | २०८१/८२ | १९५८ | ३९२ | १५६६ | ० | ० | १५६९ | ३८९ | ० |
| पशुपंछि विकास | २०७९/८० | ४७७५ | ३८२० | ९५५ | ० | ० | ४७७५ | ० | ० |
| | २०८०/८१ | ५३३४ | ४२६७ | १०६७ | ० | ० | ५३३४ | ० | ० |
| | २०८१/८२ | ५८७४ | ४६९९ | ११७५ | ० | ० | ५८७४ | ० | ० |
| उद्योग, व्यापार तथा व्यावसाय | २०७९/८० | ३१८३ | १५९२ | १५९२ | ० | ० | ३१८३ | ० | ० |
| | २०८०/८१ | ३५५६ | १७७८ | १७७८ | ० | ० | ३५५६ | ० | ० |
| | २०८१/८२ | ३९१६ | १९५८ | १९५८ | ० | ० | ३९१६ | ० | ० |
| पर्यटन तथा संस्कृति | २०७९/८० | ३१८३ | ९५५ | २२२८ | ० | ० | १८९७ | १२८७ | ० |
| | २०८०/८१ | ३५५६ | १०६७ | २४८९ | ० | ० | २१४० | १४१५ | ० |
| | २०८१/८२ | ३९१६ | ११७५ | २७४१ | ० | ० | २३५९ | १५५७ | ० |
| भूमि व्यवस्था, सहकारी र वित्त | २०७९/८० | ९५५ | ६६९ | २८७ | ० | ० | ९५५ | ० | ० |
| | २०८०/८१ | १०६७ | ७४७ | ३२० | ० | ० | १०६७ | ० | ० |
| | २०८१/८२ | ११७५ | ८२२ | ३५२ | ० | ० | ११७५ | ० | ० |
| | २०७९/८० | २०६९२ | ० | २०६९२ | ० | ० | १९७२७ | ९६५ | ० |

| विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | बजेटको स्रोत (रु. हजारमा) | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| श्रम तथा रोजगारी | २०८०/८१ | २३११२ | ० | २३११२ | ० | ० | २२०५१ | १०६२ | ० |
| | २०८१/८२ | २५४५३ | ० | २५४५३ | ० | ० | २४२८५ | ११६८ | ० |
| गरिबी निवारण | २०७९/८० | ३१८३ | २८६५ | ३१८ | ० | ० | ३१८३ | ० | ० |
| | २०८०/८१ | ३५५६ | ३२०० | ३५६ | ० | ० | ३५५६ | ० | ० |
| | २०८१/८२ | ३९१६ | ३५२४ | ३९२ | ० | ० | ३९१६ | ० | ० |
| **सामाजिक विकास** | **२०७९/८०** | **२१०७४१** | **१८१०७२** | **२९६६९** | **०** | **०** | **१९३०४९** | **१७६९२** | **०** |
| | **२०८०/८१** | **२३५३८८** | **२०२२४९** | **३३१३९** | **०** | **०** | **२१५९२६** | **१९४६२** | **०** |
| | **२०८१/८२** | **२५९२२८** | **२२२७३३** | **३६४९६** | **०** | **०** | **२३७८२१** | **२१४०८** | **०** |
| शिक्षा, कला, भाषा र साहित्य | २०७९/८० | १४००७० | ११९०५९ | २१०१० | ० | ० | १३०४१९ | ९६५० | ० |
| | २०८०/८१ | १५६४५१ | १३२९८३ | २३४६८ | ० | ० | १४५८३६ | १०६१५ | ० |
| | २०८१/८२ | १७२२९७ | १४६४५२ | २५८४५ | ० | ० | १६०६२० | ११६७७ | ० |
| जनस्वास्थ्य तथा पोषण | २०७९/८० | ६३६६८ | ५७३०१ | ६३६७ | ० | ० | ५७२३५ | ६४३४ | ० |
| | २०८०/८१ | ७१११४ | ६४००३ | ७१११ | ० | ० | ६४०३७ | ७०७७ | ० |
| | २०८१/८२ | ७८३१७ | ७०४८५ | ७८३२ | ० | ० | ७०५३२ | ७७८५ | ० |
| खानेपानी तथा सरसफाइ | २०७९/८० | १२७३ | २५५ | १०१९ | ० | ० | ६३० | ६४३ | ० |
| | २०८०/८१ | १४२२ | २८४ | ११३८ | ० | ० | ७१५ | ७०८ | ० |
| | २०८१/८२ | १५६६ | ३१३ | १२५३ | ० | ० | ७८८ | ७७८ | ० |
| महिला, बालबालिका तथा लक्षित वर्ग | २०७९/८० | ३१८३ | २७०६ | ४७८ | ० | ० | २८६२ | ३२२ | ० |
| | २०८०/८१ | ३५५६ | ३०२२ | ५३३ | ० | ० | ३२०२ | ३५४ | ० |
| | २०८१/८२ | ३९१६ | ३३२८ | ५८७ | ० | ० | ३५२७ | ३८९ | ० |
| युवा तथा खेलकुद | २०७९/८० | ९५५ | ४७८ | ४७८ | ० | ० | ३१२ | ६४३ | ० |
| | २०८०/८१ | १०६७ | ५३३ | ५३३ | ० | ० | ३५९ | ७०८ | ० |
| | २०८१/८२ | ११७५ | ५८७ | ५८७ | ० | ० | ३९६ | ७७८ | ० |
| सामाजिक सुरक्षा र पञ्जीकरण | २०७९/८० | १५९२ | १२७३ | ३१८ | ० | ० | १५९२ | ० | ० |
| | २०८०/८१ | १७७८ | १४२२ | ३५६ | ० | ० | १७७८ | ० | ० |
| | २०८१/८२ | १९५८ | १५६६ | ३९२ | ० | ० | १९५८ | ० | ० |
| **पूर्वाधार विकास क्षेत्र** | **२०७९/८०** | **२२८८२३** | **१२३१७** | **२१६५०६** | **०** | **०** | **२२०१३७** | **८६८५** | **०** |
| | **२०८०/८१** | **२३९०३७** | **१२९३०** | **२२६१०७** | **०** | **०** | **२२९४८३** | **९५५४** | **०** |
| | **२०८१/८२** | **२६३२६४** | **१४२४०** | **२४९०२४** | **०** | **०** | **२५२७५४** | **१०५०९** | **०** |
| भवन, आवास, बस्ती तथा शहरी विकास | २०७९/८० | ५८८९३ | २९४५ | ५५९४८ | ० | ० | ५५६७६ | ३२१७ | ० |
| | २०८०/८१ | ६५७८१ | ३२८९ | ६२४९२ | ० | ० | ६२२४२ | ३५३८ | ० |
| | २०८१/८२ | ७२४४३ | ३६२२ | ६८८२१ | ० | ० | ६८५५१ | ३८९२ | ० |
| सडक पुल तथा यातायात | २०७९/८० | १६११७१ | ८०९९ | १५३८७२ | ० | ० | १५७४६७ | ४५०४ | ० |
| | २०८०/८१ | १६४३६७ | ८२१८ | १५६१४९ | ० | ० | १५९४१३ | ४९५४ | ० |
| | २०८१/८२ | १८१०३१ | ९०५२ | १७१९७९ | ० | ० | १७५५८२ | ५४४९ | ० |
| जलस्रोत, विद्युत तथा स्वच्छ उर्जा | २०७९/८० | ३१८३ | ३१८ | २८६५ | ० | ० | २५४० | ६४३ | ० |
| | २०८०/८१ | ३५५६ | ३५६ | ३२०० | ० | ० | २८४८ | ७०८ | ० |
| | २०८१/८२ | ३९१६ | ३९२ | ३५२४ | ० | ० | ३१३७ | ७७८ | ० |
| सूचना, सञ्चार तथा प्रविधि | २०७९/८० | ४७७५ | ९५५ | ३८२० | ० | ० | ४४५३ | ३२२ | ० |
| | २०८०/८१ | ५३३४ | १०६७ | ४२६७ | ० | ० | ४९८० | ३५४ | ० |
| | २०८१/८२ | ५८७४ | ११७५ | ४६९९ | ० | ० | ५४८५ | ३८९ | ० |
| **वन तथा वातावरण क्षेत्र** | **२०७९/८०** | **१२७३४** | **८४३६** | **४२९८** | **०** | **०** | **१०४८२** | **२२५२** | **०** |
| | **२०८०/८१** | **१४२२३** | **९४२३** | **४८००** | **०** | **०** | **११७४६** | **२४७७** | **०** |
| | **२०८१/८२** | **१५६६३** | **१०३७७** | **५२८६** | **०** | **०** | **१२९३९** | **२७२५** | **०** |
| वन, भुसंरक्षण तथा जैविक विविधता | २०७९/८० | १५९२ | ६३७ | ९५५ | ० | ० | ६२७ | ९६५ | ० |
| | २०८०/८१ | १७७८ | ७११ | १०६७ | ० | ० | ७१६ | १०६२ | ० |
| | २०८१/८२ | १९५८ | ७८३ | ११७५ | ० | ० | ७९० | ११६८ | ० |
| वातावरण तथा फाहोरमैला व्यवस्थापन | २०७९/८० | ६३६७ | ४४५७ | १९१० | ० | ० | ६०४५ | ३२२ | ० |
| | २०८०/८१ | ७१११ | ४९७८ | २१३३ | ० | ० | ६७५८ | ३५४ | ० |
| | २०८१/८२ | ७८३२ | ५४८२ | २३५० | ० | ० | ७४४२ | ३८९ | ० |
| | २०७९/८० | ४७७५ | ३३४३ | १४३३ | ० | ० | ३८१० | ९६५ | ० |

| विषय क्षेत्र/उपक्षेत्र | आर्थिक वर्ष | बजेट सीमा (रु. हजारमा) | | | | बजेटको स्रोत (रु. हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुंजीगत | वित्तीय व्यवस्था | आन्तरिक स्रोत तथा राजस्व बाँडफाँट | नेपाल सरकार | प्रदेश सरकार | ऋण तथा अन्य |
| विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन | २०८०/८१ | ५३३४ | ३७३३ | १६०० | ० | ० | ४२७२ | १०६२ | ० |
| | २०८१/८२ | ५८७४ | ४११२ | १७६२ | ० | ० | ४७०६ | ११६८ | ० |
| **संस्थागत विकास तथा सुशास क्षेत्र** | **२०७९/८०** | **१३६८८६** | **१३३९२६** | **२९६१** | **०** | **१००११३** | **३६७७३** | **०** | **०** |
| | **२०८०/८१** | **१५२८९५** | **१४९५८९** | **३३०७** | **०** | **११०९१७** | **४१९७९** | **०** | **०** |
| | **२०८१/८२** | **१६८३८१** | **१६४७३९** | **३६४२** | **०** | **१२२९२०** | **४५४६१** | **०** | **०** |
| नीति, कानून, न्याय तथा सुशासन | २०७९/८० | १५९२ | १५६० | ३२ | ० | ० | १५९२ | ० | ० |
| | २०८०/८१ | १७७८ | १७४२ | ३६ | ० | ० | १७७८ | ० | ० |
| | २०८१/८२ | १९५८ | १९१९ | ३९ | ० | ० | १९५८ | ० | ० |
| संगठन, मानव संशाधन र क्षमता विकास | २०७९/८० | १३०५२० | १२७९०९ | २६१० | ० | १००११३ | ३०४०७ | ० | ० |
| | २०८०/८१ | १४५७८४ | १४२८६८ | २९१६ | ० | ११०९१७ | ३४८६७ | ० | ० |
| | २०८१/८२ | १६०५४९ | १५७३३८ | ३२११ | ० | १२२९२० | ३७६२९ | ० | ० |
| राजस्व तथा राजस्व परिचालन | २०७९/८० | १५९२ | १४३३ | १५९ | ० | ० | १५९२ | ० | ० |
| | २०८०/८१ | १७७८ | १६०० | १७८ | ० | ० | १७७८ | ० | ० |
| | २०८१/८२ | १९५८ | १७६२ | १९६ | ० | ० | १९५८ | ० | ० |
| तथ्याङ्क, योजना तथा विकास परिचालन | २०७९/८० | ३१८३ | ३०२४ | १५९ | ० | ० | ३१८३ | ० | ० |
| | २०८०/८१ | ३५५६ | ३३७८ | १७८ | ० | ० | ३५५६ | ० | ० |
| | २०८१/८२ | ३९१६ | ३७२० | १९६ | ० | ० | ३९१६ | ० | ० |
| **जम्मा** | **२०७९/८०** | **६३९४८२** | **३५६९५२** | **२८२५३०** | **०** | **१००११३** | **५०७२०१** | **३२१६८** | **०** |
| | **२०८०/८१** | **६९७७२३** | **३९७६९३** | **३०००३०** | **०** | **११०९१७** | **५५१४२२** | **३५३८५** | **०** |
| | **२०८१/८२** | **७६८४०७** | **४३७९७३** | **३३०४३४** | **०** | **१२२९२०** | **६०६५६३** | **३८९२३** | **०** |

क्रमागत र प्राथमिकता क्षेत्रका देहाय आयोजनाहरूमा श्रोतको सुनिश्चितता हुने गरी बजेटको सीमामा रही उपक्षेत्रगत रूपमा आयोजना छनौट गर्नुहुन अनुरोध छः

| उपक्षेत्र | आयोजना तथा कार्यक्रम | त्रिवर्षीय खर्च अनुमान | | |
|---|---|---|---|---|
| | | २०७९/८० | २०८०/८१ | २०८१/८२ |
| कृषि तथा खाद्य सुरक्षा | व्यावसायिक कृषि उत्पादन कार्यक्रम | ८००० | ८५०० | ९०६५ |
| शिक्षा, कला, भाषा साहित्य | उग्रतारा मा.वी पोखरा नमूना विद्यालय आयोजना | ३०००० | १५००० | ५००० |
| भवन, आवास, बस्ती तथा शहरी विकास | वडा कार्यालय भवन निर्माण, वडा नम्बर २ | ४००० | ४००० | २००० |
| | वडा कार्यालय भवन निर्माण, वडा नबर ६ | ४००० | ४००० | २००० |
| | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ११ | ४००० | ४००० | २००० |
| सडक, पुल तथा यातायात व्यवस्था | चिम्रीकोट घटाल सडक निर्माण आयोजना वडा २ र ३ | ३००० | ३००० | ३००० |

## बजेट तर्जुमा मार्गदर्शन

आगामी आर्थिक वर्ष र त्यसपछिका थप दुई आर्थिक वर्षको लागि उपलब्ध बजेट सीमा भित्र रही प्रथम आवधिक नगर विकास योजना, विषयगत क्षेत्र रणनीतिक तथा गुरुयोजना, आगामी वर्षको लागि प्रस्तुत नीति तथा कार्यक्रमको आधारमा देहायमा उल्लिखित विषयहरूलाई मध्यनजर गरी आयोजना तथा कार्यक्रमहरूको छनौट, प्राथमिकता निर्धारण, बजेट अनुमान तथा सांकेतीकरण र आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण समेत तयार गरी तोकिएको समय सीमाभित्र पेश गर्नु हुन अनुरोध छ :

१. नेपालको संविधानको मौलिक हक, राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व र अनुसुची ८ र ९ मा उल्लेखित अधिकारहरूसँग तालमेल हुने आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ ।

२. मध्यमकालीन खर्च संरचना तथा सार्वजनिक खर्च विवरणमा उल्लिखित खर्चलाई ध्यान दिई आयोजना तथा कार्यक्रमको प्राथमिकता निर्धारण र छनौट गर्नुपर्नेछ ।

३. आवधिक योजना तथा विषयक्षेत्र रणनीतिक/गुरुयोजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्राथमिकता, विषयगत लक्ष्य तथा उद्देश्य, रणनीति तथा कार्यनीति तथा प्रमुख कार्यक्रम अनुसार आयोजना तथा कार्यक्रम तर्जुमा गर्नुपर्नेछ ।

४. चालु आर्थिक बर्षमा संचालित स्थानीय गौरव, रूपान्तरणकारी, क्रमागत, बहुवर्षीय र अधुरा आयोजना तथा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी बजेट अनुमान गर्नुपर्नेछ ।

५. आयोजना तथा कार्यक्रम छनौट गर्दा साना, टुक्रे र संख्यात्मक रूपमा धेरै आयोजना छनौट भन्दा ठोस, उपलब्धीमूलक र कार्यान्वयन योग्य आयोजना तथा कार्यक्रमहरूको छनौट गर्नु पर्नेछ ।

६. नगरस्तरीय योजना छनौट गर्दा आयोजना बैंक तथा मध्यमकालीन खर्च संरचना समावेश भएका वा कानून अनुसार वातावरण प्रभाव अध्ययन लगायत सम्भाव्यता अध्ययन भई डिजाईन, लागत अनुमान तथा विस्तृत अध्ययन प्रतिवेदन तयार भएका आयोजना तथा कार्यक्रमलाई छनौट गर्नुपर्नेछ ।

७. आम नागरिकको आधारभूत स्वास्थ्य, खानेपानी तथा सरसरफाई, सशक्तीकरण, रोजगारी र उद्यमशिलता विकास हुने तथा सामाजिक आर्थिक पुनर्लाभका कार्यक्रमलाई समावेश गर्नु पर्नेछ ।

८. स्थानीय तहमा राजस्व अभिवृद्धि गर्ने र आयमूलक आयोजना तथा कार्यक्रमलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

९. कृषि, खाद्यान्न, पशुपंक्षी तथा पर्यटन उपजको उत्पादन, व्यवसायीकरण, विविधिकरण र औद्योगीकरणलाई सहयोग पुऱ्याउने कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१०. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा स्थानीय तहको नीति तथा कानूनले निर्धारण गरेका दायित्वलाई अनिवार्य रूपमा समावेश गर्नु पर्नेछ ।

११. विज्ञान, प्रविधि तथा खेलकुद लगायत युवाको सिर्जनशिलता, नवप्रर्वतनशिलता र उद्यमशिलता विकासमा सघाउ पुग्ने आयोजना तथा कार्यक्रमहरू छनौट गर्नु पर्नेछ ।

१३. योग, ज्ञान तथा सीप विकास, अध्ययन, खोज, अनुसन्धान र नवप्रवर्तनसँग सम्बन्धित आयोजना तथा कार्यक्रम तर्जुमा गरी समावेश गर्नु पर्नेछ ।

१२. भूउपयोग योजना र क्षेत्र, वस्ती विकास तथा भौतिक विकास योजना तर्जुमा लगायत यस्ता योजनामा प्रस्तावित आयोजना तथा कार्यक्रममा कार्यान्वयन गर्ने योजना छनौट गर्नु पर्नेछ ।

१३. बालबालिकालाई केन्द्रविन्दुमा राखी उनीहरूको बचाउ, संरक्षण, विकास र सहभागिता सम्बन्धी आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ ।

१४.बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार तथा प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकुल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयहरूलाई ध्यान दिनु पर्नेछ ।

१५. विकास निर्माण आयोजनाको हकमा ठोस तथा उपलब्धिमूलक आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । महिला, विपडिएको वर्ग, विस्थापित, अपाङ्गता भएका व्यक्ति लक्षित कार्यक्रम महत्व र प्राथमिकता साथ छनौट गर्नुपर्नेछ ।

१६. आयोजना तथा कार्यक्रम तर्जुमा गर्दा वातावरणीय प्रभाव अध्ययन र सम्भाव्यता अध्ययन, सर्वेक्षण, ड्रइङ्ग तथा डिजाइन समेत लागत अनुमान तयार भएका प्राविधिक, वातावरणीय, सामाजिक र सांस्कृतिक रूपमा सम्भाव्य देखिएका आयोजना तथा कार्यक्रम छनौट गर्नुपर्नेछ । आयोजना तथा कार्यक्रमको छनौट

गर्दा बजेटको स्रोत समेत खुलाइ प्रस्ताव गर्नु पर्नेछ। यसबाट आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा समयमा संचालन गर्न र बजेट अपुग हुन पाउँदैन।

१७. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा चालु आर्थिक बर्षको खरिद गुरुयोजनालाई समेत ध्यान दिनु पर्नेछ।

१८. आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नु अगावै सो आयोजना तथा कार्यक्रमबाट लाभान्वित तथा प्रभावित वर्ग तथा समुदाय, साझेदार तथा सहयोगी निकाय र संघ/राय परामर्श गरी सहमती भएको अवस्थामा मात्र आयोजना तथा कार्यक्रम प्रस्ताव तथा छनौट गर्नु पर्नेछ।

१९. बजेट तथा कार्यक्रम तर्जुमा गर्दा उपलब्ध बजेट सीमा र मार्गदर्शन अनुसार आयोजना तथा कार्यक्रमगत र विषयगत उपक्षेत्रअनुसार छुट्टाछुट्टै रूपमा तर्जुमा गर्नु पर्नेछ।

२०. उपभोक्ता समिति, नागरिक तथा सामुदायिक संस्था, गैससससँग साझेदारी गर्न र सो मार्फत कार्यान्वयन गर्न सकिने आयोजना तथा कार्यक्रमलाई विशेष प्राथमिकता दिनु पर्नेछ।

२१. स्थानीय सरकार संचालन ऐन, २०७४ को व्यवस्था अनुसार बजेट तथा कार्यक्रम तर्जुमा गर्दा नेपाल सरकार र प्रदेश सरकारको लक्ष्य, उद्देश्य, समयसीमा प्रक्रियासँग अनुकुल हुने गरी दिगो विकासका लक्ष्य लगायत वातावरण, सुशासन, बालमैत्री, जलवायु परिवर्तन अनुकुलन, विपद् जोखिम व्यवस्थापन, लैङ्गिक समानता र सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनु पर्नेछ।

२२. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शनमा उल्लेखित ढाँचा तथा फाराममा आयोजना र कार्यक्रम विवरण तयार गर्नु पर्नेछ।

२३. योजना तथा बजेट तर्जुमा गर्दा नगरपालिकाको स्थिति पत्र (प्रोफाइल) ले लक्षित गरे अनुसारका क्षेत्र तथा सवाललाई सम्बोधन गर्नु पर्नेछ।

आज्ञाले,

शेर बहादुर बुढा

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची ३ :  तीन आर्थिक वर्षको खर्च तथा स्रोतको अनुमान, कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र सांकेतीकरण

| क. सं. | कार्यक्रम/ आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व.२०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| १ | व्यावसायिक कृषि उत्पादन कार्यक्रम | ८००० | ६८०० | १२०० | ० | ८५०० | ७२२५ | १२७५ | ० | ९०६५ | ७७०५ | १३६० | ० | | P1 | SDG2 | GRB2 | CC2 |
| २ | कृषि प्रसार, संचार, प्रबिधि हस्तान्तरण तथा नियमन कार्यक्रम | ४७३४ | ४०२४ | ७१० | ० | ५७२३ | ४८६५ | ८५८ | ० | ६५९८ | ५६०८ | ९९० | ० | | P1 | SDG2 | GRB2 | CC2 |
| ३ | सिंचाई संरचना निर्माण तथा मर्मतसंभार कार्यक्रम | १५९२ | ४७८ | १११४ | ० | १७८८ | ३५८ | १४३० | ० | १९४७ | ३८९ | १५५८ | ० | | P1 | SDG1 | GRB3 | CC2 |
| ४ | व्यावसायिक पशुपंछी उत्पादन कार्यक्रम | ३००० | २४०० | ६०० | ० | ३५०० | २८०० | ७०० | ० | ३५८२ | २८६६ | ७१६ | ० | | P1 | SDG1 | GRB2 | CC2 |
| ५ | पशुपंक्षी उपचार, प्रसार सूचना तथा प्रविधि हस्तान्तरण तथा नियमन कार्यक्रम | १७७५ | १४२० | ३५५ | ० | १८३३ | १४६६ | ३६७ | ० | २२९२ | १८३४ | ४५८ | ० | | P1 | SDG1 | GRB2 | CC3 |
| ६ | लघु, घरेलु तथा साना उद्यम विकास तथा व्यवसया प्रबर्द्धन कार्यक्रम | ३१८३ | १५९२ | १५९२ | ० | ३५५६ | १७७८ | १७७८ | ० | ३९१६ | १९५८ | १९५८ | ० | | P1 | SDG1 | GRB2 | CC2 |
| ७ | पर्यटकीय स्थल तथा सम्पदा संरक्षण तथा प्रवर्द्धन कार्यक्रम | ३१८३ | ९५५ | २२२८ | ० | ३५५६ | १०६७ | २४८९ | ० | ३९१६ | ११७५ | २७४१ | ० | | P2 | SDG8 | GRB3 | CC2 |
| ८ | सहकारी प्रबर्द्धन कार्यकम | ९५५ | ६६९ | २८७ | ० | १०६६ | ७४६ | ३२० | ० | ११७५ | ८२३ | ३५३ | ० | | P1 | SDG8 | GRB2 | CC3 |
| ९ | प्रधानमन्त्री रोजगार कार्यक्रम | २०६९२ | ० | २०६९२ | ० | २३११२ | ० | २३११२ | ० | २५४५३ | ० | २५४५३ | ० | | P1 | SDG1 | GRB3 | CC3 |
| १० | गरिबी निवारण कार्यक्रम | ३१८३ | २८६५ | ३१८ | ० | ३५५६ | ३२०० | ३५६ | ० | ३९१६ | ३५२४ | ३९२ | ० | | P1 | SDG1 | GRB2 | CC3 |
| ११ | उग्रतारा मा.वि. पोखरा नमूना विद्यालय भवन निर्माण आयोजना | ३०००० | २५५०० | ४५०० | ० | १५००० | १२७५० | २२५० | ० | ५००० | ४२५० | ७५० | ० | | P1 | SDG4 | GRB3 | CC3 |
| १२ | विद्यालय भौतिक तथा शैक्षिक पूर्वाधार विकास आयोजना | २०००० | १७००० | ३००० | ० | २२००० | १८७०० | ३३०० | ० | २४००० | २०४०० | ३६०० | ० | | P1 | SDG4 | GRB3 | CC3 |
| १३ | शिक्षा, कला साहित्य सम्बन्धी अन्य कार्यक्रम | ९००७० | ७६५६० | १३५११ | ० | ११९४५१ | १०१५३३ | १७९१८ | ० | १४३२९७ | १२१८०२ | २१४९५ | ० | | P2 | SDG4 | GRB3 | CC3 |
| १४ | स्वास्थ्य संस्था मर्मत सम्भार कार्यक्रम | ३००० | २७०० | ३०० | ० | ३००० | २७०० | ३०० | ० | ३००० | २७०० | ३०० | ० | | P1 | SDG3 | GRB3 | CC3 |
| १५ | आधारभूत स्वास्थ्य कार्यक्रम | ५१६६८ | ४६५०१ | ५१६७ | ० | ५८११४ | ५२३०३ | ५८११ | ० | ६४३१७ | ५७८८५ | ६४३२ | ० | | P1 | SDG3 | GRB3 | CC3 |
| १६ | पोषणमैत्री नगर घोषणा कार्यक्रम | ९००० | ८१०० | ९०० | ० | १०००० | ९००० | १००० | ० | ११००० | ९९०० | ११०० | ० | | p1 | SDG3 | GRB3 | CC3 |
| १७ | खानेपानी तथा सरसफाई कार्यक्रम | १२७३ | २५५ | १०१८ | ० | १४२२ | २८४ | ११३८ | ० | १५६७ | ३१३ | १२५४ | ० | | P1 | SDG6 | GRB2 | CC2 |
| १८ | महिला विकास कार्यक्रम | ८०० | ६८० | १२० | ० | ८५० | ७२३ | १२८ | ० | ८५० | ७२३ | १२८ | ० | | P1 | SDG5 | GRB1 | CC3 |
| १९ | बालबालिका विकास कार्यक्रम | ७०० | ५९५ | १०५ | ० | ७०० | ५९५ | १०५ | ० | ७०० | ५९५ | १०५ | ० | | P1 | SDG5 | GRB1 | CC3 |
| २० | सामाजिक विकास कार्यक्रम कार्यक्रम | १६८३ | १४३१ | २५२ | ० | २००६ | १७०५ | ३०१ | ० | २३६६ | २०११ | ३५५ | ० | | P1 | SDG10 | GRB10 | CC3 |
| २१ | युवा परिचालन तथा खेलकुद प्रवर्द्धन कार्यक्रम | ९५५ | ४७८ | ४७८ | ० | १०६४ | ५३२ | ५३२ | ० | ११७७ | ५८९ | ५८९ | ० | | P2 | SDG8 | GRB3 | CC3 |
| २२ | सामाजिक सुरक्षा कार्यक्रम | १५९२ | १२७४ | ३१८ | ० | १७७८ | १४२२ | ३५६ | ० | १९५७ | १५६६ | ३९१ | ० | | P1 | SDG8 | GRB2 | CC3 |
| २३ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर २ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | २००० | १०० | १९०० | ० | | P2 | SDG11 | GRB3 | CC3 |
| २४ | वडा कार्यालय भवन निर्माण, वडा नबर ६ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | २००० | १०० | १९०० | ० | | P2 | SDG11 | GRB3 | CC3 |

| क्र. सं. | कार्यक्रम/ आयोजना | आ.व.२०७९/८० को विनियोजन | | | | आ.व.२०८०/८१ को प्रक्षेपण | | | | आ.व. २०८१/८२ को प्रक्षेपण | | | | साङ्केतीकरण | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | कुल | चालु | पुँजीगत | वित्तीय व्यवस्था | रणनीतिक स्तम्भ | प्राथमिकीकरण | दिगो विकास लक्ष्य सङ्केत | लैङ्गिक सङ्केत | जलवायु सङ्केत |
| २५ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ११ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | २००० | १०० | १९०० | ० | | P2 | SDG11 | GRB3 | CC3 |
| २६ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ३ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | ४५०० | २२५ | ४२७५ | ० | | P2 | SDG11 | GRB3 | CC3 |
| २७ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ४ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | ४५०० | २२५ | ४२७५ | ० | | P2 | SDG11 | GRB3 | CC3 |
| २८ | वडा कार्यालय भवन निर्माण, वडा नम्बर ७ | ४००० | २०० | ३८०० | ० | ४००० | २०० | ३८०० | ० | ४५०० | २२५ | ४२७५ | ० | | P2 | SDG11 | GRB3 | CC3 |
| २९ | आवास, भवन तथा शहरी विकास अन्य कार्यक्रम ( साना शहरी पूर्वाधार कार्यक्रम) | ३४८९३ | १७४५ | ३३१४८ | ० | ४१७८१ | २०८९ | ३९६९२ | ० | ५२९४३ | २६४७ | ५०२९६ | ० | | P2 | SDG12 | GRB3 | CC3 |
| ३० | चिम्रीकोट घटाल सडक निर्माण आयोजना वडा २ र ३ (गौरव) | ३००० | १५० | २८५० | ० | ३००० | १५० | २८५० | ० | ३००० | १५० | २८५० | ० | | P2 | SDG9 | GRB3 | CC3 |
| ३१ | बाघ बजार किल्ला पक्की सडक निर्माण आयोजना | ६००० | ३०० | ५७०० | ० | ७००० | ३५० | ६६५० | ० | ८००० | ४०० | ७६०० | ० | | P2 | SDG9 | GRB3 | CC3 |
| ३२ | सडक तथा पुल निर्माण, स्तरोन्नति र मर्मत संभार अन्य कार्यक्रम | १५२९७१ | ७६४९ | १४५३२२ | ० | १५४३६७ | ७७१८ | १४६६४९ | ० | १७००३२ | ८५०२ | १६१५३० | ० | | P2 | SDG9 | GRB3 | CC3 |
| ३३ | विद्युत तथा स्वच्छ उर्जा प्रवर्द्धन कार्यक्रम | ३१८३ | ३१८ | २८६५ | ० | ३५५६ | ३५६ | ३२०० | ० | ३९१६ | ३९२ | ३५२४ | ० | | P2 | SDG7 | GRB3 | CC1 |
| ३४ | सूचना तथा सञ्चार प्रविधिमैत्रि शासन प्रवर्द्धन कार्यक्रम | ४७७५ | ९५५ | ३८२० | ० | ५३३२ | १०६६ | ४२६६ | ० | ५८७५ | ११७५ | ४७०० | ० | | P2 | SDG16 | GRB3 | CC1 |
| ३५ | वन, भूसंरक्षण र नदी नियन्त्रण कार्यक्रम | १५९२ | ६३७ | ९५५ | ० | १७७८ | ७११ | १०६७ | ० | १९५७ | ७८३ | ११७४ | ० | | P2 | SDG15 | GRB3 | CC1 |
| ३६ | वातावरण तथा फाहोरमैला व्यवस्थापन | ६३६७ | ४४५७ | १९१० | ० | ७१११ | ४९७८ | २१३३ | ० | ७८३२ | ५४८२ | २३५० | ० | | P2 | SDG11 | GRB3 | CC1 |
| ३७ | विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलन कार्यक्रम | ४७७५ | ३३४३ | १४३३ | ० | ५३३३ | ३७३३ | १६०० | ० | ५८७४ | ४११२ | १७६२ | ० | | P2 | SDG13 | GRB3 | CC1 |
| ३८ | नीति, कानून, न्याय तथा सुशासन | १५९२ | १५६० | ३२ | ० | १७७८ | १७४२ | ३६ | ० | १९५७ | १९१८ | ३९ | ० | | P2 | SDG16 | GRB2 | CC3 |
| ३९ | संगठन, मानव संशाधन र क्षमता विकास | १३०५२० | १२७९१० | २६१० | ० | १४५७८४ | १४२८६८ | २९१६ | ० | १६०५५२ | १५७३४१ | ३२११ | ० | | P2 | SDG16 | GRB3 | CC3 |
| ४० | राजस्व सुधार तथा राजस्व परिचालन कार्यक्रम | १५९२ | १४३३ | १५९ | ० | १७७८ | १६०० | १७८ | ० | १९५७ | १७६१ | १९६ | ० | | P1 | SDG17 | GRB3 | CC3 |
| ४१ | तथ्याङ्क, योजना तथा विकास परिचालन | ३१८४ | ३०२५ | १५९ | ० | ३५५० | ३३७३ | १७८ | ० | ३९२१ | ३७२५ | १९६ | ० | | P1 | SDG17 | GRB3 | CC3 |
| | **कूल जम्मा** | **६३९४८२** | **३५६९५३** | **२८२५२९** | **०** | **६९७७२३** | **३९७६८७** | **३०००३६** | **०** | **७६८४०७** | **४३७९७८** | **३३०४२९** | **०** | | | | | |

## अनुसूची ४ :  कार्यक्रमका तस्वीरहरु








